# प्रशासकीय अदालत

# बुलेटिन

अङ्क ६ २०६६
फैसला बिशेषाङ्क

प्रकाशक
प्रशासकीय अदालत
सिंहदरवार, काठमाडौं

# भूमिका

लोकतन्त्र कानूनी शासनमा आधारित शासन व्यवस्था हो । कानूनी राज्यमा संविधानको सर्वोच्चता, मानवअधिकारको प्रत्याभूति, सुशासनको सुनिश्चितता, न्यायमा आधारित कानून प्रणाली, विवेकमा आधारित निर्णय जस्ता कानूनी सभ्यताका आधारभूत मान्यताहरूलाई अवलम्बन गरिन्छ । विधिको शासन खल्वलियमा समाज अराजक बन्न पुग्दछ । जसको परिणाम सभ्य र सम्मुन्नत राज्यको निर्माण हुनसक्दैन । आधुनिक राज्य भनेको कानूनी राज्य हो । कानून र न्यायका मान्य सिद्धान्त वमोजिम शासन संचालन गर्नु आधुनिक **संवैधानिक लोकतन्त्र**को आधारभूत मान्यता हो । कानूनी शासनले स्वेच्छाचारीता र निरंकुशतालाई स्वीकार गर्दैन । कानूनी शासनको सिद्धान्तले विवेक र तर्कमा आधारित कानून निर्माण गरी राज्य व्यवस्था संचालन गर्न निर्दिष्ट गर्दछ । मुलुकमा संबिधानको सर्वोच्चता कायम गर्न र कानूनी शासनको सिद्धान्तलाई जिवन्त बनाउन राष्ट्रको सार्वभौमसत्तामा क्षयीकरण हुन नदिने गरी संवैधानिक संरक्षणको सुनिश्चितता, राष्ट्रप्रति नागरिकको वफादारिता, कानून मान्ने संस्कृतिको बिकास, दण्डहीनताको अन्त्य, राज्यका नीति नियम, कानून तर्जुमा गर्ने, लागू गर्ने र व्याख्या गर्ने निकायहरूको संरचनागत क्षमतामा अभिबृद्धि र प्रभावकारीता पनि त्यतिकै आवश्यक हुन्छ ।

नेपालमा नयाँ युगको प्रारम्भ गर्न कानूनी शासनमा आधारित आधुनिक राज्य व्यवस्थाको विकासका लागि दिगो शान्ति निर्माण *(Peace Building)*, जनता र कानूनप्रति उत्तरदायी हुने आधुनिक कानूनी राज्य निर्माण *(State Building)* र सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम गर्न राष्ट्र निर्माण (*Nation Building*) का आधारभूत मान्यताहरूलाई अवलम्बन गर्न सक्नुपर्दछ । लोकतन्त्र उत्तरदायीपूर्ण व्यवस्था हो । राज्य व्यवस्थाप्रति सेवाग्राहीको विश्वास बढाउन मुलुकको सार्वजनिक प्रशासनलाई जनमूखी, जवाफदेही र पारदर्शी बनाई कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, आर्थिक तथा न्यायिक अनुशासन जस्ता असल शासनका आधारभूत मान्यताहरूलाई आत्मसात् गरी सार्वजनिक प्रशासनले सेवाग्राहीप्रति प्रदान गर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंङ्गबाट पाउने व्यवस्थाको सुनिश्चितता त्यतिकै आवश्यक छ । मुलुकमा सुशासन पाउने नागरिकको अधिकारलाई सम्मान गर्न राजनीतिमा समावेशी र सार्वजनिक प्रशासनमा *"मेरिटोक्रासी" को* सिद्धान्तलाई अवलम्बन गरी कानूनी शासन र सुशासनको प्रत्याभूतिद्वारा नै लोकतन्त्रको संस्थागत सुदृढिकरण हुनसक्दछ ।

आधुनिक राज्य व्यवस्थामा कुनैपनि व्यक्तिको हकाधिकारमा असर वा प्रभाव पर्ने किसिमको न्यायिक वा अर्ध-न्यायिक निर्णय गर्ने अधिकार पाएको निकाय वा पदाधिकारीले कानून र न्यायका मान्य सिद्धान्तहरूको परिपालनद्धारा निर्णय गर्ने संस्कारको बिकास गर्न सकेमा राज्य व्यवस्था भित्र स्वेच्छाचारिताको नियन्त्रण भई कानूनी राज्यको संस्थागत विकासमा सहयोग पुग्न सक्तछ । राज्यको कार्यकारिणी शक्ति प्रयोग गर्ने प्रशासकीय अधिकारीहरूले न्यायिक वा अर्ध-न्यायिक प्रकृतिको निर्णय गर्दा कुनैपनि किसिमको निर्देशन, दवाब र पूर्वाग्रहबाट स्वतन्त्र भई निष्पक्ष र भय रहित रुपमा कार्यसम्पादन गर्न सकेमा नै प्रशासकीय न्यायको सिद्धान्तले जीवन्तता प्राप्त गरी त्यस्ता निकाय र पदाधिकारीको कामकारबाही प्रति जनताको आस्था र विश्वासमा अभिबृद्धि हुन सक्तछ । सार्वजनिक प्रशासनको क्षेत्रमा न्यायिक संस्कृतिको बिकासद्धारा न्यायिक अनुशासन कायम राख्न प्रशासकीय न्यायका मान्य सिद्धान्तहरूलाई अवलम्बन गरी कार्यसम्पादन गर्ने कार्यमा प्रशासकीय अधिकारीहरू समेतलाई सहयोग पुगोस् भन्ने उद्देश्यले यस अदालतबाट भएका केही फैसलाहरू सङ्ग्रह गरी प्रस्तुत **"प्रशासकीय अदालत बुलेटिन फैसला विशेषाङ्क"** प्रकाशित गरिएको छ । । यो बुलेटिन प्रकाशन गर्न उल्लेखनीय सहयोग पुऱ्याएकोमा फेडरिक इबर्ट स्टिफ्टुङ्गलाई विशेष धन्यवाद दिन चाहन्छु । प्रस्तुत बुलेटिन प्रकाशन गर्न प्रेरणा र सहयोग गर्ने सम्बन्धित सबैमा धन्यवाद प्रकट गर्दछु । धन्यवाद् !

२०६६ भाद्र २२ गते

(......................)
काशीराज दाहाल
अध्यक्ष
प्रशासकीय अदालत

# प्रशासकीय अदालत
# इजलास
## श्री काशीराज दाहाल............अध्यक्ष
## श्री चित्रदेव जोशी ..............सदस्य

**फैसला**

सम्वत् २०६४ सालको पु.वे.नं..................४४

**मुद्दाः- सेवाबाट हटाएको ।**

मोरङ्ग जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. १५ जनपथटोल
घर भई हाल जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोकमा रेन्जर पदमा
कार्यरत मधु न्यौपाने ........................................................................ पुनरावेदक

**विरूद्ध**

नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, जिल्ला वन कार्यालय,
काभ्रेपलाञ्चोक..... ................................................................... विपक्षी प्रत्यर्थी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :-

रेन्जर ( रा.प.अनं. प्र.प्रा.) मधु न्यौपाने तपाईं मिति २०६१/९/१ देखि बिदा स्वीकृत नगराई लगातार कार्यालयमा अनुपस्थित रहनु भएको हुँदा तपाईं उपर विभागीय सजाय नहुनु पर्ने, नगर्ने उचित र पर्याप्त कारण भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा सफाई पेश गर्नुहुन सूचित गरिन्छ भन्ने समेत व्यहोराको रेन्जर मधु न्यौपानेलाई निजामती सेवा ऐन, २०४९ को दफा ६६ (१) अनुसार जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोक धुलिखेलले सफाई माग गरेको मिति २०६३/२/१७ को गोरखापत्रमा प्रकाशित सूचना ।

मिति २०६१/९/१ गते देखि मिति २०६१/१२/३१ सम्म मैले पहिलो पटक र मिति २०६२/१/१ गते देखि २०६२ चैत मसान्तसम्म दोस्रो पटक गरी दुई पटक जम्मा १६ महिना अवधिको असाधारण विदा माग गरी निबेदन पेश गरेकोमा विदा स्वीकृत/अस्वीकृत भएको बारे

मलाई मिति २०६२/१२/२१ गतेको पत्र र मिति २०६३/२/१८ मा प्राप्त हुनुभन्दा अगाडि र मिति २०६३/२/१७ गतेको गोरखापत्रमा सूचना प्रकाशित हुनुभन्दा अगाडि जानकारी हुन सकेको थिएन । विदा स्वीकृत नभएको व्यहोरा ९० दिन अनुपस्थित हुनुभन्दा अगावै जानकारी पाएको भए म कार्यालयमा उपस्थित हुने थिएँ । सामान्य प्रशासन मन्त्रालयबाट भएको च.नं. २४९ मिति २०६२/७/२४ को परिपत्रले पनि मलाई विदा अस्वीकृत भएको जानकारी गराउनु पर्ने दायित्व सम्बन्धित अधिकारीमा रहेको व्यहोरा समेत अनुरोध गर्दछु । मैले माग गरेको विदा अवधि समाप्त भएपछि ९० दिन भन्दा बढी अनुपस्थित भएको भनी म उपर विभागीय सजाय गर्दा ठूलो मर्का पर्न जानेहुँदा म उपर विभागीय कारवाही नभई उचित न्याय दिलाई हाजिर हुन पाऊँ भन्ने समेत व्यहोराको मिति २०६३/२/२८ मा रेन्जर मधु न्यौपानेले जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोक धुलिखेलमा पेश गरेको स्पष्टीकरण ।

रेन्जर ( रा.प. अनं. प्र.प्रा. ) मधु न्यौपाने, तपाईं मिति २०६१/९/१ देखि बिदा स्वीकृत नगराई अनुपस्थित भएकोमा निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम सफाई पेश गर्नुभनिएकोमा उक्त सफाई सन्तोषजनक नभएको हुँदा तपाईंले निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) (छ) को कसुर गरेको देखिँदा सोही ऐनको दफा ५९ (ख) (१) बमोजिमको प्रस्तावित सजाय किन नदिनु ? नदिनुपर्ने कुनै कारण भए यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले १५ दिनभित्र स्पष्टीकरण पेश गर्नुहोला । अन्यथा विभागीय कारवाही भई जाने व्यहोरा जानकारी गराईन्छ भन्ने समेत व्यहोराको जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलले मिति २०६३/४/८ मा गोरखापत्रमा सूचना प्रकाशित गरी रेन्जर मधु न्यौपानेसंग पुनः स्पष्टीकरण माग गरेको सूचना ।

मिति २०६१/९/१ देखि लागू हुनेगरी मिति २०६१ चैत मसान्त सम्मको असाधारण विदा पाउँ भनी मिति २०६१/८/२३ मा वन कार्यालय मार्फत निवेदन दिएको हुँ । उक्त निवेदनमा मैले स्थायी ठेगानामा बस्ने वासस्थान नभएको हुँदा परिवार समेत बस्न रहन समस्या भई तत्काल नयाँ घर निर्माणका लागि विराटनगरमा बस्नुपर्ने मानवीय कारण देखाई विदा माग गरेको थिएँ । विदाको सम्बन्धमा आवश्यक जानकारी पाउन पटक-पटक सम्बन्धित निकायमा सम्पर्क राख्दै आएकोमा विदाको सम्वन्धमा पछिसम्म पनि प्रक्रियामा रहेको हुँदा स्वीकृती हुनेछ भन्ने पूर्ण आशामा थिएँ । एउटा असाधारण विदा माग गरेको निवेदन माथि कारवाही हुन झण्डै १६ महिना लागेको परिप्रेक्ष्यमा सम्पूर्ण दोषारोपण म माथि मात्र लगाउन नमिल्ने व्यहोरा सादर अनुरोध गर्दछु । कहिलेकाही कर्तव्यनिष्ठ भई इमान्दारी तथा सावधानीपूर्वक काम गर्दागर्दै आफ्नो कर्तव्यप्रति कमी कमजोरी हुन गएमा कर्मचारीलाई सजायको भागी नबनाईने गरी सुरक्षाको प्रत्याभुति निजामती सेवा ऐन, २०४९ दफा ५५ (क) र ५६ ले प्रदान गर्दछ । अतः जीवनको उत्तरार्धमा सेवाबाट हटाउने गरी गरिएको सजाय प्रस्ताव १८ बर्षको मेरो तपस्या भस्मिभूत हुन्छ । यस स्थितीमा कर्मचारी केवल यान्त्रिक सेवा मात्र प्रदान गर्ने यन्त्र मानव हुने भएकोले प्रस्तावित सजाय नगर्न सविनय अनुरोध गर्दै यो सफाई पेश गरेको छु भन्ने समेत व्यहोराको मिति २०६३/४/२१ मा रेन्जर मधु न्यौपानेले वन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलमा पुनः पेश गरेको स्पष्टीकरण ।

जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत रेन्जर मधु न्यौपानेलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) अनुसार भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट

हटाउने सजाय गर्न वन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलले वन तथा भू-संरक्षण मन्त्रालय मार्फत लोकसेवा आयोगसँग मिति २०६४/१/३० मा परामर्शको माग गरेको पत्र ।

जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत रेन्जर मधु न्यौपानेलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) अनुसार भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न परामर्श पठाउने भनी मिति २०६४/४/७ मा आयोगबाट निर्णय भएको हुँदा निर्णयानुसार सक्कल फाईल यसैसाथ फिर्ता पठाइएको छ । निजलाई कारवाही भई सकेपछि सो को जानकारी यस आयोगलाई समेत दिनुहुन भनी लोकसेवा आयोगले मिति २०६४/४/१७ मा परामर्श सहित फाइल फिर्ता पठाएको भनि वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखेको पत्र ।

मिति २०६१/९/१ देखि तपाईँ असाधारण विदा माग गरी बस्नु भएकोमा वन विभागको प.स. १/२/०६२/०६३ नं.१००७ मिति २०६२/१२/२१ को पत्रबाट माग गरेको विदा अस्वीकृत भई कारवाही हुँदा तपाईँलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) को कसुरमा सोही ऐनको दफा ५९ खण्ड (ख) को देहाय (१) अनुसार भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी हटाउने भनी लोकसेवा आयोगबाट निर्णय भई आएको हुँदा मिति २०६४/५/१२ को निर्णय अनुसार मिति २०६१/९/१ देखिनै लागू हुनेगरी भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाएको भन्ने समेत व्यहोराको जिल्ला वन अधिकृत विश्ववावु तिवारीले मिति २०६४/५/१६ मा नोकरीबाट हटाइएको भन्ने विषयको रेन्जर मधु न्यौपानेलाइ पठाएको पत्र ।

मिति २०६१/९/१ देखि तपाईँ कार्यालयमा अनुपस्थित हुनु भएकोमा निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न परामर्श प्राप्त हुन आएको हुँदा तपाईँलाई यस कार्यालयको मिति २०६४/५/१२ को निर्णय अनुसार निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) देहाय (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) अनुसार भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी अनुपस्थित मिति २०६१/९/१ देखि सेवाबाट हटाएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ भन्ने समेत व्यहोराको मिति २०६४/५/२८ गते रेन्जर मधु न्यौपानेलाई सेवाबाट हटाएको भन्ने वारे गोरखापत्रमा प्रकाशित सूचना ।

जिल्ला वन कार्यालयबाट प्रकाशित सूचनामा मिति २०६१/९/१ देखि लागू हुने गरी सेवाबाट हटाइएको भन्ने व्यहोरा उल्लेख गरिएको छ । मिति २०६४/५/१२ मा निर्णय गरेर मिति २०६१/९/१ देखि लागू हुने गरी भूतलक्षी असर पर्ने गरी निर्णय गरिएको हुँदा म पुनरावेदकलाई सेवाबाट हटाउने गरिएको निर्णय सर्वथा कानून प्रतिकूल रहेको छ । वस्तुतः निजामती सेवा ऐन, २०४९ मा कहिपनि भूतलक्षी असर पर्ने गरी विभागीय सजाय गर्ने कानूनी व्यवस्था नभएकोले भूतलक्षी असर पर्ने गरी गरिएको निर्णय सारतः वदरभागी रहेको छ । मलाई सेवाबाट हटाउने अख्तियारवाला वन विभागका महानिर्देशक विभागीय प्रमुख रहनु भएको कुरा निर्विवाद छ । मलाई सेवाबाट हटाउने निर्णय विभागीय प्रमुखबाट नभई जिल्ला वन कार्यालयका प्रमुखबाट भएकाले निजामती सेवा ऐन, २०४९ को दफा ६२ को प्रतिकूल छ । जवकि निर्णयकर्ता स्वयंले आफ्नो

न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्ने सर्वमान्य न्यायिक सिद्वान्त भएकोले टिप्पणी सदर गरी सेवाबाट हटाउने गरेको निर्णय सारतः त्रुटिपूर्ण रहेको हुँदा प्रत्यर्थी जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०६४/५/१२ मा भएको निर्णय कानून एवं न्याय सम्मत नभएकोले बदर गरी सेवामा पुनर्वहाली गरी न्याय पाऊँ भन्ने समेत व्यहोराको मधु न्यौपाने मिति २०६४/७/२९ मा यस अदालतमा दायर भएको पुनरावेदन पत्र ।

निजामती सेवा ऐन नियम बमोजिम पुनरावेदकलाई विभागीय कारवाही र सजाय गर्ने अधिकार महानिर्देशकलाई भएकोमा सम्बन्धित जिल्ला वन कार्यालयले सेवाबाट हटाउन गरेको निर्णय अधिकार क्षेत्रको त्रुटि भएको भन्ने समेत पुनरावेदकको पुनरावेदन जिकिर हुँदा सो विभागीय सजायको निर्णय विचारणीय भएकोले अ.वं. २०२ नं. बमोजिम विपक्षीलाई महान्यायधिवक्ताको कार्यालय मार्फत झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६४/१०/१४/२ मा भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री हरिहर दाहालले पुनरावेदकलाई वन विभागका महानिर्देशकको निर्णय बमोजिम नियुक्ति दिएको हुँदा निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय कारवाही र सजाय गर्ने अधिकारी वन विभागका महानिर्देशक नै भएकाले जिल्ला वन अधिकृतले कारवाही गरी सजाय गरेको निर्णयमा अधिकारक्षेत्रको त्रुटि भएको र भूतलक्षी असर पर्ने गरी गरिएको सजाय कानून र न्यायको मान्य सिद्वान्त, नजिर र निजामती सेवा ऐन नियम विरूद्व भएकाले वदर हुनुपर्दछ भनी गर्नुभएको वहस तथा पुनरावेदक कै तर्फबाट रहनु भएका अधिवक्ता राजु कटुवालले निजामती सेवा ऐनको दोश्रो संशोधन, २०६४ को दफा ६२ बमोजिम राजपत्रअनंङ्कित निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयको राजपत्राङ्कित कार्यालय प्रमुखले विभागीय सजाय गर्ने अधिकार दिएको भएपनि सो ऐनको संशोधन पूर्व जुन अधिकारीबाट कारवाही प्रारम्भ गरिएको हो त्यही अधिकारीबाट निर्णय हुनुपर्ने संशोधन भएको कानून अन्तर्गत सजाय गरेको कार्य पनि कानूनसंगत नहुने हुँदा वदर हुनुपर्छ भनी गर्नु भएको वहस तथा प्रत्यर्थीका तर्फबाट रहुन भएका विद्वान सरकारी वकिल जिवनीधि पौड्यालले यी पुनरावेदक निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम विदा स्वीकृत नगराई कार्यालयमा लामो समयसम्म अनुपस्थित रहेकोले कानून बमोजिमको प्रकृया अपनाई सेवाबाट हटाउने निर्णय भएको हुँदा विभागीय सजायको निर्णय सदर हुनुपर्दछ भनी गर्नुभएको वहस समेत सुनी सम्वन्धित मिसिल कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा यस अदालतले देहायका प्रश्नहरू उपर निर्णय दिनुपर्ने देखिन आयो :-

(१) अधिकारक्षेत्र नभएको व्यक्तिले गरेको निर्णयको परिणाम कानून र न्यायको मान्य सिद्वान्त प्रतिकूल भई वदर हुन्छ हुँदैन ?

(२) कानूनले अधिकारक्षेत्र तोकिएको निकाय वा अधिकारीबाट अधिकारक्षेत्र ग्रहण गरी काम कारवाही भईरहेको अवस्थामा सो अधिकारक्षेत्र कानूनद्वारा संशोधन भएको अवस्थामा त्यस्तो काम कारवाही कानून संशोधनपूर्व क्षेत्राधिकार कायम रहेको निकाय वा अधिकारीले नै क्षेत्राधिकार ग्रहण गरी कारवाही किनारा गर्ने हो ? वा संशोधन गरिएको निकाय वा अधिकारीले त्यस्तो क्षेत्राधिकार ग्रहण गरी तत्सम्वन्धी कारवाही र किनारा गर्ने हो ?

(३) भूतलक्षी असर (*Retrospective Effect*) पर्ने गरी विभागीय सजायको निर्णय मिति भन्दा पहिले देखि नै लागू हुने गरी सेवाबाट हटाउने गरी भएको निर्णय कानूनसम्मत हुन्छ हुँदैन ?

(४) पुनरावेदकलाई मिति २०६४।५।१२ मा विभागीय कारवाही गरी सेवाबाट हटाउने गरी गरिएको निर्णय कानून प्रतिकूल भई वदर गर्नु पर्ने हो होइन ?

१. पुनरावेदकले आफनो पुनरावेदन जिकिरमा तथा पुनरावेदकका तर्फबाट रहनुभएका कानून व्यवसयीहरूले अधिकारक्षेत्रको अभावमा गरिएको विभागीय सजायको निर्णय वदर हुनुपर्दछ भनी इजलास समक्ष बहस जिकिर प्रस्तुत गर्नुभएको सन्दर्भमा अधिकारक्षेत्र नभएको व्यक्तिले गरेको निर्णयको परिणाम कानून र न्यायको मान्य सिद्वान्त प्रतिकूल भई वदर हुन्छ हुँदैन ? भन्ने प्रारम्भिक प्रश्नतर्फ विचार गर्दा विधायिकाले कानूनद्वारा स्पष्ट रूपमा अधिकार नदिएसम्म कुनै पनि निकाय वा सार्वजनिक अधिकारीले कसैको हक अधिकारमा अतिक्रमण गर्ने किसिमले निर्णय गर्न सक्दैन भन्ने विधिको शासनको आधारभूत मान्यता रहेको देखिन्छ । प्रशासकीय कानूनको आधारभूत सिद्वान्त बमोजिम अधिकार नभएको निकाय वा अधिकारीले कुनै काम गर्न सक्दैन (*Nobody can act beyond its powers*) । कुनै पनि निकाय वा व्यक्तिले अधिकार नभएको विषयमा क्षेत्राधिकार ग्रहण गरी निर्णय गर्दछ भने त्यस्तो निर्णय मान्य हुँदैन । कानूनी राज्यमा निर्णयकर्ताले विधायिकी निर्देश (*Legislative Mandate*) बमोजिम आफूले निर्णय गर्न लागेको विषयमा निर्णय गर्ने अधिकार आफूलाई छ भन्ने कुरा स्थापित गर्नुपर्दछ अन्यथा त्यस्तो निर्णयले वैधानिकता प्राप्त गर्दैन (*P.P. Craig,* ***Administrative law****, London: Sweet & Maxwel,199å, p.22*) । सार्वजनिक अधिकारप्राप्त गरेको अधिकारीले कुनै पनि विषयमा निर्णय गर्नूपूर्व त्यस विषयमा निर्णय गर्ने अधिकारक्षेत्र आफूलाई भए नभएको सम्बन्धमा प्रारम्भिक रूपमा हेरी निर्णय गर्नुपर्ने त्यस सम्बन्धी पूर्वशर्त वा पूर्वाधार (*Condition Precedent* ) हो । निर्णयकर्ताले निर्णय गर्नुपर्ने विषयमा (*The merits of the case* ) प्रवेश गर्नु भन्दा अगाडि आफूलाई त्यस विषयमा कारवाही र किनारा गर्ने अधिकार छ छैन ? भनी सो सम्बन्धी प्रारम्भिक प्रश्नमा (*Preliminary Questions*) ध्यान दिनु पर्दछ ।

**अधिकारक्षेत्रको त्रुटि** (*Error of Jurisdiction*) विभिन्न किसिमले हुन सक्छ । अधिकार नै नभएको निकाय वा व्यक्तिले अधिकार प्रयोग गर्नु वा अधिकार भएको व्यक्ति वा निकायले कानूनले तोकेको भन्दा बढी अधिकार प्रयोग गर्नु वा अधिकारको सीमा भन्दा बाहिर गई कार्य गर्नु **अधिकारक्षेत्रको त्रुटि** (*Jurisdictional Error* ) हो । अधिकारक्षेत्रको त्रुटि विभिन्न किसिमबाट हुनसक्दछ । जस्तोः त्यस्तो निकाय वा व्यक्तिलाई कानून बमोजिम सो विषयबस्तु हेर्ने अधिकार नै नभएको वा विषयबस्तु हेर्ने अधिकार भएपनि त्यस्तो निकायको गठन प्रकृया नै कानूनसम्मत नभएको वा निर्णय गर्ने अधिकारीको संख्या नै नपुगेको वा कानूनले क्षेत्राधिकार नतोकेकोमा पक्षको सहमतीले क्षेत्राधिकार ग्रहण गरी कार्य गरेको जस्ता विभिन्न स्वरूपहरू हुनसक्छन् । अधिकारक्षेत्र नै नभएको विषयमा अधिकारक्षेत्र भएको सम्भी विवादको कारवाही र किनारा गर्नु **"अधिकारक्षेत्रको त्रुटि** (*Jurisdictional Error*) हो भने अधिकारक्षेत्र भएकाले कानून प्रतिकूल कार्य गर्नु **कानूनी त्रुटि** (*Error of Law ) हो (* ***Pearlman*** *v.* ***Harrow School****, 1979, 3 Q.B. 56*) । कानूनी अधिकार बाहिर गई निर्णय गरिएको छ भने त्यस्तो निर्णय वदर हुन्छ (***Associated Provincial Houses Ltd****. v.* ***Wednesbury Corporation****, 1948, 1 KB,223*) । निर्णयकर्ताले निर्णय गर्नुपूर्व आफूलाई त्यस विषयको निर्णय गर्ने अधिकार छ छैन ? भनी प्रारम्भिक तहमा विचार गर्नुपर्ने कर्तव्य हो । त्यसरी अधिकारक्षेत्रको त्रुटि गरी गरिएको निर्णयमा अदालतले हस्तक्षेप गरी वदर गर्न सक्ने सिद्वान्त रहेको देहायको मुद्दामा गरिएको देहायको निर्णयले समेत स्पष्ट गर्दछ :-

*" Now it is a general rule, that no court of limited jurisdiction can give itself jurisdiction by wrong decision on a point collateral to the merits of the case upon which the limit to its jurisdiction depends; and however its decision may be final on all particulars, making up together that subject-matter which, if true, is within its jurisdiction, and, however necessary in many cases it may be for it to make a preliminary inquiry, whether some collateral matter be or be not within the limits, yet, upon this preliminary question, its decision must always be open to inquiry in the superior court. "*

- ***Bunbury** v. **Fulle**r, 1853, 9 Ex. 111,*

यदि निर्णयकर्तालाई त्यस्तो विवादको कारवाही र किनारा गर्ने अधिकार नभएमा वा अधिकारक्षेत्र वाहिर गई कारवाही गरेमा त्यस्तो निर्णय अविवेकी, अमान्य र गैरकानूनी हुने देहायको मुद्दामा गरिएको निर्णयले स्पष्ट गर्दछ :-

*"If the decision maker exercises his powers outside the jurisdiction conferred, in a manner which is procedurally irregular or is unreasonable, he is acting ultravires his powers and therefore unlawfully" . - **R** v. **Hull University Visitor**, 1993, AC 682.*

कुनै पनि व्यक्ति वा निकायलाई क्षेत्राधिकार नभएको विषयमा क्षेत्राधिकार ग्रहण गरी निर्णय गरेमा वा क्षेत्राधिकार भित्रको भएपनि कानूनी त्रुटिगत निर्णय गरेमा त्यस्तो निर्णय मान्य नभई वदर हुने न्यायिक सिद्वान्तलाई वेलायतमा **व्रिटेन** र **वोल्टनको** मुद्दा ( ***Brittain** v. **Kinnaird**,1819, 1B.&B. å32;* ***R.** v. **Bolton**, 18å1, 1 Q.B., 66*) देखिनै अवलम्बन गरिआएको पाईन्छ । निर्णयकर्ता कानूनद्वारा तोकिएको सक्षम अधिकारी (*Competent Authority*) नभएमा वा सक्षम अधिकारी भएपनि कानूनी सीमा बाहिर गई कार्य गरेमा त्यस्तो निर्णय अधिकारक्षेत्रको त्रुटि भई वदर हुने सिद्धान्त रहेको छ (***Anisminic Ltd.** v. **Foreign Compensation Commission**, 1969, 2 A.C. 147; **O' Reilly** v. **Mackman,**1983, 2 A.C. 237; **Council of Civil Service Unions** v. **Minister for The Civil Service,**1985, A.C. 374; **Page** v. **Hull University Visitor**, 1993, 1 All ER, 97*) । यस सिद्वान्तलाई अमेरिका र भारत लगायतका विभिन्न मुलुकहरूको न्याय प्रणालीले समेत आत्मसात् गरेको देखिन्छ ( ***Ujjam Bai** v. **Uttar Pradesh**, AIR 1962, S.C. 1621; **Chetkar** v. **Viswanath**, AIR 1970, S.C. 1832*) । लोकतान्त्रिक राज्य व्यवस्थामा विधिको शासनको मान्यता अनुसार अधिकार नभएको व्यक्तिले अधिकारक्षेत्र ग्रहण गरी वा अधिकारक्षेत्र भएपनि अधिकारक्षेत्रको सीमा नाघी कार्य गरेमा त्यस्तो निर्णय वदर हुने मान्यतालाई सर्वोच्च अदालतबाट समेत विभिन्न मुद्दाहरूमा सिद्वान्त स्थापित भईसकेको देखिन्छ (**ने.का.प. २०५१, अङ्क १०, पृ. ८१४**) । अधिकारक्षेत्र नभएको व्यक्तिले जतिसुकै रित पुऱ्याई सही निर्णय गरेको भएपनि मान्य नहुने हुँदा अधिकारक्षेत्रको प्रश्न निर्णयकर्ताले प्रारम्भमा मुद्दाको विषयबस्तु प्रवेश गर्नुभन्दा पहिले निर्क्यौल गर्नुपर्ने निर्णयकर्ताको प्राथमिक कर्तव्य हो । अधिकारक्षेत्रको प्रतिकूल हुने गरी गरिएको निर्णय मान्य नभई वदर हुने कानून र न्यायको सर्वमान्य सिद्वान्त हो । यस अदालतद्वारा **रामकृष्ण मण्डल** विरूद्ध **स्थानीय विकास अधिकारी झापा** समेतको मुद्दामा (सम्वत् २०६४सालको पु.वे.नं.५५) अधिकारक्षेत्रको अभावमा सेवाबाट हटाउने गरी गरिएको निर्णय वदर हुने व्याख्या गरी फैसला भईसकेको छ ।

२. कानूनले अधिकारक्षेत्र तोकेको निकाय वा अधिकारीबाट अधिकारक्षेत्र ग्रहण गरी काम कारवाही भईरहेको अवस्थामा सो अधिकारक्षेत्र कानूनद्वारा संशोधन भएको अवस्थामा त्यस्तो काम कारवाही कानून संशोधनपूर्व क्षेत्राधिकार कायम रहेको निकाय वा अधिकारीले नै क्षेत्राधिकार ग्रहण गरी कारवाही किनारा गर्ने हो ? वा संशोधन गरिएको निकाय वा अधिकारीले त्यस्तो क्षेत्राधिकार ग्रहण गरी सो सम्वन्धी कारवाही र किनारा गर्ने हो ? भन्ने प्रश्न उपर विचार गर्दा कानून बमोजिम क्षेत्राधिकार ग्रहण गरी

सकेपछि संशोधित कानूनले नै विशेष क्षेत्राधिकार तोकेको अवस्थामा वाहेक त्यस्तो विषयमा कारवाही र किनारा गर्ने गरी पहिले क्षेत्राधिकार ग्रहण गरेको निकाय वा अधिकारीले अर्को निकाय वा अधिकारीलाई त्यस्तो विषय वा मुद्दाको कारवाही किनारा गर्न तोकी पठाउन मिल्दैन । कुनै विवाद निरूपण गर्ने क्षेत्राधिकार कानून बमोजिम ग्रहण गरिसकेको अवस्थामा संशोधित कानूनले त्यस्तो विषय वा मुद्दा सर्ने व्यवस्था स्पष्ट रूपमा नगरेसम्म त्यही निकाय वा अधिकारीले त्यस्तो विषय वा मुद्दाको कारवाही र किनारा गर्नु पर्दछ (**पशुपति कुर्मी** विरूद्ध **रामलाल कुर्मी,** ने.का.प. २०४१, अङ्क ८, पृ. ६८२); (**विद्या थापा क्षेत्री** विरूद्ध **शंकर थापा**, ने.का.प.२०४८, अङ्क ७, पृ.३६९ ) । कानूनमा संशोधन भएपनि सो संशोधित कानूनमा स्पष्ट रूपमा मुद्दा सरेको व्यवस्था नगरेसम्म पहिले क्षेत्राधिकार ग्रहण गरेको निकाय वा अधिकारीको अधिकार समाप्त भएको सम्झन मिल्दैन (**मुसइहाजी मुसलमान** विरूद्ध **राम खेलवन केवट** ने.का.प. २०३१, नि .नं ८६६,पृ.३३३) । ऐनले जुन अधिकारीलाई अधिकार दिएको हुन्छ उसले मात्र त्यो अधिकार प्रयोग गर्न पाउने हुँदा अरूले प्रयोग गरेमा अधिकार क्षेत्रात्मक त्रुटि भई निर्णय वदर हुन्छ (**सरमाने साउद** विरूद्ध **जिल्ला प्रशासन कार्यालय अछाम समेत,** ने.का.प. २०५१, अङ्क १०, पृ.८१४) । यसरी सर्वोच्च अदालतबाट समेत विभिन्न मुद्दामा गरिएको व्याख्याले कानूनद्वारा प्रदत्त क्षेत्राधिकार ग्रहण गरी कारवाहीको अवस्थामा कानून संशोधन भई क्षेत्राधिकार परिवर्तन भएको अवस्थामा पनि संशोधित कानूनले त्यस्तो विषय वा मुद्दा सर्ने व्यवस्था स्पष्ट नगरेको अवस्थामा सोही निकाय वा अधिकारीले त्यस्तो विषय वा मुद्दाको कारवाही र किनारा गर्नुपर्ने हुन्छ ।

उपर्युक्त सिद्धान्तको पृष्ठभूमिमा निजामती सेवा ऐन, २०४९ को दफा ६२ को दोश्रो संशोधनपूर्व रहेको दफा ६२ को उपदफा (१) ले निजामती कर्मचारीलाई सजायको आदेश दिने अधिकार **अख्तियारवाला**लाई हुनेछ भन्ने व्यवस्था गरेको र सो ऐनको दफा २ को खण्ड (ग) ले "अख्तियारवाला" भन्नाले दफा ९ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ भनी **अख्तियारवाला**को परिभाषा गरेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ९ को उपदफा (२) ले निजामती सेवाको राजपत्र अनंङ्कित पदमा विभागीय प्रमुखले नियुक्ति गर्न सक्ने र उपदफा (३) मा कार्यालय प्रमुखले आफनो र आफनो मातहातका कार्यालयका राजपत्र अनंङ्कित र श्रेणीविहीन पदमा नियुक्ति गर्न सक्ने व्यवस्था गरी राजपत्र अनंङ्कित कर्मचारीको नियुक्ति गर्ने **अख्तियारवाला** तोकेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दोश्रो संशोधन २०६४ ले साबिकको दफा ६२ को सट्टा देहायको दफा ६२ को व्यवस्था गरेको देखिन्छ :-

" ६२. **विभागीय सजाय दिने अधिकारीः** (१) निजामती कर्मचारीलाई दफा ५९ को खण्ड (ख) बमोजिम सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-

(क) राजपत्रांङ्कित प्रथम श्रेणी र सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई नेपाल सरकार,

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई निज कार्यरत निकायको विशिष्ट श्रेणीको अधिकारी,

(ग) राजपत्र अनङ्कित निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयको विभागीय प्रमुख वा राजपत्राङ्कित कार्यालय प्रमुख ।

(२) दफा ५९ को खण्ड (क) बमोजिम सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ ।"

निजामती सेवा ऐन,२०४९ को दोश्रो संशोधन, २०६४ ले दफा ६२ मा गरेको उपयुक्त संशोधित व्यवस्था बमोजिम राजपत्राङ्कित प्रथम श्रेणी र सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई विभागीय सजायको आदेश दिने अधिकारीको रूपमा नेपाल सरकारलाई तोकेको, राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई विभागीय सजायको आदेश दिने अधिकारीको रूपमा निज कार्यरत निकायको विशिष्ट श्रेणीको अधिकारीलाई तोकेको र राजपत्र अनङ्कित निजामती कर्मचारीलाई विभागीय सजाय दिने अधिकारीको रूपमा निज कार्यरत कार्यालयको विभागीय प्रमुख वा राजपत्राङ्कित कार्यालय प्रमुखलाई तोकेको देखिन्छ । कानूनले जसलाई अधिकार तोकेको छ, त्यही अधिकारीले मात्र निर्णय गर्नुपदर्छ । कुनै पनि निजामती कर्मचारीलाई विभागीय सजाय गर्ने अधिकार निजामती सेवा ऐन, २०४९ को दफा ९ र दफा ६२ बमोजिम तोकिएको अधिकारीले मात्र गर्न सक्दछ । कानूनले अधिकार नदिएको निकाय वा व्यक्तिले गरेको निर्णय अनधिकृत भई अमान्य हुन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ६२ र निजामती सेवा नियमावली, २०५० को नियम १०६ बमोजिम तोकिएको अधिकारी वाहेक अन्य व्यक्तिले विभागीय कारवाही गरी सजाय गरेको निर्णय मान्य नभई वदर हुने फैसला यस अदालतबाट **रामकृष्ण मण्डलको मुद्दामा** ( २०६४ सालको पु.नं ५५) गरिसकिएको छ । निजामती सेवा ऐन, २०४९ को दोश्रो संशोधन २०६४ पूर्व कारवाहीको अवस्थामा रहेको विभागीय सजायका विवादहरूको कारवाही र किनारा गर्ने सम्बन्धमा संशोधित कानूनले  क्षेत्राधिकार सर्ने स्पष्ट व्यवस्था गरेको नदेखिदा निजामती सेवा ऐन, २०४९ को दोश्रो संशोधनपूर्व कायम रहेको दफा ६२ बमोजिम तोकिएको अधिकारीले नै त्यस्ता विभागीय सजायका विषयहरूको कारवाही र किनारा गर्नुपर्ने हुन्छ ।

३. भूतलक्षी असर (*Retrospective Effect*) पर्ने गरी विभागीय सजायको निर्णय मिति भन्दा पहिले देखि नै लागू हुने गरी सेवाबाट हटाउने गरी भएको निर्णय कानूनसम्मत हुन्छ हुँदैन ? भन्ने प्रश्नतर्फ विचार गर्दा कुनै पनि व्यक्तिको हकहितमा प्रतिकूल असर पर्ने निर्णय गर्दा भूतलक्षी वा पश्यात्दर्शी असर (*Retrospective Effect*) पर्ने गरी  निर्णय गर्न नहुने भन्ने कानून र न्यायको सर्वमान्य सिद्वान्त हो । यस सम्बन्धमा सर्वोच्च अदालतबाट **नन्दगोपाल राजभण्डारी** विरूद्व **कृषि मन्त्रालय** ( ने.का.प. २०३१, नि.नं ८६८, पृ. ३६५) समेतको मुद्दामा सिद्वान्त प्रतिपादित भइसकेको देखिन्छ । निजामती सेवा नियमावली, २०५० को नियम ११२ को उप-नियम (३) ले निजामती सेवाका कर्मचारीलाई विभागीय सजायको आदेश दिन पाउने अधिकारीले विभागीय सजायको निर्णय गर्दा निर्णय मिति भन्दा पहिलेदेखि नै लागू हुने गरी निर्णय गर्नु हुँदैन भन्ने स्पष्ट व्यवस्था गरी भूतलक्षी असर पर्ने गरी निर्णय गर्न नपाइने व्यवस्था गरेको देखिन्छ । निजामती सेवा नियमावली, २०५० को सातौं संशोधन, २०६४ ले नियम ११२ को उप-नियम (३) मा संशोधन थप गरी निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार नव्वे दिनसम्म आफनो कार्यालयमा अनुपस्थित भएको कसूरमा सजाय गर्दा नव्वे दिन पूरा भएको भोलिपल्टदेखि र सो ऐनको दफा ६१ को उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम क्रमशः नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा वा भष्ट्राचार गरेको ठहरेमा विभागीय सजाय गर्दा अदालतबाट कसूर ठहर भएको मिति देखि लागू हुने गरी निर्णय गर्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ । यसरी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्त एवं कानून र न्यायको मान्य सिद्वान्त अनुसार कुनैपनि व्यक्तिको हक अधिकारमा प्रतिकूल असरपर्ने निर्णय गर्दा त्यस्तो निर्णयकर्ताले भूतलक्षी असर (*Retrospective Effect*) पर्ने गरी  निर्णय गर्न नहुने भन्ने देखिँदा भूतलक्षी असर गर्ने निर्णय मान्य नहुने देखिन्छ ।

४. यी पुनरावेदकलाई मिति २०६४।५।१२ मा विभागीय कारवाही गरी सेवाबाट हटाउने गरी गरिएको निर्णय कानून प्रतिकूल भई वदर गर्नु पर्ने हो होइन ? भन्ने प्रश्नतर्फ विचार गर्दा जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकको रेन्जर पदमा कार्यरत यी पुनरावेदक मिति २०६१।९।१३ देखि विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेकोले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम निज अनुपस्थित भएको मिति २०६१।९।१ देखि नै सेवाबाट हटाउने निर्णयका लागी अधिनस्थ कर्मचारीले पेश भएको टिप्पणीलाई सदर गरी जिल्ला वन कार्यलय काभ्रेपलाञ्चोकले मिति २०६४।५।२२ मा निर्णय गरेको देखियो । निजामती सेवा ऐन, २०४९ को दफा ६२ बमोजिम विभागीय सजाय गर्न तोकिएको अधिकारी बाहेकका अन्य व्यक्तिले गरेको विभागीय सजायको निर्णय अधिकारक्षेत्रको अभावमा अनधिकृत भई अमान्य हुन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ६२ बमोजिम विभागीय सजाय गर्ने अधिकारप्राप्त अधिकारीले विभागीय सजाय गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ६६, ६७ र ६८ बमोजिमको कार्यविधि अपनाई विभागीय सजायको निर्णय गर्न सक्ने व्यवस्था भएको र त्यसरी सजाय गर्न पाउने अधिकारीले निजामती सेवा नियमावली, २०५० को नियम ११२ बमोजिम विभागीय सजायको निर्णय गर्दा सम्बन्धित कर्मचारीलाई सफाई वा स्पष्टीकरण पेश गर्न पर्याप्त मौका प्रदान भए नभएको समेत विचार गरी निज कर्मचारीबाट पेश भएको सफाई, स्पष्टीकरण तथा उपलव्ध सम्पूर्ण सबुद प्रमाणको समुचित मूल्यांकन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नुपर्नेछ । यसरी सजायको आदेश दिन पाउने अधिकारीले सजायको आदेशको सम्बन्धमा आफनो स्पष्ट रायसाथ अनूसूचि-१७ बमोजिम निर्णय गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । निजामती सेवा ऐन नियमको यस व्यवस्था बमोजिम निर्णयकर्ताले सबुद प्रमाणको मूल्यांकन गरी न्यायिक मनको प्रयोग गरी आफनो रायसाथ अनूसुचि-१७ बमोजिमको ढाँचाँमा निर्णय गर्नुपर्ने व्यवस्था गरेकोमा प्रस्तुत मुद्दामा यी पुनरावेदकलाई गरेको विभागीय सजायको निर्णयमा निजामती सेवा नियमावली, २०५० को नियम ११२ एवं सर्वोच्च अदालतबाट **गोपाल सिंह राना समेतको मुद्दा** (ने.का.प.२०४५,अकं ११, पृ.१२११), **प्रकाश यादवको मुद्दा** (ने.का.प. २०६३ अङ्क ६ पृ.७६२) र **दशरथ चन्द्र कार्कीको मुद्दा**मा (ने.का.प. २०४७, पृ.६६६) समेत प्रतिपादित सिद्धान्तको प्रतिकूल हुने गरी न्यायिक मनको अभावमा अधिनस्थ कर्मचारीले पेश गरेको टिप्पणीलाई सदर गरी गरेको निर्णय कानून तथा न्यायको मान्य सिद्धान्त विपरित देखिँदा यी पुनरावेदकलाई जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकले सेवाबाट हटाउने गरी मिति २०६४।५।१२ मा गरेको विभागीय सजायको निर्णय वदर हुने ठहर्छ । कसैको हक अधिकारमा असर गर्ने प्रकृतिको निर्णय गर्दा यस अदालतबाट **भूप बहादुर बोगटीको मुद्दामा** (सम्वत् २०६४ सालको पु.वे.नं.२७) जारी गरिएको निर्देशनको पालना गरी निर्णय गर्न गराउन वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षणको लागि सो फैसलाको प्रतिलिपि साथै राखी पठाउनू । यो फैसलाको प्रतिलिपि जानकारीको लागि पुनरावेदक र सम्बन्धित कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार बुझाईदिनू ।

..............................
(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छु ।

...................................
(चित्रदेव जोशी)
सदस्य

इति सम्वत् २०६५ साल आषाढ १९ गते रोज ५ शुभम् ।

# प्रशासकीय अदालत

## इजलास

**श्री काशीराज दाहाल............अध्यक्ष**
**श्री चित्रदेव जोशी ..............सदस्य**
**श्री वालानन्द पौडेल.............सदस्य**

## फैसला

सम्वत् २०६३ सालको पु.वे.नं.......... ५३

**मुद्दा :- सेवाबाट हटाएको ।**

काठमाडौ जिल्ला रामकोट गा.वि.स. वडा नं. ८ कछाडथोक घर भै कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको उपसचिव पदमा कार्यरत हाल सेवाबाट हटाएका शिवकुमार गिरी................................१ पुनरावेदक

**विरूद्ध**

कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,सिंहदरवार .......................१
सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय............................१
} विपक्षी प्रत्यर्थी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :-

नेपाल न्याय सेवा कानून समूहको लागि उपयोगी र आवश्यक पर्ने अन्तर्राष्ट्रिय आर्थिक कानूनका विषयमा वेलायत वा क्यानाडाका ख्याती प्राप्त विश्व विद्यालयहरूबाट विद्यावारिधि वा एम.फिल. स्तरको अध्ययन वा अनुसन्धान गर्न जान विदेशी विश्वविद्यालय तथा अन्तर्राष्ट्रिय सहयोग संस्थाहरूले विश्वविद्यालय स्तरीय वा विश्वव्यापी प्रतियोगिताको आधारमा छनौट गरी प्रदान गर्ने छात्रवृतिमा निजी प्रयासमा प्रतिस्पर्धा गर्न र छनौट भएमा सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी अध्ययन गर्न जान निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (५) बमोजिम स्वीकृति माग गरेकोमा एक वर्षका लागि सहमती दिने सरकारको (माननीय मन्त्रीस्तर) बाट मिति २०५७/२/३ मा निर्णय भएको भन्ने समेत व्यहोराको कानून तथा न्याय मन्त्रालयको मिति २०५७/२/१२ को शिवकुमार गिरीलाई स्वीकृति दिएको पत्र ।

नेपाल न्याय सेवा कानून समूहको लागि उपयोगी र आवश्यक पर्ने अन्तर्राष्ट्रिय आर्थिक कानूनको विषयमा बेलायत वा क्यानाडाका ख्यातिप्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा एम.फिल. स्तरको अध्ययन वा अनुसन्धान गर्नजान विदेशी विश्वविद्यालय तथा अन्तर्राष्ट्रिय सहयोग संस्थाहरूले विश्वविद्यालय स्तरीय वा विश्वव्यापी प्रतियोगिताको आधारमा छनौट गरी प्रदान गर्ने छात्रवृतिमा निजी प्रयासमा प्रतिस्पर्धा गर्न र छनौट भएमा सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी अध्ययन गर्न जान स्वीकृति माग गरेकोमा कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प.सं ०५६/५७ च.नं.४७१ मिति २०५७/२/१२ को पत्रद्वारा सो को स्वीकृति प्राप्त भईसकेको र सोही बमोजिम क्यानाडाको टोरण्टो विश्वविद्यालयमा विद्यावारिधि स्तरको एस.जे.डि (डाक्टर अफ जुरिडिकलसाइन्स) अध्ययन गर्न जान विश्वविद्यालयले भर्नाको प्रस्ताव (एडमिसन अफर) पठाएको र सो विश्वविद्यालयले प्रदान गर्ने कनाट छात्रबृति समेत प्रदान गरेकोले उक्त विश्वविद्यालयमा अध्ययन गर्न जान निजामती सेवा नियमावली (संशोधन सहित), २०५० बमोजिम अध्ययन विदा स्वीकृत गर्नका लागि निवेदन गरेको छु । मिति २०५७/६/१ देखि लागू हुनेगरी दुई बर्षको अध्ययन विदा स्वीकृत गरीपाऊँ भन्ने समेत व्यहोराको शिवकुमार गिरीले कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव समक्ष मिति २०५७/५/१३ मा अध्ययन विदा स्वीकृतिको लागि लेखेको पत्र ।

क्यानाडाको टोरण्टो विश्वविद्यालयमा विद्यावारिधि स्तरको एस.जे.डि (डक्टर अफ जुडिकल साइन्स ) विषयमा निजी प्रयासमा अध्ययन गर्न जानको लागि दुई बर्षको बेतलवी अध्ययन विदा माग गरेको निवेदन उपर कारवाही हुँदा मन्त्रीस्तरको मिति २०५७/५/२० को निर्णयानुसार मिति २०५७/६/१ देखि लागू हुने गरी दुई बर्ष अवधिको वेतलवी अध्ययन विदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (५) बमोजिम स्वीकृत भएको व्यहोरा जानकारी गराइन्छ भन्ने समेत व्यहोराको कानून तथा न्याय मन्त्रालयले शिवकुमार गिरीलाई विदा स्वीकृत गरेको मिति २०५७/५/२२ को पत्र ।

सरकारको स्वीकृति लिएर नै सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी नेपाल सरकारको स्वीकृति लिएर सरकारलाई उपयोगी र आवश्यक पर्ने विश्व व्यापार संगठन सम्बन्धी कानूनी विषयमा विद्यावारिधिको अध्ययनमा रहेको र सो अध्ययन सक्न कम्तिमा तीन बर्ष र वढीमा पाँच बर्ष लाग्ने भएकोले सरकारले विद्यावारिधि गर्नका लाइग मलाई पूर्व स्वीकृति दिएको र सो प्रयोजनका लागि दुई बर्षको बेतलवी अध्ययन विदा समेत दिएको परिस्थितीलाई विचार गरी विद्यावारिधिको अध्ययन पूरा गर्न थप १ बर्षको अध्ययन विदा आवश्यक पर्न गएको तर्फ साहनुभूतीपूर्वक मनन हुन  सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी मिति २०५९/६/१ देखि लागू हुनेगरी थप १ बर्षको अध्ययन विदा (बेतलवी) निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को नियम ६१ को उपनियम (१) र सो को प्रतिबन्धात्मक वाक्यांश एवम् उपनियम (५) बमोजिम स्वीकृतिका लागि निवेदन गर्दछु भन्ने समेत व्यहोराको शिवकुमार गिरीले कानून तथा न्याय मन्त्रालय समक्ष थप बेतलवी अध्ययन विदाको लागि मिति २०५९/४/१६ मा पेश गरेको निवेदन ।

क्यानाडाको टोरण्टो विश्वविद्यालयको कानून संकाय अन्तर्गतको विद्यावारिधि कार्यक्रमको लागि १ बर्षको वेतलवी विदा नपुग हुन गएको हुँदा थप गरिपाऊँ भनी दिएको निवेदनमा कारवाही हुँदा मिति २०५९/६/२५ को निर्णयानुसार मिति २०५९/६/१ देखि लागू हुनेगरी १ बर्षको थप बेतलवी अध्ययन विदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (२) र (५) बमोजिम स्वीकृत गरिन्छ भन्ने समेत व्यहोराको शिवकुमार गिरीलाई थप बेतलवी अध्ययन विदा स्वीकृत सम्बन्धमा मिति २०५९/७/७ को कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले लेखेको पत्र ।

सरकारलाई कुनै अर्थिक दायित्व नपर्ने गरी उपयोगी र आवश्यक पर्ने विश्व व्यापार संगठन सम्बन्धी कानूनको विषयमा विद्यावारिधि स्तरको अध्ययनमा रही सो अध्ययन सक्न थप १ बर्षको बेतलवी अध्ययन विदा आवश्यक पर्न आएकोले मिति २०६०/६/१ देखि लागू गरी निजामती सेवा नियमावली, २०५० संशोधन सहितको ६१ को उपनियम (१) र (२) सोको प्रतिवन्धात्मक वाक्यांश एवम् उपनियम (५) बमोजिम थप १ बर्षको अध्ययन विदा स्वीकृत गरिदिनु हुन निवेदन गर्दछु भन्ने समेत व्यहोराको शिवकुमार गिरीले थप बेतलवी आवश्यक विदा पाउन मिति २०६०/७/७ मा कानुन, न्याय तथा संसदीय मन्त्रालयका सचिवलाई पठाएको निवेदन पत्र ।

क्यानाडाको टोरण्टो विश्वविद्यालयको कानून संकाय अन्तर्गतको विद्यावारिधि कार्यक्रम अध्ययनको लागि थप १ बर्षको बेतलवी विदा नपुग हुन गएको हुँदा थप गरिपाऊँ भनी दिनु भएको निवेदन उपर कारवाही हुँदा मिति २०६०/६/१ देखि मिति २०६१/५/२१ सम्म थप ११ महिना २० दिन वेतलवी अध्ययन विदा निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (५) बमोजिम मिति २०६०/७/१८ को निर्णय अनुसार स्वीकृत भएको भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको मिति २०६०/७/२१ को थप बेतलवी अध्ययन विदा स्वीकृत गरिएकोपत्र ।

विद्यावारिधि कार्यक्रमको अध्ययन अवधि बढीमा ५ बर्षको भएको र मलाई उक्त अध्ययन पूरा गर्न पनि ५बर्ष नै लाग्ने भएकोले सरकारबाट स्वीकृत अध्ययन विदामा थप १ बर्ष अपुग हुन गएको छ । अध्ययन नसक्दै फर्कदा सरकारबाट हालसम्म स्वीकृत भएको वेतलवी अध्ययन विदाको कुनै अर्थ नरहने र सरकारको स्वीकृति प्राप्त गरी अध्ययनरत रहेको म निवेदकको ४ बर्षको अध्ययन अनुसन्धान पनि खेर जाने भएकोले उक्त अध्ययन पूरा गरी सरकारको सेवामा फर्कन आवश्यक १ बर्ष स्वीकृत भएको बेतलवी अध्ययन विदा समाप्त भएको मितिबाट असाधारण विदा पाउन अनुरोध गर्दछु । निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) बमोजिम मिति २०६१ साल भाद्रको अन्तिम हप्तादेखि २०६२ साल भाद्रको अन्तिम हप्ता गरी जम्मा १ बर्षको असाधारण विदा स्वीकृत हुन टोरण्टो विश्वविद्यालयको कानून संकायको पत्र समेत संलग्न गरी यो निवेदन पेश गरेको छु । मेरो हालको परिस्थितीमा विचार हुन र सरकारलाई समेत आवश्यक र उपयोगी हुने विषयमा सरकारको स्वीकृति प्राप्त गरी हाल गरिरहेको विद्यावारिधि तहको अध्ययन पूरा गर्ने अवसर प्रदान हुन समेत अनुरोध गर्दछु भन्ने समेत व्यहोराको शिवकुमार गिरीले मिति २०६१/७/२२ मा असाधारण विदाको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाएको पत्र ।

मिति २०६१/५/२१ सम्मको वेतलवी अध्ययन विदा स्वीकृत गराई विदा बस्नु भएको र तत्पश्चात पुनः १ बर्षको असाधारण विदा माग गरेकोमा मन्त्रालयको मिति २०६१/९/१३ को निर्णय बमोजिम उक्त विदा अस्वीकृत भएको व्यहोरा मन्त्रालयको मिति २०६१/९/१४ को पत्रबाट लेखी पठाइएकोमा कुनै जवाफ समेत नदिई मिति २०६१/५/२२ देखि अनुपस्थित भई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम विदा स्वीकृत नगराई लगातार नब्बे दिन सम्म कार्यालयमा अनुपस्थित रहेको अवस्था भएकोले तपाई उपर विभागीय कारवाही किन नगर्ने ? यो पत्र पाएको मितिले बाटोको म्याद बाहेक ३० (तीस) दिनभित्र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा सफाई पेश गर्नुहुन भन्ने समेत व्यहोराको शिवकुमार गिरीलाई कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको मिति २०६१।११।२१ को पत्र ।

उप-सचिव श्री शिवकुमार गिरी मिति २०६१।५।२१ सम्मको बेतलवी अध्ययन विदा स्वीकृत गराई विदा बस्नु भएको र तत्पश्चात् पुनः एकवर्षको असाधारण विदा माग गरेकोमा यस मन्त्रालयको मित २०६१।९।१३ को निर्णयानुसार उक्त विदा अस्वीकृत भएको व्यहोरा मन्त्रालयको प.स. ०६१।६२ च. नं ३२० मिति २०६१।९।१४ को पत्रबाट लेखी पठाइएकोमा कुनै जवाफसमेत नदिई मिति २०६१।५।२२ देखि अनुपस्थित भई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को अवस्था भएकोले तपाई उपर विभागीय कारवाही किन नगर्ने ? पत्र पाएको मितिले बाटोको म्याद बाहेक ३०(तीस) दिनभित्र सफाई पेश गर्नु भनी यस मन्त्रालयबाट मिति २०६१।११।२१ मा तपाई अध्ययनरत रहेको टोरोण्टो विश्वविद्यालयको ठेगानामा तपाईको नाममा रजिष्ट्रीपत्र पठाइएकोमा यस मन्त्रालयमा कुनै जवाफ पेश नगरेको र कुनै सूचना समेत गर्नु नभएकाले यो सूचना प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक तीस दिनभित्र यस मन्त्रालयमा आफनो सफाई पेश गर्नुहोला । अन्यथा निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय कारवाही गरिने व्यहोरा निर्णयानुसार सूचित गरिन्छ भन्ने समेत व्यहोराको मिति २०६२।६।२५ मा गोरखापत्रमा प्रकाशित सूचना ।

काठमाडौं जिल्ला रामकोट गा.वि.स. वडा नं ८ कछाडथोक बस्ने यस मन्त्रालयका उप-सचिव तपाई शिवकुमार गिरी मिति २०६१।५।२१ सम्मको वेतलवी अध्ययन विदा स्वीकृत गराई विदा बसेको र तत्पश्चात पुनः एकवर्षको असाधारण विदा माग गरेकोमा सो विदा अस्वीकृत भएको व्यहोरा यस मन्त्रालयको प.स. २०६१।६२, च.नं ३२० मिति २०६१।९।१४ को पत्रबाट लेखी पठाइएकोमा कुनै जवाफ समेत नदिई मिति २०६१।५।२२ देखि अनुपस्थित भई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को अवस्था भएकोले तपाई उपर विभागीय कारवाही किन नगर्ने ? पत्र प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ३० (तीस) दिनभित्र सफाई पेश गर्नु हुन भनी यस मन्त्रालयबाट मिति २०६२।६।२५ को गोरखापत्रमा सूचना प्रकाशित गराउँदा समेत हालसम्म पनि सफाई पेश नगरेको र विदा स्वीकृत नगराई लामो समयसम्म मन्त्रालयमा गैर हाजिर रहेकाले तपाईलाई निजामती सेवा ऐन, २०४९को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूरमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने तर्फ कारवाही किन नगर्ने ? कारवाही गर्नु नपर्ने कुनै कारण भए निजामती सेवा ऐन, २०४९ को दफा ६७ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तीस दिनभित्र यस मन्त्रालयमा स्पष्टीकरण पेश गर्नु होला, अन्यथा निजामती सेवा ऐन नियम बमोजिम विभागीय सजाय हुने व्यहोरा समेत निर्णयानुसार सूचित गरिन्छ भन्ने समेत व्यहोराको मिति २०६२।९।७ मा गोरखापत्रमा प्रकाशित कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना ।

गोरखापत्रमा सूचना प्रकाशित गराँउदा समेत स्पष्टीकरण पेश नभएकोले कार्यालयमा लामो समयावधिसम्म गैरहाजिर भएका यस मन्त्रालयका उपसचिव शिवकुमार गिरीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूरमा भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्ने सम्बन्धमा आवश्यक सिफारिश उपलव्ध गराईदिनुहुन भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयद्वारा शिवकुमार गिरीलाई विभागीय कारवाहीका लागि परामर्श सम्बन्धमा मिति २०६२।१०।२० मा न्याय सेवा आयोगलाई कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले लेखेको पत्र ।

त्यस मन्त्रालयको प.स. ०६२।६३ च. नं ४५१ मिति २०६२।१०।३० को पत्रबाट उप-सचिव शिवकुमार गिरीलाई विभागीय कारवाहीको लागि परामर्शको सम्बन्धमा प्राप्त हुन आएको पत्र न्याय सेवा आयोगको बैठकमा पेश हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूरमा भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्ने सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९४ र न्याय सेवा आयोग ऐन, २०४८ को दफा (३) बमोजिमको सरकार समक्ष सिफारिस गर्ने न्याय सेवा आयोगको मिति २०६२।१०।२७ मा बसेको बैठकबाट निर्णय भएको भन्ने समेत व्यहोराको २०६२।१०।३० को न्याय सेवा आयोगले कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई विभागीय कारवाहीमा परामर्श दिएको पत्र ।

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा उप-सचिव पदमा कार्यरत शिवकुमार गिरीले मन्त्रालयबाट जाँचबुझ गर्दा निजले २०६१।७।२२ मा मन्त्रालयमा पठाएको निवेदनमा थप एक वर्षको असाधारण विदा माग गरेको, माग बमोजिमको असाधारण विदा स्वीकृत गर्न नसकिएको व्यहोराको जानकारी मन्त्रालयको मिति २०६१।९।१४ को पत्रद्वारा दिएको भए तापनि निज मन्त्रालयमा उपस्थित नभई पुनः २०६१।११।२० मा पठाएको पत्रद्वारा दिएको भए तापनि निज मिति २०६१।५।२२ गते देखि विदा स्वीकृत नगराई मन्त्रालयमा अनुपस्थित भएको देखिन आएकोले निज शिवकुमार गिरीसँग निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम मिति २०६१।११।२१ मा पत्रद्वारा ३०(तीस) दिनभित्र सफाई पेश गर्न लेखिएकोमा सो म्याद भित्र सफाई पेश नगरेकोले पुनः मिति २०६२।६।२५ मा गोरखापत्रमा सूचना प्रकाशित गरी ३० (तीस) दिनको म्याद दिई सफाई माग गरिएकोमा निजले सो म्याद भित्र सफाई पेश गरेको देखिएन । तसर्थ ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूरमा ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) तथा दफा ६१ को उपदफा (१) बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्न नपर्ने कुनै सबूद प्रमाण वा कारण केही भए ३०(तीस) दिनभित्र स्पष्टीरकण पेश गर्नु भनी मिति २०६२।९।७ मा गोरखापत्रमा सूचना प्रकाशित गरी ऐनको दफा ६७ बमोजिमको स्पष्टीकरण माग गरिएकोमा निजले सो म्याद भित्र स्पष्टीकरण पेश गरेको देखिएन । यस सम्बन्धमा संकलन भएका कागजात, बुझिएका सबूद प्रमाण समेत विचार गर्दा सबूद प्रमाणबाट निज शिवकुमार गिरीले ऐनको दफा ६१ को उपदफा (१) को खण्ड(छ) बमोजिमको कसूर गरेको देखिएकोले निज शिवकुमार गिरी उपर ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) तथा दफा ६१ को उपदफा (१) को सजाय प्रस्तावित गरी सो सजाय गर्नको निमित्त न्याय सेवा आयोगको प.स. ०६२।०३ च.नं ५४ मिति २०६२।१०।३० को पत्रबाट परामर्श प्राप्त भए अनुरूप निज शिवकुमार गिरीलाई ऐनको दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसूरमा दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) तथा दफा ६१ को उपदफा (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय दिने निर्णय आदेश गरिएको छ । साथै निजले मिति २०५४।६।१० देखि मिति २०५५।६।१९ सम्म १ वर्ष १० दिनको तलवी अध्ययन विदा लिई *LLM* अध्ययन गर्न जानु भएको र अध्ययन पश्चात अनिवार्य रूपले चार वर्ष सेवा गर्नुपर्नेमा निजले मिति २०५५।६।२० देखि २०५७।५।३० सम्म १ वर्ष ११ महिना ११ दिन मात्र सेवा गर्नु भएको हुँदा अध्ययन अवधिभर निजले पाएको तलव भत्ता समेत निजामती सेवा ऐन, २०४९ को दफा ४० घ. को उपदफा (२) बमोजिम असुल उपर गर्ने भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव डा. कुलरत्न भुर्तेलले मिति २०६२।११।११ मा गरेको विभागीय सजायको आदेश ।

मिति २०६२।११।११ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) उपखण्ड (१) तथा दफा ६१ को

उपदफा (१) बमोजिम भविष्यमा सरकरी सेवाको निमित्त अयोग्य नठहरिने गरी यस मन्त्रालयको नेपाल न्याय सेवा, कानून समूहको उप-सचिव पदबाट हटाइएको व्यहोरा जानकारी गराईन्छ । साथै तपाईले मिति २०५४।६।१० देखि २०५५।६।१९ सम्म १ वर्ष १० दिनको तलवी अध्ययन विदा तलवी अध्ययन पश्चात अनिवार्य रूपले चार वर्ष सेवा गर्नु पर्नेमा मिति २०५५।६।२० देखि २०५७।५।३० सम्म १ वर्ष ११ महिना ११ दिन मात्र सेवा गर्नु भएको हुँदा अध्ययन अवधिभर तपाईले पाएको तलव भत्ता समेत निजामती सेवा ऐन, २०४९ को दफा ४० घ. को उपदफा (२) बमोजिम तपाईबाट असुल उपर गर्ने गरी निर्णय भएको हुँदा उक्त रकम दाखिला गर्न हुन समेत अनुरोध छ भन्ने समेत व्यहोराको शिव कुमार गिरीलाई लेखेको मिति २०६२।११।१६ को कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको पत्र ।

काठमाडौं जिल्ला, रामकोट गा.वि.स. वडा नं ८ कछाडथोक बस्ने यस मन्त्रालयका उप-सचिव तपाई शिवकुमार गिरी मिति २०६१।५।२१ सम्मको वेतलवी अध्ययन विदा स्वीकृत गराई विदा बस्नु भएको र तत्पश्चात् पुनः एकवर्षको असाधारण विदा माग गर्नुभएकोमा यस मन्त्रालयको मिति २०६१।९।१३ को निर्णयानुसार उक्त विदा अस्वीकृत भएको व्यहोरा यस मन्त्रालयको प. स. ०६१।६२ च.नं ३२०, मिति २०६१।९।१४ को पत्रबाट लेखी पठाइएकोमा कुनै जवाफसमेत नदिई मिति २०६१।५।२२ देखि अनुपस्थित भई निजामती सेवा ऐन, २०४९ को उपदफा (१) को खण्ड (छ) को अवस्था भएकोले तपाईलाई विभागीय कारवाही किन नगर्ने ? पत्र पाएको मितिले बाटोको म्यादबाहेक ३०(तीस) दिनभित्र सफाई पेश गर्नुहुन भनी यस मन्त्रालयबाट मिति २०६२।६।२५ को गोरखापत्रमा सूचना प्रकाशित गराउँदा समेत सफाई पेश नगरेको र विदा स्वीकृत नगराई लामो समयसम्म मन्त्रालयमा गैरहाजिर भएकोले तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूरमा सोही ऐनको दफा ४९ को खण्ड (ख) को देहाय १ बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्ग नठहरिने गरी सेवाबाट हटाउने तर्फ कारवाही किन नगर्ने ? कारवाही गर्नु नपर्ने कुनै कारण भए निजामती सेवा ऐन, २०४९ को दफा ६७ बमोजिम यो सूचना प्रकाशन भएको मितिले तीस(३०) दिनभित्र यस मन्त्रालयमा स्पष्टीरकण पेश गर्नुहोला अन्यथा निजामती सेवा ऐन नियम बमोजिम विभागीय सजाय हुने व्यहोरा सहित तपाईको नाममा मिति २०६२।९।७ को गोरखापत्रमा सूचना प्रकाशित भएकोमा तत्पश्चात् पनि कुनै स्पष्टीकरण समेत पेश नभएकोले तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) तथा दफा ६१ को उपदफा (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको व्यहोरा सरकारको मिति २०६२।११।११ को निर्णयानुसार सूचित गरिन्छ । साथै तपाईले मिति २०५४।६।१० देखि २०५५।६।१९ सम्म १ वर्ष १० दिनको तलवी अध्ययन सवदा लिई L.L.M. अध्ययन गर्न जानु भएको र अध्ययनपश्चात् अनिवार्य रूपले चार वर्ष सेवा गर्नुपर्नेमा मिति २०५५।६।२० देखि २०५७।५।३० सम्म १ वर्ष ११ महिना ११दिन मात्र सेवा गर्नु भएको हुँदा अध्ययन अवधिभर तपाईले पाएको तलव भत्तासमेत निजामती सेवा ऐन, २०४९ को दफा ४० घ. को उपदफा (२) बमोजिम तपाईबाट असुल उपर गर्ने गरी निर्णय भएको हुँदा उक्त रकम दाखिला गर्नुहुन समेत जानकारी गराईन्छ भन्ने समेत व्यहोराको मिति २०६२।११।२० मा उपसचिव शिवकुमार गिरीलाई सेवाबाट हटाइएको व्यहोराको कानून, न्याय तथा संसदीय मन्त्रालयको गोरखापत्रमा प्रकाशित सूचना ।

सेवाबाट हटाउने विभागीय मन्त्रालयका सचिवले गर्नुभएको छ । उहाँ उक्त सजाय गर्न पाउने अख्तियारवाला हुनहुन्न । कानुन व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को (झ) बमोजिम मन्त्रिपरिषद् मात्र अख्तियारवाला हुनसक्ने, मन्त्रिपरिषद्बाट बनेको कार्य सम्पादन सम्बन्धी नियमावली बमोजिम

विभागीय सजाय गर्नसक्ने अधिकार मन्त्रीलाई मात्र रहेभएकोमा मन्त्रालयका सचिवले सजाय गर्ने गरी गरेको निर्णय अधिकारक्षेत्रको अभावमा ठाडै बदरभागी छ । सजाय गर्ने अधिकार न्यायिक अधिकार भएको हुनाले यस्तो अधिकार प्रत्यायोजित भएर आफूमा आएको व्यहोरा उल्लेख गर्नसक्नु भएको समेत छैन । त्यसमाथि पनि मन्त्रिपरिषद्को अधिकार कार्यसम्पादन नियमावली बमोजिम प्रत्यायोजित हुन सक्दैन । विभागीय सजाय दिने अधिकार निजामती सेवा ऐनको दफा ६२ र ६३ ले तोकेको शर्त र प्रक्रिया पूरा नगरी अधिकार प्रत्यायोजन गरेको भएपनि त्यसले मान्यता प्राप्त गर्न सक्दैन । मन्त्रालयका सचिवले मलाई विभागीय सजाय गर्ने निर्णय गर्नसक्ने अख्तियारवाला नै भएको कल्पनासम्म गर्ने हो भने पनि विपक्षी सचिवले मलाई सो सजाय गर्नु पूर्व निजामती सेवा ऐनको दफा ६६ र ६७ बमोजिम सोध्नु पर्ने स्पष्टीकरण नै नसोधी उक्त सजाय गर्नु भएको छ । सजाय गर्ने अधिकारी स्वयंले उक्त दफा ६६ र ६७ बमोजिम स्पष्टीकरण नसोधी उक्त सजाय गर्ने निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुनुको साथै गैरकानुनी छ । जहाँसम्म मिति २०६२।६।२५ को र मिति २०६२।९।७ को गोराखापत्रमा सूचना प्रकाशित गरी स्पष्टीकरण सोधिएको छ भन्ने प्रश्न छ त्यस सम्बन्धमा निजामती सेवा नियमावलीको नियम १०७ (१) अनुसार ऐनको दफा ६६ (१) बमोजिम सफाई पेश गर्न लेखिएको पत्र सम्वन्धित कर्मचारीलाई बुझाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्थाको विपरीत गोरखापत्रमा सूचना प्रकाशित गरी सोधिएको पत्र पठाएको भनी उल्लेख गरेको भएतापनि त्यस्तो कुनैपनि पत्र मलाई प्राप्त भएको छैन । त्यसरी घर ठेगानामा पनि स्पष्टीकरण सोधेको पत्र नपठाएको र म अध्ययनरत उक्त विश्वविद्यालयमा पनि नपठाएको अवस्थामा केवल औपचारिकता मात्र पूरा गर्न स्पष्टीकरण सोधिएको भनी गोरखापत्रमा सूचना प्रकाशित गरिएकोबाट सफाईको मौका दिएको भन्न कदापी मिल्दैन । शुरूमा नै पाँच वर्षको विदा दिन नसकिने व्यहोरा मलाई सम्प्रेषण गरेको भए मैले उक्त विश्वविद्यालयको अध्ययन गर्न जाने नजाने वारेमा उसै बखत निर्णय गर्न पाउने थिंए । त्यसो नगरी ४ वर्षको विदा स्वीकृत गरी एक वर्षको विदा स्वीकृत गर्न इन्कार गर्दा निर्णय प्रतिज्ञात्मक विवन्धन र वैधानिक अपेक्षाको सिद्धान्त को समेत विपरित भएको भन्ने समेत व्यहोराको शिवकुमार गिरीले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

यसमा छलफलका लागि अ.वं. २०२ नं. बमोजिम महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको जानकारी दिई नियमानुसार  पेश गर्नु भन्ने यस अदालतको मिति २०६३/४/२९ को आदेश ।

पुनरावेदकले निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय कारवाही गरी सेवाबाट हटाउने अख्तियारवाला मन्त्रिपरिषद् भएकोले मन्त्रिपरिषद्को निर्णयबाट हटाएको नभई अनाधिकार व्यक्तिबाट हटाएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरीपाऊँ भन्ने पुनरावेदन जिकिर सहित पुनरावेदन पत्र यस अदालतमा दायर गरेको देखिँदा सो सम्बन्धमा के कुन कानूनको के कुन अधिकार अन्तर्गत पुनरावेदकलाई सेवाबाट हटाएको हो ? सम्बन्धित मन्त्रालयबाट जवाफ मगाई आएपछि नियमानुसार पेश गर्नु भन्ने मिति २०६४/११/९ को यस अदालतको आदेश ।

निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय कारवाही गरी सेवाबाट हटाउने अख्तियारवाला मन्त्रिपरिषद् भएको र मन्त्रिपरिषद्को निर्णयबाट हटाएको नभई अनाधिकार व्यक्तिबाट हटाएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी पाऊँ भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा निज पुनरावेदकलाई विभागीय सजाय गर्दाको अवस्थामा प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ६२ (१) मा निजामती कर्मचारीलाई सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ भन्ने प्रष्ट र किटानी प्रावधान छ । यसैगरी सोही ऐनको दफा २ (ग) मा "अख्तियारवाला " भन्नाले दफा ९ बमोजिम नियुक्त गर्न सक्ने

अधिकारी सम्झनु पर्छ भन्ने परिभाषा गरिएको छ र उल्लेखित दफा ९ को उपदफा (१) मा निजामती सेवाको राजपत्राङ्कित पदमा सरकारले नियुक्ति गर्ने छ र त्यस्तो नियुक्तिको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ भन्ने समेत प्रावधान रहेको देखिन्छ । यसैगरी मन्त्रिपरिषद् एवम् विभागीय मन्त्रीलाई प्राप्त अख्तियारी मध्ये केही अधिकार प्रत्यायोजन गर्न सक्ने प्रष्ट व्यवस्था भएको र सोही आधारमा अधिकार प्रत्यायोजन भई मन्त्रालयका सचिव विभागीय सजायको आदेश दिन पाउने अधिकारी भएको हुँदा त्यस्तो अधिकारीलाई अनाधिकार व्यक्ति भन्न मिल्ने देखिँदैन । अतः यस्तो अख्तियारीको प्रयोग गरी न्याय सेवा आयोगको सहमति समेत लिई सम्पूर्ण कानूनी प्रक्रिया अपनाई गरिएको निर्णय त्रुटिपूर्ण हुन नसक्ने भएकोले पुनरावेदकको जिकिर स्वतः बदरभागी हुँदा उक्त पुनरावेदन जिकिर खारेज हुनुपर्ने भन्ने समेत व्यहोराको मिति कानून, न्याय तथा संसदीय मन्त्रालयले मिति २०६४/१२/३ मा यस अदालतलाई पठाएको जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचिमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका कानून व्यवसायी विद्वान अधिवक्ताद्वय श्री हरिप्रसाद उप्रेती र श्री जगन्नाथ महतो सिंहले यी पुनरावेदक न्याय सेवाको रा.प. द्वितीय श्रेणी (उपसचिव) को कर्मचारी भएको हुनाले उपसचिवस्तरको कर्मचारीलाई सजाय गर्ने अधिकार मन्त्रालयको सचिवलाई नभएको र मन्त्रालयको सचिवले उपसचिवलाई हटाउने अख्तियारी कोबाट कुन कानूनले दिएको अधिकार प्रयोग गरी गरिएको हो ? निजामती सेवा ऐन, २०४९ को दफा ६२ मा "अख्तियारवाला" को व्यवस्था गरी रा.प. द्वितीय श्रेणीको कर्मचारीलाई सेवाबाट हटाउने अख्तियारवाला नेपाल सरकार रहेको देखिन्छ । "नेपाल सरकार" भन्नाले नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को (झ) बमोजिम मन्त्रिपरिषद्लाई जनाउँछ भन्ने कानूनी व्यवस्था रहे भएकोमा यी पुनरावेदकलाई सजाय गर्ने अख्तियारवाला नेपाल सरकार मन्त्रिपरिषद्मात्र हुने भएकोले मन्त्रिपरिषद्बाट बनेको सरकारको कार्य सम्पादन नियमावली बमोजिम विभागीय सजाय गर्नसक्ने अधिकार विभागीय मन्त्रीलाई मात्र रहेभएकोमा सेवाबाट हटाउने निर्णय विपक्षी मन्त्रालयका सचिवबाट भएको हुँदा त्यस्तो सजाय गर्ने निर्णय क्षेत्राधिकारको अभावमा बदरभागी छ भनी गर्नुभएको बहस तथा प्रत्यर्थीकातर्फबाट उपस्थित सरकारी वकिल श्री जीवनीधि पौडेलले प्रस्तुत मुद्दामा अधिकारप्राप्त अधिकारीले पर्याप्त आधार र कारण दिएर मात्र कारवाहीको निर्णय गरिएको छ ; कानूनसंङ्गत ढंगले सम्पादित गरिएको काममा अधिकारक्षेत्रात्मक त्रुटि छैन, असाधारण विदाका लागि माग गर्ने पक्षले पहिले नै निवेदनद्वारा उक्त विदा माग गर्नुपर्नेमा प्रस्तुत मुद्दामा अध्ययन विदा समाप्त भईसकेपछि विदा माग गरिएको छ, जसलाई कानूनसंगत मान्न मिल्दैन, यसरी असाधारण विदाको माग अस्वीकृत भईसकेपछि यी पुनरावेदक आफनो कार्यालयमा हाजिर नभई आफनो पदीय कर्तव्य इमान्दारीपूर्वक पूरा नगरेबाट कानूनको रित पुर्‍याई निजमाथि गरिएको विभागीय सजायलाई अन्यथा मान्न नमिल्ने हुँदा निर्णय सदर हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनी सम्बन्धित मिसिल कागजात समेतको अध्ययन गरी हेर्दा यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी भएको मिति २०६२/११/११ को सचिवस्तरीय निर्णय कानूनसम्मत छ छैन ? पुनरावेदकको माग बमोजिम मिति २०६२/११/११ को विभागीय सजायको निर्णय बदर हुनुपर्ने हो होइन ? सो सम्बन्धमा नै यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो ।

**अध्यक्ष श्री काशीराज दाहालको राय**

यसमा यी पुनरावेदक शिव कुमार गिरीले यस अदालतमा दायर गरेको पुनरावेदन पत्रमा विभागीय सजाय दिन सक्ने अधिकार नेपाल सरकारको कार्य सम्पादन नियमावली बमोजिम सम्बन्धित विभागीय

मन्त्रीलाई मात्र रहे भएकोमा मन्त्रालयका सचिवले सजाय गर्ने गरी गरेको निर्णय अधिकारक्षेत्रको अभावमा बदरभागी भएको, त्यसमा पनि सजाय गर्ने अधिकार न्यायिक अधिकार भएकाले त्यस्तो अधिकार प्रत्यायोजित हुन नसक्ने, नेपाल कानून व्याख्या सम्बन्धि ऐन, २०१० को दफा २ बमोजिम मन्त्रिपरिषद्मा रहेको सो अधिकार कार्य सम्पादन नियमावली बमोजिम विभागीय मन्त्रीलाई प्रत्यायोजन गरेकोमा एक पटक प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजित हुन नसक्ने, विभागीय सजाय दिने अधिकार निजामती सेवा ऐन, २०४९ को दफा ६२ र ६३ ले तोकेको प्रक्रिया पूरा नगरी अधिकार प्रत्यायोजन गरेको भएपनि त्यसले मान्यता प्राप्त गर्न नसक्ने हुँदा सेवाबाट हटाउने गरी गरिएको मिति २०६२/११/११ को सचिवस्तरीय निर्णय अधिकारक्षेत्रको अभावमा बदर गरी पाऊँ भन्ने पुनरावेदकको मुख्य दावी जिकिर रहेको देखिन्छ । सो सम्बन्धमा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले मिति २०६५/३/३ मा यस अदालतलाई पठाएको जवाफमा यी पुनरावेदकलाई सेवाबाट हटाउँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसुरमा मन्त्रिपरिषद् एवम् विभागीय मन्त्रीलाई प्राप्त अख्तियारी मध्ये नेपाल सरकारको कार्य सम्पादन नियमावली बमोजिम विभागीय मन्त्रीलाई रहेको अधिकार विभागीय मन्त्रीबाट प्रत्यायोजित अख्तियारी अनुसार सचिवस्तरको निर्णयबाट सजाय गरी हटाइएको भन्ने उल्लेख भएको देखिन्छ । यसरी यी पुनरावेदकलाई सचिवस्तरीय निर्णयद्वारा सेवाबाट हटाइएको भन्ने कुरामा विवाद देखिएन । पुनरावेदकले पुनरावेदन पत्रमा लिएको माग दावी जिकिर एवम् प्रत्यर्थी मन्त्रालयको जवाफ समेतका आधारमा प्रस्तुत मुद्दामा यी पुनरावेदकलाई मन्त्रीले पत्रद्वारा मन्त्रालयका सचिवलाई प्रत्यायोजन गरी विभागीय सजायको निर्णय गर्न दिएको अधिकार कानूनसम्मत छ छैन ? र यी पुनरावेदकलाई सचिवस्तरीय मिति २०६२/११/११ को निर्णयद्वारा सेवाबाट हटाउने गरी भएको सचिवस्तरको निर्णय बदर हुनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो । पुनरावेदकले यस अदालतमा दायर गरेको पुनरावेदन पत्रमा लिएको जिकिर एवम् पुनरावेदकका तर्फबाट रहनु भएका अधिवक्ता श्री हरिप्रसाद उप्रेती समेतले यस इजलास समक्ष गर्नुभएको वहस र पेश गरिएको वहस नोटमा समेत पुनरावेदकलाई सेवाबाट हटाउने निर्णय विभागीय मन्त्रीबाट भएको नभई प्रत्यर्थी मन्त्रालयका सचिवबाट भएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६२ र ६३ प्रतिकूल हुने गरी क्षेत्राधिकारविहीन व्यक्तिबाट गरिएको विभागीय सजायको निर्णय गैरकानूनी भई बदरभागी भएको भनी जिकिर लिएको देखिँदा यी पुनरावेदकलाई विभागीय सजाय दिन पाउने अधिकारप्राप्त अधिकारीबाट विभागीय सजायको निर्णय भएको हो होइन ? भन्ने सम्बन्धमा नै सर्वप्रथम विचार गर्नुपर्ने देखिन आयो ।

अधिकार प्रत्यायोजन सम्बन्धी सिद्धान्तको अध्ययन गर्दा कानूनी राज्यमा कुनैपनि विषयमा निर्णय गर्ने अधिकार कानूनले जसलाई प्रदान गरेको हुन्छ, सोही अधिकारीले कानूनको रीत पुऱ्याई निर्णय गरेको रहेछ भने मात्र त्यस्तो निर्णय मान्य हुन्छ भन्ने सिद्धान्त रहेको छ । न्यायिक वा अर्ध न्यायिक अधिकार सामान्यतयाः प्रत्यायोजन गर्न सकिन्न *( P.P Craig, **Administrative Law,** Third Edition,1994, PP. 386–387)* । न्यायिक वा अर्ध-न्यायिक प्रकृतिका विषयमा विशेष अवस्था र परिस्थितीमा कानूनले नै अख्तियारवालाले केही निश्चित शर्त र प्रक्रिया तोकि त्यस्तो अधिकार कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने विधिशास्त्रीय मान्यता रहेको भएपनि कानून र न्यायका आधारभूत मान्यताको प्रतिकूल हुनेगरी अधिकारको न त प्रत्यायोजन नै हुन सक्तछ, न त प्रयोग नै हुन सक्तछ *(H.W.RWade & C.F. Forsyth, **Administrative Law,** Oxford: Clarendon Press,1997, P.352.)* । कानूनले अख्तियारी दिएको अधिकारप्राप्त अधिकारीद्वारा न्यायिक वा अर्ध- न्यायिक अधिकार अनिश्चित अवधिका लागि भनी अवधि नतोकी प्रत्यायोजित गर्न सकिन्न । अधिकारप्राप्त अधिकारीले निश्चित अवधि तोकी प्रत्यायोजन गरको अवस्थामा पनि तोकिएको अवधि नपुग्दै जुनसुकै समयमा पनि त्यस्तो अधिकार प्रत्यायोजन गर्ने अधिकारीले प्रत्यायोजन गरेको अधिकार खण्डन वा

फिर्ता लिन सक्ने देखिन्छ *(**Battelley** v. **Finsbury Borough Council**, 1958, 56 LGR 165; **Manton** v. **Brighton Cpn**, 1951, 2 KB, 393,)* ।

कानूनले स्पष्ट र किटानी रूपमा विशेष व्यवस्था गरेको अवस्थामा बाहेक न्यायिक, अर्ध-न्यायिक, निलम्बन र वर्खास्त वा सजाय गर्ने जस्ता कुनै पनि किसिमको निर्णय गर्न कानूनले जसलाई अधिकार तोकेको हुन्छ, सोही अधिकारीले प्रयोग नगरी सामान्यतयाः अरूलाई प्रत्यायोजन गर्न सकिन्न *(**Allingham** v. **Minister of Agriculture**, 1948, EA All ER 780; **Barnard** v. **National Dock Labour Board** 1953, 2 QB 18; **Vine** v. **National Dock Labour Board**, 1956, 3 All ER 939 )*। विधायिकाले निश्चित शर्त, निर्देशन वा मार्गदर्शन तोकी अधिकार प्रत्यायोजन गरेको अवस्थामा सो शर्त, निर्देशन र मार्गदर्शन अनुरूप नै अधिकार प्रत्यायोजन गरी प्रत्यायोजित अधिकार प्रयोग भएको रहेछ भने मात्र त्यस्तो प्रत्यायोजित अधिकार प्रयोग गरी गरेको निर्णय मान्य हुन्छ, अन्यथा शर्त र प्रक्रिया पूरा नगरी प्रत्यायोजन गरेको अधिकार मान्य नभई बदर हुने सिद्धान्त रहेको देखिन्छ (***Devi Das Gopal Krishnan*** *v.* ***State of Punjab****, 1967 AIR, SC 1901*) । जन्मदात्री ऐन (Parent Act) को व्यवस्था र सो ऐनको उद्देश्य एवम् भावना प्रतिकूल हुने गरी विधायिका प्रदत्त अख्तियारवालाको अधिकार प्रत्यायोजित हुन नसक्ने, यसैगरी ऐन कानूनले निर्धारण गरेको सीमा र परिधि वाहिर गई अधिकार प्रत्यायोजन र प्रयोग अमान्य हुने (***Substantive Ultravires***), ऐनकानूनले तोकेको कार्यविधि अनुकूल अधिकार प्रत्यायोजन नभएको वा प्रतिकूल हुने गरी अधिकार प्रत्यायोजन गरी कार्य गरेको भएमा त्यस्तो कार्य कार्यविधिगत अमान्यताका आधारमा (***Procedural Ultravires***) बदर हुने विधिशास्त्रीय सिद्धान्त रहेको देखिन्छ *(**Kalipada** v. **Union of India**, 1963, AIR, SC 134. see PP Craig, **Administrative Law**; H.W.R wade & C.F. Forsyth, **Administrativ Law**; M.P Jain & S.N Jain, **Principes of Administrative Law**, 1919, PP. 60–111)* ।

कसैको हक अधिकारमा असर, प्रभाव वा अतिक्रमण गर्ने प्रकृतिको कार्य गर्न अख्तियारवालाले प्रत्यायोजन गरेको त्यस्तो अधिकार सार्वजनिक प्रकाशन भएको हुनुपर्ने प्रत्यायोजित विधिशास्त्रको सर्वमान्य सिद्धान्त रहेको देखिन्छ । अख्तियारप्राप्त अधिकारीले प्रत्यायोजित गरेको अधिकार सार्वजनिक प्रकाशन गर्नुपर्ने सम्बन्धमा कानूनले कुनै वाध्यात्मक व्यवस्था नगरेको अवस्थामा पनि त्यस्तो प्रत्यायोजित अधिकारको सूचना राजपत्रमा प्रकाशित भएको हुनुपर्ने, अन्यथा प्रत्यायोजित अधिकार अन्तर्गत भएको निर्णयले कानूनी मान्यता पाउन नसक्ने सम्बन्धमा विभिन्न सिद्धान्तहरू प्रतिपादन भएको देखिन्छ (***Harla*** *v.* ***Rajasthan****, 1951, AIR SC 467;* ***Maharastha*** *v.* ***George****, 1965 AIR, SC 722*) । यसै विधिशास्त्रीय सिद्धान्तका आधारमा निजामती सेवा ऐन, २०४९ को दफा ६३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ६२ बमोजिम सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि प्रयोग गर्न पाउने गरी सुम्पन्न सक्ने छ भन्ने व्यवस्था गरेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ६३ बमोजिम अधिकारप्राप्त अधिकारीले अधिकार प्रत्यायोजन गर्दा कुन अधिकारीको के कुन अधिकार प्रत्यायोजित गरिएको वा सुम्पेको हो सो कुरा किटानीपूर्वक उल्लेख गरी सुम्पेको र त्यस्तो सुम्पेको सूचना नेपाल राजपत्रमा प्रकाशित भएको हुनुपर्ने विधायिकाको मनसाय रहेको देखिन्छ । विधायिकाको इच्छा र मनसाय प्रतिकूल भएको कार्यको परिणाम कानूनी हुँदैन ।

कुनै कर्मचारीलाई सेवाबाट हटाउने, वर्खास्त गर्ने वा कुनै किसिमको विभागीय सजाय गर्ने अधिकार अर्ध-न्यायिक अधिकार हो । कानूनमा किटानीसाथ अन्यथा व्यवस्था भएकोमा वाहेक यस्तो अधिकारको न त प्रत्यायोजन नै हुन सक्तछ, न त अधिकारप्राप्त अधिकारीको स्वीकृति वा समर्थनले यस्तो अधिकारको अनधिकृत प्रयोगलाई कानूनी बनाउन सक्तछ ( रि.नं ११९/२०२७, **अरूण कुमार सुवेदी** विरूद्ध **गोरखापत्र**

**कर्पोरेशन समेत,** सर्वोच्च अदालत निर्णय, मिति २०२८/५/२८) । निजामती सेवा ऐन, २०४९ को दफा ६३ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ६२ बमोजिम विभागीय सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधि सम्मको लागी प्रयोग गर्न पाउने गरी सुम्पन सक्ने छ भन्ने व्यवस्थाले निजामती सेवाका कर्मचारीलाई विभागीय सजाय गर्न आदेश दिने अधिकारीको अधिकारलाई तोकिएको प्रक्रिया अपनाई प्रत्यायोजन गर्न सक्ने गरी विधायिकाले अधिकार प्रदान गरेको देखिन्छ । यसरी सजायको आदेश दिने अधिकारीको अधिकार प्रत्यायोजन गर्दा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि सुम्पन सक्ने देखिन्छ । विधायिकाले प्रदान गरेको यो अधिकार निश्चित अवधि नतोकी राजपत्रमा सूचना प्रकाशन नगरी प्रत्यायोजन गर्न नसकिने भन्ने नै विधायिकाको मनसाय रहेको देखिंदा निजामती सेवा ऐन, २०४९ को दफा ६३ को रीत र प्रक्रिया नपुऱ्याई गरेको अधिकारको प्रत्यायोजन कानूनसम्मत हुने देखिन्न ।

निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ग) बमोजिम "अख्तियारवाला" भन्नाले सो ऐनको दफा ९ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ भन्ने व्यवस्था भएको र दफा ९ को उपदफा (१) ले निजामती सेवाको राजपत्राङ्कित पदमा नेपाल सरकारले नियुक्ति गर्ने छ र त्यस्तो नियक्तिको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ । यसैगरी नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (झ) बमोजिम "मन्त्रिपरिषद्" मात्र "अख्तियारवाला" हुन सक्ने र मन्त्रिपरिषद्बाट बनेको सरकारको कार्य सम्पादन सम्बन्धी नियमावली बमोजिम पुनरावेदकलाई विभागीय सजाय दिन सक्ने अधिकार सम्बन्धित विभागीय मन्त्रीलाई रहे भएको देखिन्छ । विभागीय मन्त्रीले आफूलाई भएको विभागीय सजाय गर्ने अधिकार प्रत्यायोजन गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ६३ बमोजिम कै शर्त र प्रक्रिया बमोजिम गर्नुपर्ने हुन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ६२ बमोजिम विभागीय सजायको आदेश दिने अधिकारीले दफा ६३ बमोजिमको प्रक्रिया अपनाई अधिकार नसुम्पिएको अवस्थामा प्रत्यायोजित अधिकार अन्तर्गत भनी विभागीय सजाय गर्ने गरी भएको निर्णय कानूनसम्मत नहुने देखिन्छ ( रि.नं. ३५७९/२०६१, **विजय बहादुर श्रेष्ठ** विरूद्ध **उद्योग मन्त्रालय समेत,** सर्वोच्च अदालत निर्णय मिति २०६२/२/१६) । अधिकार प्रत्यायोजन सम्बन्धी विधिशास्त्रीय मान्यता र तत्सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवम् निजामती सेवा ऐन, २०४९ को दफा ६३ बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभागीय मन्त्रीले सचिवलाई अधिकार प्रत्यायोजन गरी यी पुनरावेदकलाई विभागीय सजायको निर्णय भएको भन्ने नदेखिंदा मिति २०६२/११/११ को सचिवस्तरीय निर्णय कानून प्रतिकूल भएकाले बदर हुने ठहर्छ । यस सम्बन्धमा यस इजलासमा रहनु भएका सहयोगी सदस्य श्री चित्रदेव जोशीको छुट्टै राय भई निर्णयमा मत्तैक्य नभएकाले प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ५ को उपनियम (३) बमोजिम गर्ने गरी छुट्टै राय व्यक्त गरेको छु । प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ५ को उपनियम (३) बमोजिम अर्को सदस्य समक्ष पेश गरी नियमानुसार गर्नु ।

..................................

(काशीराज दाहाल)

अध्यक्ष

**सदस्य श्री चित्रदेव जोशीको राय**

पुनरावेदक शिव कुमार गिरी मिति २०६१/५/२२ देखि विदा स्वीकृत नगराई मन्त्रालयमा अनुपस्थित रही निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा १ को खण्ड (छ) बमोजिमको

कसुरमा ऐ.ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सेवाबाट हटाउने र २०५५/६/२० देखि २०५७/५/३० सम्म मात्र सेवा गर्नू भएको हुँदा अध्ययन अवधीभर पाएको तलब भत्ता समेत ऐ. ऐनको दफा ४० (घ) को उपदफा २ बमोजिम असुल उपर गर्ने गरी श्री ५ को सरकार कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिवले २०६२/११/११ मा निर्णय गरेको देखिन्छ ।

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिवले गरेको निर्णय उपर अधिकारक्षेत्रको अभाव रहेको निजामती सेवा ऐनको दफा ६२ र ६३ ले तोकेको शर्त र प्रकृया पूरा नगरी गरेको प्रत्यायोजित अधिकारले मान्यता प्राप्त गर्न नसक्ने, सचिवबाटै दफा ६६ र ६७ बमोजिम स्पष्टीकरण लिने कार्य नभएको, स्पष्टीकरणको लागी गोरखापत्रमा सूचना प्रकाशित गरिएकोबाट सफाईको मौका दिएको भन्न नमिल्ने, विदा स्वीकृतीको लागी निवेदन दिईरहेकै अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को खण्ड (छ) को कसुर गरेको भन्न नमिल्ने, निजामती सेवा ऐन २०४९ को दफा ४० को उपदफा (घ) को देहाय (२) बमोजिम सेवा गर्नुपर्ने बाँकी अवधीको बारेमा प्रतिबद्धता व्यक्त गर्दा गर्दै उक्त अवधिको रकम असुल गर्ने निर्णय गैह् कानूनी हुने हुँदा २०६२/११/११ को कानून तथा न्याय मन्त्रालयको सचिवस्तरको निर्णय सहित सम्पूर्ण विभागीय कारवाही वदर गरी साविक पदमा पुनरवहाली गराई तलब भत्ता लगायतका सबै सुविधा दिलाई पाऊँ भन्ने पुनरावेदकको माग देखिन्छ । पुनरावेदकका माग अनुसार सचिवबाट भएको २०६२/११/११ को निर्णय बदर गरी साविक पदमा बहाल गराई तलब, भत्ता तथा सुविधा दिने गरी निर्णय लिनुपर्ने हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा प्रथमतः पुनरावेदकले पुनरावेदनमा उठाएका प्रश्नहरू तर्फ नै केन्द्रित भई निर्णय दिनुपर्ने हुन्छ । पुनरावेदकले सर्वप्रथम क्षेत्राधिकार विहीन व्यक्ति मन्त्रालयको सचिवबाट उपसचिव पुनरावेदकलाई हटाउन नमिल्ने भनी अख्तियारीको प्रश्न उठाइएको देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा ६२ ले अख्तियारवालाबाट ऐ.ऐनको दफा ५९ (ख) अनुसार हुने सजायको आदेश दिन सक्ने व्यवस्था गरेको छ । निजामती सेवा ऐनको दफा २ को देहाय (ग) मा अख्तियारवाला भन्नाले दफा ९ बमोजिम नियुक्त गर्ने अधिकारी सम्झनु पर्दछ भन्ने व्यवस्था गरेको देखिन्छ । ऐ. ऐनको दफा ९ ले निजामती सेवाको राजपत्राङ्कित पदमा नेपाल सरकारले नियुक्ति गर्ने व्यवस्था भएबाट राजपत्राङ्कित कर्मचारीको हकमा कारवाही गर्ने अख्तियारप्राप्त अधिकारी नेपाल सरकार रहेछ भन्ने प्रष्ट हुन्छ । कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा १ (झ) को (घ) ले नेपाल सरकार भन्नाले कार्यकारिणी अधिकारको प्रयोग गर्ने मन्त्रिपरिषद् सम्झनु पर्छ भनी निर्दिष्ट गरेकाले अधिकृत कर्मचारीलाई तत्काल कारवाही गर्दाका अवस्थामा अख्तियारवाला मन्त्रिपरिषद् नै सम्झनु पर्ने हुन्छ । मन्त्रिपरिषदले नेपाल सरकारको कार्य सम्पादनको लागी कार्य सम्पादन नियमावली अनुसार अधिकार प्रत्यायोजन तथा कार्य विभाजन गर्न सक्ने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४१ उपधारा १ मा व्यवस्था गरेको छ । राजपत्रमा प्रकाशित सोही कार्य सम्पादन नियमावलीले दिएको अख्तियारी प्रयोग गरी मन्त्रिपरिषदले गर्ने विभागीय कारवाही मन्त्रीहरूले नै गर्दै आइरहेको अवस्था छ । प्रस्तुत मुद्दामा कार्य सम्पादन नियमावली अनुसार मन्त्रीलाई भएको ऐनको दफा ६२ बमोजिम सजायको आदेश दिने अधिकार मन्त्रीको तर्फबाट ऐ. दफा ६३ अनुसार राजपत्रमा सूचना प्रकाशित गरी सचिवलाई अख्तियारी प्रत्यायोजित गरेको नदेखिँदा कानून तथा न्याय मन्त्रालयका सचिवबाट पुनरावेदकलाई विभागीय सजाय तथा रकम असुल गर्ने गरी २०६२/११/११ मा भएको विभागीय सजाय अधिकार क्षेत्रको अभाव भएकोले त्यस्तो निर्णयले बैधानिकता प्राप्त गर्न नसकी शून्य हुने हुँदा सो सम्बन्धमा केही बोलिरहनु परेन । सो हदसम्म प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालज्यूबाट भएको रायमा सहमत छु ।

पुनरावेदक शिव कुमार गिरीको पुनरावेदन जिकिर अनुसार साविक पदमा बहाल गराई तलव भत्ता सुविधा उपलब्ध गराउनु पर्ने हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा तत्कालीन कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिवबाट पुनरावेदकलाई गरिएको मिति २०६२/११/११ को विभागीय कारवाहीको निर्णय तथ्यगत कानून प्रमाणको प्रश्नहरूमा नभई मन्त्रीले सचिवलाई गरिए भनिएको प्रत्यायोजित अख्तियारी प्रकृयागत त्रुटिको कारण अवैधानिक हुन गएकोले शुरू अख्तियारप्राप्त अधिकारीबाट विभागीय कारवाही भई पुनरावेदन परेका वखत उठाइएका सम्पूर्ण प्रश्नहरूको सम्बन्धमा यस अदालतबाट न्याय निरोपण हुने नै हुँदा निजामती सेवा ऐन, २०४९ ले निर्दिष्ट गरेको अख्तियारप्राप्त अधिकारीबाट ऐ. ऐनको दफा ६६, ६७ र ६८ को प्रक्रिया पूरा गरी विभागीय कारवाही गर्नु भनी कानून न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयमा सम्बन्धित मिसिल फाइल पठाइदिनु । अध्यक्षको रायसंग सो हदसम्म मेरो राय फरक भएकोले प्रशासकीय अदालत नियमावली २०५१ को नियम ५ को उपनियम (३) बमोजिम निर्णयार्थ पेश गर्नू ।

.......................
(चित्रदेव जोशी)
सदस्य

इति सम्वत् २०६५ साल माघ ७ गते रोज ३ शुभम् ।

**सदस्य श्री वालानन्द पोडेलको राय**

यस अदालतबाट प्रस्तुत मुद्दामा मिति २०६५।१०।७ मा फैसला हुँदा अधिकार प्रत्यायोजन सम्बन्धी विधिशास्त्रीय मान्यता र सर्वोच्च अदालतबाट तत्सम्बन्धमा प्रतिपादित सिद्धान्त बमोजिम राजपत्रमा सूचना प्रकाशन नगरी विभागीय सजायका लागि अधिकार प्रत्यायोजन गरेको कार्य निजामती सेवा ऐन, २०४९ को दफा ६३ को प्रतिकूल भएकोले यी पुनरावेदकलाई मिति २०६२।११।११ मा गरिएको सचिवस्तरीय विभागीय सजायको निर्णय कानून प्रतिकूल भएकाले बदर हुने ठहर्छ भन्ने यस अदालतका अध्यक्ष श्री काशीराज दाहालज्यूको राय भएको र मिति २०६२।११।११ मा भएको सचिवस्तरीय विभागीय सजायको निर्णय अधिकारक्षेत्रको अभाव भएकोले त्यस्तो निर्णय वैधानिकता प्राप्त हुन नसकी शून्य हुने र शुरु अख्तियारप्राप्त अधिकारीबाट कारवाही भई पुनः यस अदालतमा पुनरावेदन परेका बखत यी पुनरावेदकले उठाएका सम्पूर्ण प्रश्नहरुको सम्बन्धमा यस अदालतबाट निरुपण हुने नै हुँदा निजामती सेवा ऐन, नियम बमोजिम कारवाही गर्नु भनी कानुन तथा न्याय मन्त्रालयमा सम्बन्धित मिसिल फाइल पठाइदिनु भन्ने यस अदालतका सदस्य श्री चित्रदेव जोशीज्यूको राय भई कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाउने भन्ने निर्णयमा मतैक्य नभएकाले प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ५ को उपनियम (३) बमोजिम दैनिक पेशी सूचिमा चढी यस इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित कानून व्यवसायीहरु अधिवक्ता श्री हरिप्रसाद उप्रेती र श्री जग्गनाथ सिंह महतो एवम् प्रत्यर्थीका तर्फबाट उपस्थित सरकारी वकिल श्री जिवनिधी पौडेलले गर्नुभएको बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक शिव कुमार गिरीलाई विभागीय सजायको निर्णय अधिकारप्राप्त अधिकारीद्वारा भएको हो होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो ।कानूनले जुन अधिकारीलाई विभागीय सजाय गर्ने अधिकार तोकेको छ त्यही अधिकारीले निर्णय गरेको हुनुपर्दछ । विभागीय सजाय गर्न पाउने अधिकारीले राजपत्रमा सूचना प्रकाशन गरी अधिकार प्रत्यायोजन गर्न सक्ने कानूनी व्यवस्था भएपनि यी पुनरावेदकलाई सजाय गर्ने अधिकारका सम्बन्धमा राजपत्रमा सूचना प्रकाशन गरी विभागीय मन्त्रीले सचिवलाई अधिकार

प्रत्यायोजन गरेको देखिन्न । निजामती सेवा ऐन, २०४९ को दफा ६३ बमोजिम अख्तियारवालाले आफनो अधिकार राजपत्रमा सूचना प्रकाशित गरी प्रत्यायोजन गरी सचिवलाइ दिएको भन्ने कुरा नदेखिंएको हुँदा यस अदालतका अध्यक्षज्यूले प्रस्तुत मुद्दाको निर्णयका सम्बन्धमा व्यक्त गर्नुभएको कानूनी आधार र कारण समेतबाट त्यस्तो अनधिकृत निर्णयले मान्यता प्राप्त गर्न नसक्ने हुँदा मिति २०६२।११।११ को यी पुनरावेदकलाई गरिएको विभागीय सजायको निर्णय बदर हुने भनी यस अदालतका अध्यक्षज्यूले गर्नुभएको निर्णय मनासिब देखिएकोले अध्यक्षज्यूको राय कायम हुने गरी सहमत छु । यस अदालतको पुनरावेदन दायरीको लगत कट्टा गरी यो फैसलाको प्रतिलिपि पुनरावेदक, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्तको कार्यालयलाई दिई मिसिल नियमानुसार गरी बुझाईदिनू ।

............................

(वालानन्द पौडेल)

सदस्य

इति सम्वत् २०६६ साल बैशाख १० गते रोज ५ शुभम्

# प्रशासकीय अदालत
## इजलास
**श्री काशीराज दाहाल............अध्यक्ष**
**श्री चित्रदेव जोशी ...............सदस्य**
**श्री बालानन्द पौडेल..............सदस्य**

## फैसला

सम्वत् २०६४ सालको पु.वे.नं........... ५८

**मुद्दा : विभागीय सजाय ।**

जिल्ला पर्सा धोरे गा.वि.स. वडा नं १ स्थायी घर भई हाल जिल्ला वन कार्यालय डोल्पामा कार्यरत रेञ्जर राजकिशोर प्रसाद स्वर्णकार ...............१ पुनरावेदक

**विरूद्ध**

जिल्ला वन कार्यालय, कैलाली.........................................................१
जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृत .......................................१
जिल्ला वन कार्यालयका तत्कालिन जाँचबुझ अधिकृत ईश्वरी प्रसाद पौडेल....१
} विपक्षी प्रत्यर्थी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :-

जिल्ला वन कार्यालय, कैलाली अन्तर्गतको पहलमानपुर इलाका वन कार्यालय अन्तर्गत मसुरिया रेञ्जपोष्टको कार्यक्षेत्रभित्र पर्ने सुनपाल वन क्षेत्रमा अवैधरुपमा खयरका रुखहरु कटान भइ रहेको संर्न्दभमा जाँचबुझ गर्दा २०० भन्दा बढी खयरका रुखहरु काटिएको पाइएकोले यती ठूलो परिमाणमा रुखहरु कटानी हुँदा सम्म समयमा नै जानकारी किन नगराउनु भएको हो ? नगराउनु पर्ने कारण के थियो ? यस सम्वन्धमा सत्यतथ्य विवरण खोली २४ घण्टा भित्र स्पष्टीकरण पेश गर्नुहुन भन्ने समेत व्यहोरोको जिल्ला वन कार्यालय कैलालीको मिति ०६३।९।२५ मा रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारलाई स्पष्टीकरण पेश गर्ने सम्वन्धमा लेखेको पत्र ।

पहलमानपुर इलाका वन अन्तर्गत मसुरिया रेञ्जपोष्टको कार्य क्षेत्रभित्र पर्ने सुनपाल वनमा अवैध रुपमा खयरका रुखहरु कसले काटे कटाएका हुन् मलाई थाहा छैन । यसमा मेरो केही दोष र संलग्नता छैन भनी यो स्पष्टीकरण जवाफ लेखी पेश गरेको छु भन्ने समेत व्यहोराको रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारले जिल्ला वन कार्यालय कैलालीमा मिति २०६३।९।२६ मा पेश गरेको स्पष्टीकरण ।

इलाका वन कार्यालय पहलमानपुर अन्तर्गत मसुरिया रेन्ज पोष्टको झुरीया तथा सुनपाल वन क्षेत्रमा अनियमित रुपले खयर रुखहरु कटानी भएको भन्ने सम्वन्धमा के कस्तो कटानी भएको हो ? सो सम्वन्धमा २०६३/९/२५ मा प्रारम्भिक जाहेरी गरिसकेको, त्यस बखत उक्त वन क्षेत्रमा काम गर्ने मसुरिया रेञ्जपोष्टका कर्मचारीहरुलाई पुनः सोही पोष्ट तथा वन क्षेत्रमा कार्यारत रहन दिंदा अझै अनियमितता हुनसक्ने र थप अनुसन्धानको काम गर्न समेत निज कर्मचारीहरुबाट बाधा विरोध हुनसक्ने देखिएकाले रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारको हकमा निजको लापरवाहीबाट उक्त बमोजिमको अनियमितता भएको देखिएकोले प्रचलित निजामती सेवा ऐन तथा नियमावली अनुसार तुरुन्तै निलम्वना गरी अनुसन्धान कार्य गरिनुपर्ने देखि आफ्नो राय समेतको प्रतिवेदन इलाका वन कार्यालय, पहलमानपुरका सहायक वन अधिकृत रोमराज लामिछानेले मिति २०६३/९/२७ गते वन कार्यालय, कैलालीमा पेश गरेको वन कटान भएको विवरण सहितको मुचुल्का सहितको राय प्रतिवेदन ।

मसुरिया रेञ्जपोष्टको झुरीया तथा सुनपाल वन क्षेत्रमा अनियमित रुपले खयरका रुखहरु रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारको लापरवाहीका कारण काटिएको भन्ने हुँदा सो सम्वन्धमा विस्तृत रुपमा छानविन गर्न रेञ्जर राजकिशोर स्वर्णकारलाई मिति २०६३/९/२७ गतेका निर्णयले सोही निर्णय मितिबाटै निलम्वन गरिएको हुँदा निज रेञ्जर राजकिशोर स्वर्णकार उपरको अभियोग जाँचबुझ गर्न निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (२) बमोजिम सहायक वन अधिकृत ईश्वरी प्रसाद पौडेललाई तोकिएको हुँदा तोकिए वमोजिमको कार्यविधि अपनाई जाँचबुझ गरी स्थलगत चेकजाँच अनुसन्धान गरी अनियमित रुपमा वन जङ्गल हानी नोक्सानी गराउने व्यक्ति माथि वन ऐन अनुसार कानूनी कारवाहीका लागि पेश गर्नहुन र अवैध रुपमा रुखहरु कटानीमा सम्वन्धित रेञ्जपोष्ट तथा इलाका वन कार्यालयका निम्नस्तरदेखि अधिकृत सम्मका कुन कुन कर्मचारीको के कस्तो संलग्नता छ ? संलग्नता देखिएमा कुन कस्तालाई के कस्तो कारवाही गर्नुपर्ने हो ? आफ्नो राय ठहर सहितको विस्तृत जाँचबुझ प्रतिवेदन पेश गर्न मिति २०६३/१०/७ मा जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृतले सहायक वन अधिकृत ईश्वरी प्रंसाद पौडेललाई लेखेको पत्र ।

मसुरिया रेञ्जपोष्ट अन्तरगत सुनपालको कन्द्रा वन क्षेत्रमा मिति २०६३/९/८ देखि मिति २०६३/९/१७ सम्म रुखहरु कटान भएको देखिन्छ । वन ऐन नियमको प्रकृया पूरा नगरी रुखहरु कटान भएको, रेञ्जर राजकिशोर स्वर्णकारले रेञ्जपोष्ट प्रमुखको हैसियतमा समयमा नै इलाका वन कार्यालय, पहलमानपुर वा जिल्ला वन कार्यालय कैलालीलाई अवैध रुख कटान सम्वन्धमा भए गरेका कामको जानकारी नगराएको र सोही क्षेत्रमा निजले छपान गरेका र जिम्मा रहेको टाँचा लागेका रुखहरु कटान भएका र केही विना छपान टाँचा भएका रुखहरु समेत कटान भएकोमा आफु स्वयं वा अन्य कर्मचारीलाई अनुगमन गर्न खटाउनु पर्नेमा सो नगरेको देखिंदा निजलाई निजामती सेवा ऐन २०४९ को दफा ५९ अनुसार कारवाही गर्न उपयुक्त हुने भन्ने समेत व्यहोराको मिति २०६३/११/२१ को जाँचबुझ अधिकृत श्री ईश्वरी प्रसाद पौडेलले जिल्ला वन कार्यालय, कैलालीमा पेश गरेको जाँचबुझ प्रतिवेदन ।

मसुरिया रेञ्जपोष्टको कार्यक्षेत्रमा पर्ने सुनपाल वनमा अवैध रुपमा खयर जातका रुखहरु काटिएको भन्ने सम्वन्धमा जाँचबुझबाट अनुगमन गर्न खटाउनु पर्नेमा सो नगरी लापरवाही गरेको

देखिएकोले निजामती सेवा ऐन, २०४९ बमोजिम प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको देखिंदा तपाईलाई ऐ.ऐनको दफा ५९ (क) (२) बमोजिम बढीमा दुई तलव वृद्धि रोक्का गर्ने तर्फ किन कारवाही नगर्ने ? नगर्नु पर्ने कुनै मनासिव कारण भए २४ घण्टा भित्र स्पष्टीकरणको जवाफ पेश गर्नु होला भन्ने समेत व्यहोराको जिल्ला वन कार्यालय कैलालीले रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारलाई स्पष्टीकरण पेश गर्ने विषयमा मिति २०६३।११।२१ मा लेखेको पत्र ।

वन कटान भएको क्षेत्रमा उक्त समयमा बाक्लो हुसु लागेको, जाडो जस्तो प्रतिकूल मौसम तथा मसुरिया जस्तो विद्रोहीको बलियो पकड भई सरकारी कर्मचारी बस्न समेत अप्ठेरो हुने स्थान भएकाले ज्यान जिउको बाजीलगाई घटना बारे अनुगमन तथा थप अनुसंधान कार्यसमेत जारी राखी आफ्नो पदीय दायित्व पूरा गरेको, समयमा नै काठको वरामदी मुचुल्का तथा काठ बुझाएको भर्पाइ तयार गरी प्रतिवेदन साथ उपल्लो निकायमा पेश गरेको, नोक्सानी कार्यमा संलग्न नभई निर्दोष रहेको, समयमै जानकारी गराउँदा समेत मलाई नकारात्मक रुपमा हेरी आफुले समयमै अनुगमन तथा निरिक्षण नगर्नु, आफुले कार्यवाही नथाल्नु, रेञ्जपोष्टका कर्मचारीलाई अनुसन्धान कार्यमा सहयोग नदिनु, मलाई फसाउने उद्देश्यले ढिलो गरी प्रतिवेदन दर्ता गर्नुले सहायक वन अधिकृत रोमराज लामिछानेले आफनो पदको दुरुपयोग गरी अवैध रुपमा खयर कटाउने काम गरेका हुन् । मैले सूचना दिंदा पनि सूचना लुकाई कार्यवाही समयमा नगरी मलाई फसाउने षडयन्त्र गरेका हुन् । अतः भएको प्रमाणबाट प्रष्ट हुन्छ कि सो घटनामा मेरो कुनै किसिमको संलग्नता छैन भन्ने समेत व्यहोराको रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारले मिति २०६४।४।११ मा पेश गरेको स्पष्टीकरण जवाफ ।

वन कार्यालय कैलाली अन्तर्गत पहलमानपुर इलाका वन कार्यालयको कार्य क्षेत्र भित्र पर्ने मसुरिया रेञ्जपोष्ट अन्तर्गत सुनपाल राष्ट्रिय वन क्षेत्रमा अनियमित खयरका रुखहरु कटानी भएको सम्वन्धमा उक्त मसुरिया रेञ्जपोष्टमा कार्यरत तत्कालिन रेन्जर राजकिशोर प्रसाद स्वर्णकार उपर निजामती सेवा ऐन, २०४९ अनुसार प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको कसुरमा विभागीय कारवाही गर्नको लागि निजको दुई तलव वृद्धि रोक्का गर्न लोक सेवा आयोगमा परामर्शका लागि लेखि आएकोमा लोकसेवा आयोगबाट मिति २०६४।९।२४ को पत्रबाट सो सजाय गर्न परामर्श प्राप्त भएको हुँदा आवश्यक कारवाहीका लागि सो सम्वन्धी प्राप्त फायल यसै पत्रसाथ संलग्न गरी पठाइएको छ भनी वन तथा भू संरक्षण मन्त्रालयको मिति २०६४।९।२९ को पत्र साथ प्राप्त फायल र आवश्यक कारवाही गरी सोको जानकारी यस विभाग, मन्त्रालय र लोक सेवा आयोगमा समेत दिनुहुन यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ भन्ने समते व्यहोराको वन विभागको मित २०६४।१०।६ को परामर्श सहित फायल फिर्ता पठाएको विषयको वन कार्यालय कैलालीलाई लेखेको पत्र ।

जिल्ला वन कार्यालय, कैलालीका रेञ्जर पदमा कार्यरत राज किशोर प्रसाद स्वर्णकार उपर जाँचबुझ अधिकृत ईश्वरी प्रसाद पौडेलबाट जाँचबुझ गर्दा गराउँदा आफनो कार्यक्षेत्र भित्र पर्ने मसुरिया रेञ्जपोष्ट अन्तर्गत सुनपाल राष्ट्रिय वन क्षेत्रमा अनियमित रुपमा खयरका रुखहरु कटानी भई निजले कानूनले तोकिदिएको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको देखिन आएकोले निज राजकिशोर प्रसाद स्वर्णकारसँग निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम

एक दिनको म्याद दिई सफाई माग गरिएकोमा निजले पेश गरेको सफाइको व्यहोरा सबुद प्रमाण र भएको हानीनोक्सानीको कारणबाट सन्तोषजनक नदेखिएकोले सो ऐनको दफा ६० को देहाय (ज) बमोजिमको कसुरमा ऐनको दफा ५९ (क) (२) बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्नु नपर्ने कुनै सबुद प्रमाण वा कारण भए २४ घण्टा भित्र स्पष्टीकरण पेश गर्नु भनी स्पष्टीकरण माग गरिएकोमा निजले मैले आफ्नो पदीय दायित्व रेञ्जरको हैसियतले पूर्ण रुपमा पालना गरेको छु, हानी नोक्सानी कार्यमा कुनै किसिमले संलग्न वा सहमत रहेको छैन भनी स्पष्टीकरण पेश गरेको देखियो । यस सम्वन्धमा संकलन भएका कागजात बुभिएका सबुद प्रमाण र पेश भएको स्पष्टीकरण उपर समेत विचार गर्दा संलग्न गरिएका/बुझिएका सबुद प्रमाणबाट निज राजकिशोर प्रसाद स्वर्णकारले ऐनको (पहिलो संशोधन) दफा ६० को उपदफा (ज) बमोजमको कसुर गरेको देखिएकोले निज राजकिशोर प्रसाद स्वर्णकार उपर ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) को सजाय प्रस्तावित गरी सो सजाय गर्नका लागि लोक सेवा आयोगको केन्द्रीय कार्यालय, काठमाडौबाट परामर्श प्राप्त भए अनुरुप निज राजकिशोर प्रसाद स्वर्णकारलाई ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २ (दुई) तलव वृद्धि रोक्का गर्ने सजाय दिने निर्णय आदेश गरिएको छ भन्ने व्यहोराको जिल्ला वन कार्यालय, कैलालीका जिल्ला वन अधिकृत मन बहादुर खड्काले मिति २०६४।१०।२१ मा गरेको सजाय आदेशको निर्णय ।

जिल्ला वन कार्यालय, कैलालीको कार्यक्षेत्र अन्तर्गत पहलमानपुर इलाका वन कार्यालयको कार्य क्षेत्र भित्र पर्ने मसुरिया रेञ्जपोष्ट अन्तर्गत सुनपाल राष्ट्रिय वन क्षेत्रमा अनियमित रुपमा खयरका रुखहरु कटानी भएको सम्वन्धमा जाँचबुझ गर्न खटाइएका जाँचबुझ अधिकृतको राय ठहर सहितको प्रतिवेदन समेतका आधारमा तपाइले निजामती सेवा ऐन, २०४९ अनुसार प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको देखिएकोले सोही कसुरमा २(दुई) तलव वृद्धि रोक्का गर्न विभागीय सजाय गर्ने सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्शका लागि वन विभाग बबरमहल काठमाडौमा लेखी पठाउदा वन विभागको मिति २०६४।१०।६को प्राप्त पत्रादेश बमोजिम तपाईले निजामती सेवा ऐन, २०४९ (पहिलो संशोधन) को दफा ६०(ज) बमोजिमको कसुर गरेको देखिएकोले तपाईलाई सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम २(दुई) तलव वृद्धि रोक्का गर्ने सजाय परामर्श प्राप्त भएको हुँदा सोही अनुसार यस कार्यालयका जिल्ला वन अधिकृतले मिति २०६४।१०।२१ गते गरेको निजामती सेवा नियमावली ( सातौं संशोधन), २०५० को नियम ११२ को उपनियम (१) संग सम्बन्धित अनुसूची-११७ बमोजिमको विभागीय सजायको आदेशको निर्णयानुसार निजामती सेवा ऐन (पहिलो संशोधन), २०४९ को दफा ६० (ज) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय खण्ड (घ) को म्याद भित्र पुनरावेदन दिन सकिने व्यहोरा जानकारी गराइन्छ भन्ने समेत व्यहोराको जिल्ला वन कार्यालय कैलालीको मिति २०६४।१०।२१ को २ तलव वृद्धि रोक्का गरिएको विषयको रेञ्जर राज किशोर प्रसाद स्वर्णकारलाई लेखेको पत्र ।

सजाय गर्ने अधिकारीले ऐन मात्र भनी उल्लेख गरेको छ तर कुन ऐन भन्ने ऐनको नामाकरण नै नगरी प्रचलित कानुनमा अस्तित्वमा नै नरहेको बेनामे ऐनको कसुर स्थापित गरी मलाई सजाय गरिएकोले उक्त कथित सजाय कानुनको सर्वोच्चता र कानुनको शासनको सर्वमान्य संवैधानिक सिद्धान्त विपरित भएकोले मुद्दाको तथ्य भित्र प्रवेश नै नगरी उक्त आदेश वदरभागी छ । निजामती सेवा ऐन, २०४९ को दफा ५९ ले उचित र पर्याप्त कारण भएमा मात्र कारवाही गर्नसकिने व्यवस्था

गरेकोमा मेरा हकमा कारवाही गर्नुपर्ने उचित र पर्याप्त कारण के हो भनी सजायको आदेशमा खुलाइएको छैन र मिसिल संलग्न कुनै पनि प्रमाणले मेरो हकमा कुनै पनि कारवाही गर्नुपर्ने हदसम्मको प्रमाण स्थापित गर्न सकेको छैन, कारवाही गर्नुपर्ने बस्तुनिष्ठ आधार स्थापित भएको अवस्थामा पनि निजामती सेवा ऐन, २०४९ को दफा ५९(क) ले कसुरको मात्रा अनुसार क्रमानुसार सजायको व्यवस्था गरेकोमा नसिहत नदिइकन एकैपटक तलव वृद्धि रोक्का गरिएकोले सर्वोच्च अदालतबाट प्रतिपादिन नजिर सिद्धान्त र स्वयं ऐनको बर्खिलाप भएकोले उक्त आदेश गैर कानूनी रहेको हुँदा मलाई २ तलव वृद्धि रोक्का गर्ने गरी जिल्ला वन कार्यालय कैलालीका जिल्ला वन अधिकृतले गरेको विभागीय सजायको आदेश बदर गरी पाऊँ भनी पुनरावेदक रेञ्जर राज किशोर स्वर्णकारले मिति २०६४।१२।११ मा यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

विभागीय सजाय गर्ने निर्णयकर्ताले गरेको सजाय कानूनी यथोचित विधि प्रकृया विपरित आत्मनिष्ठ किसिमले गरेको विभागीय सजायको निर्णय त्रुटिपूर्ण भएको भन्ने पुनरावेदकको जिकिर विचारणीय हुँदा अ.व. २०२ नं बमोजिम छलफलको लागि विपक्षी जिल्ला वन कार्यालयलाई महान्याधिवक्ताको कार्यालय मार्फत झिकाई आएपछि नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६५।३।९ मा भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक रेञ्जर राजकिशोर प्रसाद स्वर्णकारले प्रत्यर्थीद्वारा लगाइएको आरोप अनुरुपको अवैध रुपमा रुखहरु कटान गरिएको कार्यमा आफनो कुनै पनि किसिमको संलग्नता, हेलचेक्रयाई नभई उक्त रुखहरुको कटानमा स्थानीय उपभोक्ता समितिको संलग्नता भएकोले कानूनले तोकिदिएको पदीय दायित्व पूरा नगरेको भन्ने अभियोग तथ्यहीन भएकाले विभागीय सजाय गरेको निर्णय वदर गरी पाउँ भन्ने पुनरावेदन जिकिर र पुनरावेदकका तर्फबाट रहनु भएका अधिवक्ता श्री टिकाराम भट्टराईले विभागीय सजाय गर्दा कानूनको उचित प्रक्रिया विपरित कलुषित भावनाले प्रेरित एवम् प्रमाणको उचित विवेचना नगरी आत्मनिष्ठ र न्यायिक मनको प्रयोग समेत नगरी सजाय गरेकोले सो विभागीय सजाय वदर गरी पाउँ भनी गर्नुभएको वहस र प्रत्यर्थी कार्यालयका तर्फबाट रहनु भएका सरकारी वकिल श्री जीवनिधि पौडेलले यी पुनरावेदकले जिम्मेवारीपूर्वक पदीय दीयित्व वहन नगरेका कारण वन कटान भई नोक्सान हुन गएकोले सो आरोपमा अधिकारप्राप्त अधिकारीले गरेको विभागीय सजायको निर्णय कानून सम्मत नै भएको हुँदा सदर हुनुपर्दछ भनी गर्नुभएको वहस समेत सुनी सम्वन्धित फाइल कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा यस अदालतले देहायका प्रश्नहरुमा निर्णय दिनुपर्ने देखिन आयो :-

१. गैरकानूनी कार्यद्वारा वन जंङ्गलको विनाश र क्षतिबाट समाजमा पर्ने प्रतिकूल असरका सम्वन्धमा वन प्रशासन वा सम्वन्धित वन संरक्षण कर्मचारी कानूनतः जिम्मेवार हुन्छ हुन्न ?
२. यी पुनरावेदकलाई मिति २०६४/१०/२१ मा गरेको विभागीय सजायको निर्णय कानुनसम्मत छ छैन ? र सो विभागीय सजायको निर्णय वदर गर्नुपर्ने हो होइन ?

१. गैरकानूनी कार्यद्वारा वन जंङ्गलको विनाश र क्षतिबाट समाजमा पर्ने प्रतिकूल असरका सम्वन्धमा वन प्रशासन वा सम्वन्धित वन संरक्षण कर्मचारी कानूनतः जिम्मेवार हुन्छ हुन्न ? भन्ने प्रश्नको निर्णय

गर्न वनको महत्व, वन विनाशले समाजमा पार्ने प्रभाव, वनको संरक्षण, सुरक्षा, आरक्षण, बचाउ र व्यवस्थापनका सम्वन्धमा अन्तराष्ट्रिय कानूनका सिद्धान्तहरु, विभिन्न मुलुकहरुले त्यस सम्वन्धमा अपनाएका कानूनी एवम् प्रशासनिक व्यवस्था, वन संरक्षण अधिकारीको जिम्मेवारी, वातावरणीय न्यायका आधुनिक मान्यताहरु जस्ता विषयहरूमा चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ । वन जंङ्गल प्राणी जगतको जीवनसंग अन्तरसम्वन्धित विषय हो । "वन "भन्नाले केवल रूख र काठजन्य वनस्पतीको समुदायमात्र नभई पृथ्वी र वायु बीचमा सम्मिश्रित पारस्थितिकीय प्रणाली *(Eco– system)* एवम् जमीन र पारस्थितिकीय संरचनासँग अन्तर सम्वन्धित विषय पनि हो *(Burton Barnes,* ***Forest Ecology****, Newyork,1997,p.1 )* । वन विनाशले जमीनको स्वरूपको पारस्थितिकीय प्रणालीमा प्रत्यक्ष असर पुऱ्याउने कारण माटोको स्वरूपमा परिवर्तन, बाढी पहिरो, मरूभूमीकरण, पानीको स्रोतमा ह्रास,वन विनाशका कारण वन्यजन्तु, चराचुरूङ्गी र जडिबुटीहरूको लोप, वन्यजन्तुको वासस्थानमा संङ्कट, जलवायुमा कार्वनको असन्तुलनको स्थितीले पारस्थितिकीय प्रणाली खलबल्याई अन्तत: प्राणी समुदायको जीवन पद्धतिमा नै गम्भीर असर पार्ने र वनका कारण जैविक विविधताले जुन किसिमबाट जीवन्त वातावरण सृजना गरेको हुन्छ, त्यसमा वन विनाशको प्रतिकूल प्रभावले पारस्थितिकीय प्रणालीको जीवन्तताको अस्तित्वमा नै प्रतिकूल संकट पुऱ्याउँदछ । जीवहरूको किसिम र तिनीहरू बीचको संयोजन नै "जैविक विविधता" *(Bio–Diversity)* हो । जैविक विविधताले जलीय, स्थलीय, सीमसार भित्र रहेका जुनसुकै प्रजातिको आनुवंशिक वा वंशानुगत विविधता *(Genetic Diversity),* प्रजाति बीचको विविधता *(Spices Diversity)* र तिनीहरूको पारस्थितिकीय प्रणालीको विविधता *(Eco System Diversity )* लाई बुझाउँदछ *( P.H. Reven, "The Nature and Value of Bio Diversity" in K. Courrier ( ed).,* ***Global Bio-Diversity Strategy****,1992)* । पारस्थितिकीय प्रणालीले प्राणी, वनस्पति र शूक्ष्म जीवाणुहरूको समुदाय र तिनीहरूको निर्जिव वातावरणसंगको अन्तर सम्वन्धलाई जनाउँदछ । पारस्थितिकीय प्रणालीमा धरातलीय स्वरूपको आफ्नै महत्व छ । धरातलीय स्वरूपको विविधताले विभिन्न प्रकारको हावापानी, वासस्थान, वनस्पति र जीवजन्तुको विविधता तथा समुदायको जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसैगरी पारस्थितिकीय प्रणालीमा सिमसार क्षेत्रको पनि आफ्नै महत्व छ । सिमसार क्षेत्रहरू विभिन्न किसिमका जलचरहरुको साथै विशेषगरी चराचुरूङ्गी, अजिङ्गर र गोहीहरूको लागी उपयुक्त वासस्थान मानिन्छ ।

वर्तमान विश्वको एउटा जल्दोबल्दो समस्याको रुपमा देखिएको जलवायु परिवर्तनको प्रभाव सिंङ्गो मानव समुदाय र प्रकृतिका लागि साझा चुनौतीको रुपमा आएको छ । जलवायुमा आएको अस्वाभाविक परिवर्तनले सामाजिक, आर्थिक, पर्यावरणीय र विकासमा समेत गम्भीर नकारात्मक असर पार्दै आएको छ । जलवायु परिवर्तनको कारण सन् २००५ सम्ममा औषत तापक्रम ०.७४ डिग्री सेल्सियसले बढदै गइरहेको कारण पृथ्वीले जोखिमपूर्ण समस्याको सामना गर्दै आइरहेको छ । यसै सन्दर्भमा विश्व जलवायु परिवर्तनको बढदो प्रभावले गर्दा आर्थिक, पर्यावरणीय, सामाजिक क्षेत्रमा परिरहेको असरलाई मध्यनजर गर्दै **सन् १९९२ मा संयुक्त राष्ट्र संङ्घीय जलवायु परिवर्तन सम्वन्धी महासन्धि** जारी गरी सो महासन्धिले वर्तमान र भावी पिंढीको हितका लागि पक्षधर राज्यले पूर्व सावधानीका उपायहरु अवलम्वन गर्नुका साथै जलवायु परिवर्तनबाट पर्ने प्रतिकूल असरको रोकथाम र नियन्त्रणका लागि राष्ट्रहरुको बीच सहकार्यको आवश्यकतालाई औल्याएको छ । यसै पृष्ठभूमिमा **क्योटो उपलेख** *(Kyoto Protocol)* पारित गरी सो उपलेखले राष्ट्रहरुले आफ्नो हरित ग्यास उत्सर्जनमा कमी ल्याउनु पर्ने कुरालाई निर्दिष्ट गरेको छ । जलवायु परिवर्तनले समग्र पर्यावरणीय, सामाजिक एवम् आर्थिक अवस्थामा परिवर्तन ल्याई मानव जाति लगायत सम्पूर्ण प्राणी जगतलाई नै नकारात्मक असर पार्ने मानिएको छ । वायुमण्डलमा रहेको हरित गृह ग्याँसको मात्रा र अनुपातमा कमी ल्याउन,

जलवायु परिवर्तनका लागि कारक तत्व मानिएको हरित गृह ग्याँस उत्सर्जनमा वन विनाश रोक्नका लागि अन्तराष्ट्रिय स्तरमा गरिएको कार्य योजनालाई अगाडि बढाउन सबै राष्ट्रहरुले जोड दिनुपर्ने देखिन्छ । वायुमण्डलमा भएको कार्वनडाईअक्साइड सोस्न मद्दत गर्ने प्राकृतिक स्रोत वन जंङ्गल र सीमसार क्षेत्रको दिगो व्यवस्थापन गरी वातावरण मैत्री पद्धतिको विकास आवश्यक मानिएको छ । जलवायु परिवर्तन सम्वन्धी न्यूनिकरण र अनुकूलन केन्द्रित विषयवस्तु समावेश गरी अन्तराष्ट्रिय सन्धि सम्झौता अनुकूलन सम्वन्धी नीतिलाई समायोजन गर्दै स्थानीय ज्ञान र परम्परागत प्रविधिहरु मार्फत जोखिममा परेका समुदायहरुको चेतना, शिप, क्षमता र जिविकोपार्जन अभिवृद्धि गर्नु जरुरी देखिएको छ (ली-वर्ड, **जानकारीपत्र,** अंक २ चैत्र २०६५ ) ।

जीवनको अधिकारसँग वनजंङ्गलको अन्तरसम्वन्ध रहेकाले बाँच्न पाउने अधिकार अन्तर्गत वन जंङ्गलको संरक्षण र सम्बर्द्धन त्यतिकै आवश्यक छ । आधुनिक वातावरणीय विधिशास्त्रले वातावरणीय न्यायको सिद्धान्तलाई जीवन्तता प्रदान गर्न राष्ट्रहरूलाई तत्सम्वन्धी कानून र नीतिहरू तर्जुमा गरी लागू गर्न निर्देश गरेको छ । राज्यले दिगो विकास र मानिसको बाँच्न पाउने अधिकारको सम्मान गर्दै भावी सन्ततीको हक हितको संरक्षणका लागि नदीनाला, जलाशय, वायु, वनजंङ्गल, वनस्पति जस्ता प्राकृतिक सम्पदामा सबैको समान अधिकारको सुनिश्चितता गर्न **सार्वजनिक न्यास सिद्धान्त** *(Public Trust Doctrine)* को अवलम्बन प्राकृतिक सम्पदाको विनाशले पुऱ्याएको असर र प्रभावका निम्ति त्यस्तो पिडा पुऱ्याउने **पीडकले पीडितलाई मुनासिव क्षतिपूर्ति दिनुपर्ने** वा नोक्सानी व्यहोर्नु पर्ने सिद्धान्तको अनुशरण *(Polluter's pay Principle);* भौतिक संरचना निर्माण र उत्खनन गर्दा वातावरण विनाश हुन नदिई दिगो विकासकालागि **पूर्व सावधानीको सिद्धान्तको** पालना*(Precautionary Principle);* वर्तमान पिढिंको आफ्नो आवश्यकतालाई मात्र ध्यानमा राखी प्राकृतिक सम्पदाको अधिकतम प्रयोग गर्ने नभई भावी पुस्ताको पनि त्यस्तो प्राकृतिक सम्पदामा समान हक हुन्छ भन्ने मान्यतालाई आत्मसात गरेको **अन्तरवंशीय समन्यायको सिद्धान्त** *( Intergenerational Equity)* को अवलम्बन**;** जैविक विविधताको संरक्षण र बचाउ जस्ता आधुनिक वातावरणीय विधिशास्त्र र **हरित न्याय**का सिद्धान्तहरूको आधारमा राज्यले सोही अनुरूपको कानूनी पद्धतिको विकास गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ भन्ने अवधारणाहरू रहेको छ । वर्तमान पिढिंले भावी सन्ततीको हितलाई ध्यानमा राखेर प्राकृतिक सम्पदा र वन जंङ्गलको संरक्षण गर्नुपर्दछ । अन्तरवंशीय समन्याय जैविक विविधताको संचिती गर्ने विषयसँग सम्वन्धित छ । वातावरणका अन्य सिद्धान्तहरू यसैसंग अन्तरनिर्भर छन् । वन जंङ्गल जनताको नासोको रूपमा राज्यले संरक्षण गर्नु पर्दछ । वातावरणीय न्यायका सम्वन्धमा अन्तराष्ट्रिय समुदायबाट संयुक्त राष्ट्रसंघिय पहलमा विभिन्न महासन्धिहरू जारी भएका छन् । त्यस सन्दर्भमा सन् १९७२ को **स्टोकहोम घोषणापत्र,** सन् १९९२ को **रियो र पृथ्वी सम्मेलनको घोषणापत्र**, विकास र वातारणसंग सम्वन्धित विभिन्न महासन्धिहरू रहेका छन् । त्यस्ता महासन्धिहरुले निर्दिष्ट गरेको दायित्व पालना गर्नु पक्षधर राज्यको कर्तव्य हो ।

आधुनिक विश्वले प्राकृतिक सम्पदा र वन जंङ्गलको महत्वलाई आत्मसात गर्दै वनको संरक्षण, सुरक्षा, आरक्षण, बचाउ, व्यवस्थापन र वन संरक्षण अधिकारीको कर्तव्य र जिम्मेवारी जस्ता विभिन्न विषयहरुलाई ऐन कानूनमा समाहित गरी सो बमोजिम वन प्रशासनको संचालन र व्यवस्थापन गर्दै आएको देखिन्छ । उदाहरणका लागि केही मुलुकहरुको वन सम्वन्धी कानूनले अवलम्बन गरेका सिद्धान्तहरुको यहाँ चर्चा गरिएको छ । बेलायतमा वन जंङ्गलको संरक्षण गर्ने अभिप्रायले सर्वप्रथम राजा विलियम प्रथम ( १०६६-८७ ) को शासन कालमा वन सम्वन्धी कानून जारी भएको देखिन्छ ।

राजा हेनरी द्वितीयको समयमा राजाको स्वामित्वमा पशुपंक्षी र जंङ्गली जनावरको शिकार गर्ने प्रयोजनका निम्ति समेत करिव ३० प्रतिशत जंङ्गल क्षेत्र छुट्टयाइएको थियो । राजा जोनको समयमा जारी गरिएको सन् १२१५ को **महाअधिकारपत्र** *(Magnacarta)* को धारा ४४, ४७ लगायतका अन्य केही धाराहरूमा वन सम्वन्धी केही व्यवस्थाहरू गरिएको र सन् १२१७ मा वन संरक्षणका हेतु **"वनको वडापत्र"***(Charter of Forest)* जारी गरिएको देखिन्छ । बेलायतको वन सम्वन्धी कानूनको ऐतिहासिक रुपमा पुनरावलोकन गर्दा राजाहरूको स्वामित्व र नियन्त्रणमा वन जंङ्गलको निश्चित भाग छुट्टयाइएको र वन जंङ्गलको विनाश वा नोक्सान कसैले गरेमा त्यस्तालाई सजाय गर्न विशेष किसिमका अदालतहरूको समेत गठन भएको देखिन्छ । ट्युडर शासनको समय खासगरी जेम्स प्रथम र चार्ल्स प्रथमको समयमा राजाहरूले पैसा संकलन गर्न वनको विनाश व्यापक रुपमा भएको भन्ने देखिन्छ । बेलायतमा विलियम प्रथमको शासनकाल देखिनै वन संरक्षण गर्ने उद्देश्यले वन सम्वन्धी कानून तर्जुमा हुँदै आएको भएपनि आधुनिक समयमा वन संरक्षण सम्वन्धी अन्तराष्ट्रिय सिद्धान्तहरू समेतलाई समावेश गरी वन कानूनलाई सम सामयिक बनाउन सन् १९७० मा नयाँ वन ऐन जारी भएको छ । वनको संरक्षण, सुरक्षा, आरक्षण, बचाउ र व्यवस्थापनका निम्ति वन आयुक्तहरूको समेत व्यवस्था रहेको छ । यसरी बेलायतमा वन संरक्षणका निम्ति विशेष कानूनको तर्जुमा गरिएको र रूख संरक्षण सम्वन्धी जारी गरिएको विशेष आदेश *(Tree Presevation Orders)* ले राज्यको स्वीकृति विना रूख कटान, फडान, नोक्सान, नष्ट गरिएमा गम्भीर कसुर मानी कसुरको मात्रा अनुसार विभिन्न किसिमको सजाय हुने व्यवस्था गरी यस्तो कसुरलाई कठोर दायित्वको सिद्धान्त (*Strict Liability*) भित्र समावेश गरिएको छ *(Stuart Bell, **Environmental Law**, 1997, p. 532 )* । रूख काटने, वन नोक्सान गर्ने जस्तो कसुर लापरवाही, हेलचेक्राई, वदनियतपूर्ण वा जुन किसिमले गरेको भएपनि त्यस्तो गैरकानूनी मानवीय कार्यलाई कसुर मानी सजाय गरिन्छ *( **London Borough Council v Eastern Electricity Board**, 1973, 1 WR 430 )* । रूख संरक्षण गर्ने उद्देश्यले जारी गरिएको रूख संरक्षण आदेशको व्यवस्थालाई लागू गर्ने र अनुगमन गर्ने जस्ता सम्पूर्ण जवाफदेही राज्यको स्थानीय योजना अधिकारीमा रहने व्यवस्था समेत गरिएको देखिन्छ ।

क्यानाडाको सन् १९८९ को वन सम्वन्धी ऐनले वन संरक्षणका निम्ति सम्बन्धित मन्त्रीको काम कर्तव्य र अधिकार ऐनमा नै तोकिएको छ । वन मन्त्रीले वन सम्वन्धी नीति र कार्यक्रम निर्धारण गर्ने, वन व्यवस्थापनको क्षमता अभिवृद्धि, वन व्यवस्थापन संहिता र वन सरक्षण सम्वन्धी मापदण्डको तर्जुमा र कार्यान्वयन, वनको दिगो विकासको व्यवस्थापन गर्नुपर्ने जस्ता काम कर्तव्य तोकिएको छ । स्वीट्जरल्याण्डको संङ्घीय संविधान, २००२ ले परिसंघ र प्रान्तहरू दुबैले प्रकृतिको संरक्षण गरी दिगो विकास गर्नुपर्ने (धारा ७३), प्राकृतिक सम्पदा, जल र वन जंङ्गलको संरक्षण र बचाउका निम्ति विशेष उपायहरू अवलम्बन गर्नुपर्ने (धारा ७७) जस्ता सिद्धान्तहरूलाई स्वीकार गरेको छ । फिनल्याण्डले सन् १८८६ मा वन संरक्षण गर्ने उद्देश्यले वन ऐन जारी गरेको र वन ऐनले जैविक विविधता कायम राख्ने र पारिस्थितीकीय प्रणालीमा प्रतिकूल असर नपार्ने गरी मात्र वन पैदावारको प्रयोग गर्न सकिने सिद्धान्तलाई स्वीकार गरी लागू भइरहेकोमा वन संरक्षण सम्वन्धी अन्तराष्ट्रिय सिद्धान्तहरूलाई समेत समावेश गरी वनको व्यवस्थापन गर्ने उद्देश्यले फिनल्याण्डले सन् १९९७ मा नयाँ वन ऐन जारी गरेको देखिन्छ । जमीनको एक तिहाई भू- भाग वन जंङ्गलले ढाकेको जर्मनीमा जर्मनीको संङ्घीय वन ऐन, १९७५ ले वन विकास र विस्तारका निम्ति वनको दिगो व्यवस्थापन गर्न संङ्घीय र प्रान्तिय सरकारको जिम्मेवारी र दायित्व हो भन्ने कुरा निर्धारण गरेको छ । यसैगरी जर्मनीले वन संरक्षणका निम्ति वन नोक्सानमा क्षतिपूर्ति सम्वन्धी विशेष ऐन समेतको

व्यवस्था गरेको छ । सन १९९२ को पृथ्वी सम्मेलनले निर्दिष्ट गरेको सिद्धान्त बमोजिम वनको संरक्षण, बचाउ, विस्तार र व्यवस्थापनका लागि जर्मनीले दिगो वन व्यवस्थापनका नीति, कार्यक्रम एवम् योजनाहरु लागू गरेको देखिन्छ ।

अमेरिकामा वन र वनक्षेत्रको संरक्षण गर्नुपर्ने दायित्व संङ्घीय सरकार, राज्य सरकार, स्थानीय सरकार र निजी जग्गा धनी समेतको हुनेगरी कानूनद्वारा तोकिएको छ । वन क्षेत्रको संरक्षणका लागि विभिन्न सरकारी निकायहरू क्रियाशिल छन् । राज्यद्वारा वन जंङ्गलको संरक्षण र वन सम्पदाको रक्षा हेतु राष्ट्रिय वन प्रणाली अन्तर्गत करिव १५८ वटा प्रशासकीय इकाईहरू वन सम्पदाको बचाउ गरी पारस्थितिकीय प्रणालीलाई संरक्षण गर्न क्रियाशील देखिन्छन् । अमेरिकामा वन संरक्षणका निम्ति छुट्टै वन सेवा गठन गरी वन सेवाले राष्ट्रिय वन प्रणाली अन्तर्गत दीर्घकालिन पारस्थितिकीय प्रणालीको दिगोपन र स्थानीय प्रणालीको सहयोगबाट वन जंङ्गलको संरक्षण र बचाउ गर्नेगरेको देखिन्छ । अमेरिकामा सन् १८९० भन्दा पहिले रेलमार्ग, खनिज उत्खनन् र अन्य व्यापारिक प्रयोजनका लागि व्यापक रूपमा रूख कटान र वन फडानी भएकाले त्यसको रोकथाम, संरक्षण, वचावट, आरक्षण र सोको व्यवस्थापनका उद्देश्यले सन् १८९० को दशकदेखि अमेरिकी वन सेवा गठन गरी राष्ट्रिय वन प्रणालीको विकास गर्न सन् १८९७ मा कंग्रेसले कानून वनाई वन जंङ्गल र वन सम्पदाको हेरविचार, संरक्षण र व्यवस्थापनको विशेष व्यवस्था गरेको देखिन्छ । यसरी सन् १८९० को दशक देखि पारस्थितिकीय प्रणालीलाई दिगो बनाई राख्न वन र प्राकृतिक स्रोतको सुरक्षा, संरक्षण, बचाउ, आरक्षण र व्यवस्थापनका निम्ति विभिन्न ऐन कानून तर्जुमा गरिएको र वनको सुरक्षा र बचाउका निम्ति व्यवसायिक र प्राविधिक व्यक्तिहरू सेवामा नियुक्त गरी वनको व्यवस्थापन गर्ने गरेको देखिन्छ । वनको बचाउ र संरक्षणका निम्ति विशेष अध्ययन र अनुसन्धान गरेका करिव २५ हजार प्राविधिक र व्यवसायिक व्यक्तिहरू वन व्यवस्थापनमा संलग्न रहेको देखिन्छ । यसैगरी वन सम्पदाको अतिक्रमण गर्ने वा वन पैदावार चोरी गर्ने वा नष्ट गर्ने उपर अनुसन्धान तहकिकात गरी सजाय दिलाउन कानून कार्यान्वयन अधिकारीको विशेष व्यवस्था गरिएको छ । वन जंङ्गलको अतिक्रमण र वन नोक्सान पार्ने कार्यलाई गम्भीर प्रकृतिको कसुरको रूपमा राखी वनको बचाउ र संरक्षणका निम्ति विशेष विधायिकी व्यवस्थाहरू रहे भएको कारण वन चोरी र विनाशलाई रोक्न विधायिकाको दवावका कारण सन् १९९४ देखि वन व्यवस्थापन र बचाउका निम्ति कानून कार्यान्वयन गर्ने अधिकारीहरूको विशेष इकाइहरू विशेष वजेट सहित निगरानी गर्न विशेष व्यवस्थाहरू सरकारद्वारा गठन गरेको देखिन्छ । यस व्यवस्थाबाट वन चोरी वा वन अतिक्रमणमा सम्वन्धित वन संरक्षण अधिकारीको लापरवाही देखिएमा निजलाई समेत जिम्मेवार र उत्तरदायी बनाउने व्यवस्था गरिएको छ । वन मास्ने वा वन पैदावार चोरी गर्ने कार्यलाई **स्वेतपोष अपराध** (*White collor crime* ) को रूपमा हेरी वनको विनाश र नोक्सानीबाट वन बचाउन सम्वन्धित वन अधिकारी प्रति जनताको विश्वास बढाउन पनि त्यस्ता अधिकारीहरूलाई व्यक्तिगत तवरमा समेत कानूनी रुपमा जिम्मेवार बनाइने गरिएको छ ।

जापानको वन सम्वन्धी आधारभूत कानूनले राष्ट्रिय भूमि, जल सम्पदा, सार्वजनिक स्वास्थ्य, राष्ट्रिय वातावरण, जलवायु परिवर्तनको जोखिमको रोकथाम गर्न र वन पैदावारको आपूर्तिजस्ता बहु भूमिका रहेको वन जंङ्गलको महत्वलाई राष्ट्रिय सरकार र स्थानीय सरकारले आत्मसात गर्दै "प्राकृतिक वातावरणको बचाउ र संरक्षण" द्वारा नागरिकको जीवन सम्वृद्ध वनाई भविष्यका सन्ततीको हितका निम्ति वन व्यवस्थापनका सम्वन्धमा राज्यद्वारा उचित र पर्याप्त कदमहरू चाल्न

विशेष जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । सन् २००१ को वन सम्बन्धी आधारभूत कानूनले वन संरक्षण र बचाउका निम्ति सरकारले लिएको नीति, चालेका कदम र त्यसबाट प्राप्त भएका उपलब्धीहरू समेत समावेश गरीएको विस्तृत प्रतिवेदन प्रत्येक वर्ष व्यवस्थापिका *(Diet)* मा पेश गर्नुपर्ने व्यवस्था छ । वन जंङ्गलका सम्वन्धमा सरकारको नीति र कानूनको प्रभावकारी कार्यान्वयनका कारण जापानमा भूमिको ६७ प्रतिशत भू-भाग वन क्षेत्र रहेको र जापानमा वन माथिको स्वामित्वको स्थितिलाई हेर्दा ४४ प्रतिशत निजी, १९ प्रतिशत सामुदायिक र धार्मिक, ३७ प्रतिशत राज्यको स्वामित्वमा रहेको देखिन्छ( ***Bulletins of the National Resources****, Section, SCAP, Tokyo* ) । जापानमा यस किसिमले वन क्षेत्रको विस्तार र संरक्षण हुनुको कारण जनताको त्यस प्रतिको चेतना र जागरण, सरकारको तत्सम्वन्धी नीति र कदमहरूनै हुन भन्ने मानिएको छ । जापानको वन सम्वन्धी आधारभूत कानूनले वन जंङ्गलमा कुनैपनि किसिमले कसैबाट अतिक्रमण वा दखल पुऱ्याउने क्रियाकलाप गर्न नपाइने गरी विशेष व्यवस्था गरिएको छ । वन प्रशासनलाई  चुस्त र प्रभावकारी बनाउन सरकारले उचित बजेटको विनियोजन र कर्मचारी प्रशासनको दक्षता र क्षमताको अभिवृद्धि गर्नुपर्ने व्यवस्था समेत ऐनमा नै उल्लेख गरेको छ (दफा ७, २७, जापानको वन सम्वन्धी आधारभूत कानून, २००१) ।

श्रीलंकाको संविधानको धारा २८ (च) मा प्रत्येक नागरिकले प्रकृतिको संरक्षण र त्यसको सम्वृद्धिको बचावट गर्नुपर्ने कर्तव्य तोकेको छ । श्रीलंकाको सर्वोच्च अदालतले अन्तरवंशीय न्यायको सिद्धान्तलाई मान्यता दिई प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गर्ने अन्तिम जिम्मेवारी राज्यको हो भन्ने कुरालाई स्पष्ट गरेको छ (***Supreme Court Detertrmation No.14****–16/2003, reported 7 Supreme Court, Special Determination 14,* ***Public Citizen Trust*** *)* । श्रीलंकामा वन संरक्षण गर्ने अभिप्रायले जारी गरिएको वन कानूनको सन् १९९५ को संशोधन ऐनले समेत वन जंङ्गलको संरक्षण, बचाउ, आरक्षण र व्यवस्थापनका अतिरिक्त आरक्षित रुखहरु चाहे जङ्गलमा होस् वा अन्यत्र कानून बमोजिम बाहेक कुनैपनि किसिमले नोक्सानी पुऱ्याउन कटान गर्न नपाइने गरी नियन्त्रणको व्यवस्था गरको छ । यसैगरी बंगलादेशले वन जंङ्गल सम्वन्धी अन्तराष्ट्रिय सिद्धान्तहरुलाई समाहित गरी सन् २००० मा वन सम्वन्धी कानूनलाई संशोधन र अध्यावधिक गरेको देखिन्छ ।

चीनमा सन् १९९८ को वन सम्वन्धी कानूनले वन संरक्षणका सम्वन्धमा तत्सम्बन्धी निश्चित सिद्धान्तहरू ऐनमा नै समावेश गरेको देखिन्छ । जस अनुसार जनताको जीवन संरक्षणका लागि पानीको संचय, माटोको बचावट, जलवायुको समायोजन, स्वस्थ पर्यावरणीय विकास र वन पैदावारको आपूर्तिको लागि वन जंङ्गलको संरक्षण आवश्यक भएको तथ्यलाई स्पष्ट गर्दै यसका लाीग गैरकानूनी किसिमले वन जंङ्गल कटान, फडानी वा कुनै किसिमबाट नष्ट गर्ने कार्य कानूनद्वारा नै वर्जित हुने सिद्धान्तलाई ऐनमा उल्लेख गरिएको छ । वन जंङ्गलमा राज्यको स्वामित्व हुने, राज्य परिषदले अधिकार दिएको वन अधिकारीको स्वीकृत र इजाजत लिई उपभोक्ताको आवश्यकताको लागि वनमा उपभोक्ताको केही अधिकार हुने, राज्यले वन विज्ञान र प्रविधिमा आवश्यक अनुसन्धान गर्न प्रोत्साहन गर्ने, राज्यले सामुहिक र व्यक्तिगत वन उपभोक्ताहरूको वैधानिक हक अधिकारको संरक्षण गर्ने, राज्यले वन सम्पदा संरक्षणका लागि वन क्षेत्र विस्तारमा प्रोत्साहन गर्ने, समुह र व्यक्तिहरूलाई वृक्षारोपण र वनजंङ्गलको सम्वर्द्धन गर्न आर्थिक सहयोग र दीर्घकालिन ऋण प्रदान गर्ने, काठको प्रयोगको विकल्पहरूका रुपमा अन्य विकल्पहरु खोजी प्रयोग गर्न प्रोत्साहन गर्ने जस्ता उपायहरू अपनाउनु पर्ने सिद्धान्तहरू रहेको छ । यस्तै अल्पसंख्यक आदिवासीहरूलाई त्यस क्षेत्रको वन

पैदावारको उत्पादनबाट प्राप्त फाइदाहरूमा न्यायोचित हक हुने, वन अधिकारी आफ्नो क्षेत्र भित्रको वन संरक्षणका लागि अन्तिम जिम्मेवार हुने, सरकारले नागरिकलाई वृक्षारोपण, वन जंङ्गल संरक्षण र **वनीकरण** (*Afforestation)* गर्न सहभागीता गराउने, कुनै समुह वा व्यक्तिले वनीकरण, वन संरक्षण, वन व्यवस्थापन र वन सम्वन्धी वैज्ञानिक अनुसन्धानमा उत्कृष्ट योगदान पुऱ्याएका समूह वा व्यक्तिहरूलाई राज्यद्वारा सम्मान र पुरस्कार दिईने जस्ता सिद्धान्तहरू ऐनमा नै निर्धारण गरेको देखिन्छ । सो ऐनले वन प्रशासन र कार्यान्वयनका सम्वन्धमा विशेष व्यवस्था गरेको छ । जसअनुसार आ-आफ्नो अधिकारक्षेत्र भित्रको वन जंङ्गलको संरक्षण र व्यवस्थापन गर्ने अन्तिम जिम्मेवारी सम्वन्धित वन अधिकारीलाई तोकेको छ । यसैगरी वन अधिकारीले वनको संरक्षणका निम्ति स्थानीय तवरमा विभिन्न वन संरक्षण संगठनहरू स्थापना गर्ने र त्यस्ता संगठनहरूले वनसंरक्षणका निम्ति जन परिचालन गर्ने, वन क्षेत्र र सोको संरक्षणको दायित्व निर्धारण गर्ने, वन पालेहरू नियुक्ति गर्ने, वन कर्मचारीले वन संरक्षणका निम्ति पहरा दिनुपर्ने, वनमा आगलागी हुनबाट जोगाउने, वनमा लागेको डढेलोको नियन्त्रण गर्नुपर्ने, वन संपदाको नोक्सानी हुने गतिविधि रोक्नुपर्ने जस्ता कर्तव्यहरु समेत तोकिएको छ । वनलाई नोक्सान गर्ने, मरूभूमिकरण गर्ने, वन क्षेत्र अतिक्रमण गर्ने, कानून वर्खिलाप हुनेगरी वनमा शिकार गर्ने जस्ता कार्यलाई गम्भीर कसुर मानी सोही अनुरूप सजायको व्यवस्था गरिएको छ । गैरकानूनी किसिमले वन फडानी गर्ने वा रूख कटान गर्नेलाई कानून बमोजिम कैद, जरिवाना र क्षतिपूर्ति समेत व्यहोर्नुपर्ने दायित्व निर्धारण गरिएको छ । यसरी वन फडानी गरेको वा रूख कटान गरेकोमा त्यस्तो वस्तु जफत गर्ने, वनबाट अनधिकृत रूपमा प्राप्त गरेको फाइदा फिर्ता गर्नुपर्ने र नोक्सानीको विगोको १० गुणासम्म जरिवाना गरिने व्यवस्था देखिन्छ । यसैगरी वन संरक्षण गर्ने जिम्मेवारी तोकिएका वन अधिकारीले नै आफ्नो अधिकार दुरूपयोग गरी हेलचेक्राइ, लापरवाही वा पक्षपातपूर्ण व्यवहार गरेमा त्यस्तो कार्य फौजदारी कसुरको दायरा भित्र पर्ने प्रकृतिको देखिएमा सोही अनुरूपको सजाय गरिने र फौजदारी कसुर भित्र नपर्ने किसिमको कारवाही गरेको देखिएमा विभागीय सजाय हुने समेत व्यवस्था देखिन्छ ( दफा ४८, चीनको वन सम्वन्धी कानून, १९९८ ) ।

भारतीय संविधानको ४२ औ संशोधन १९७६ को धारा ५१ (क) ले नागरिकका विभिन्न कर्तव्यहरू निर्धारण गर्दै प्राकृतिक वातावरण जसमा वन जंङ्गल, ताल, नदी, वन्यजन्तुको संरक्षण, बचाउ र सम्वर्द्धन गर्नुपर्ने कुरालाई मौलिक कर्तव्यको रूपमा राखेको छ । यसैगरी वन ऐन लगायत विभिन्न विशेष ऐनहरूले वन संरक्षणका निम्ति राज्यका पदाधिकारीहरूको काम कर्तव्य समेत निर्धारण गरेको छ । वन संरक्षण गर्नु राज्यका पदाधिकारीको दायित्व भएको तथ्यलाई भारतीय न्यायपालिकाद्वारा समेत विभिन्न मुद्दाहरूमा स्पष्ट व्याख्या गरी सम्वन्धित निकायहरुलाई निर्देशन समेत जारी गरेको देखिन्छ । वातावरणीय संरक्षण र वनको महत्वका सन्दर्भमा **किन्कीदेवीको मुद्दा** लगायत अन्य मुद्दामा देहायको व्याख्या अदालतबाट भएको देखिन्छ :-

> *"To Insure the attainment of the Constitution goal of the protection and improvement of the natural, wealth and environment and of the safeguarding of the forests, the lakes, the rivers, and the wildlife and to protect the people inhabiting the vulnerable areas from the hazardous consequences of the arbitrary exercise of the power of granting mining leases and of indiscriminate operation of the mines on the strength of such leases without due regard to their life, liberty and property, the court will be left with no alternative but to intervene effectively by issuing appropriate writs, orders and directions including the direction as to the closure of mines, the operation whereof is proving to be hazardous and the total prohibition of the grant or renewal of mining leases till the Government evolves a long term plan based on a scientific*

*study with a view to regulating the exploitation of the minerals in the State without detriment to the environment, the ecology, the natural wealth and the resources and the local population.*

*...The Fundamental duties , provides that it shall be the duty of every citizen to protect and improve the natural environment including forests, lakes, rivers and wild life and to have compassion for living creatures. Thus there is both a constitutional pointer to the State and a constitutional duty of the citizens not only to protect but also to improve the environment and to preserve and safeguard the forest, the flora and fauna, the rivers and lakes and all the other water resources of the country. The neglect or failure to abide by the pointer or to perform the duty is nothing short of a betrayal of the fundamental law which the State and, indeed, every, high or low, is bound to uphold and maintain". (**Kinkri Devi** v. **State of Himachal Pradesh**, AIR 1988 ).*

*" Indisputably, forests are a much wanted national interest. On account of the depletion thereof, ecology has been disturbed, climate has undergone a major change and rains have become scanty. These have long term adverse effects on national economy as also on the living process. At the same time, we cannot lose sight of the fact that for industrial growth as also for provision of improved living facilities there is great demand in this country for energy such as electricity,. In fact, for quite some time the entire country in general and specific parts thereof, in particular, have suffered a tremendous setback in industrial activity of want of energy. A scheme to generate electricity, therefore, is of national importance and cannot be deferred." (**Banwasi Seva Asharam** v. **State of U.P** – AIR 1987 S.C. 374)*

भारतको सर्वोच्च अदालतले - प्राकृतिक श्रोतहरु राष्ट्रका महत्वपूर्ण पुँजीहरु हुन् । वन जंङ्गल र पारिस्थितिकीय प्रणाली प्रतिको अतिक्रमण संविधान प्रदत्त स्वस्थ जीवनको अधिकार माथिको उल्लघंन हो, प्राकृतिक श्रोतहरुको संरक्षण, बचाउ, आरक्षण, सुरक्षा र व्यवस्थापन गर्नु संघीय र प्रान्तीय सरकार लगायत सम्बन्धित सबैको दायित्वको विषय हो भन्ने निर्णय गरेको देखिन्छ (***TN Godavarman Thirumulpad* V. *Union of India and Others*,** *2006 SCC 13* ) । भारतीय वन ऐन, १९२७ ले वन जंङ्गललाई महत्वपूर्ण राष्ट्रिय सम्पदाको रूपमा स्वीकार गरी वातावरणीय स्थिरता र पारस्थितिकीय संन्तुलन कायम गर्न वन जंङ्गलमा अतिक्रमण गर्नबाट रोक्न, नोक्सान पुऱ्याउन वा रूख कटान रोक्न तथा वन जंङ्गलको सुरक्षा, बचाउ र संरक्षणको उद्देश्यले विभिन्न व्यवस्था गरेको छ । वन जंङ्गलको संरक्षण, सुरक्षा, आरक्षण, बचाउ र व्यवस्थापनका लागि अन्तराष्ट्रिय सन्धि सम्झौता र न्यायपालिकाबाट भएको निर्णय समेतलाई समावेश गरी विभिन्न समयमा वन सम्पदासंग प्रत्यक्ष सम्वन्धित विभिन्न २५ भन्दा बढी ऐन कानूनहरु जारी भएको देखिन्छ *( R.N. Chaudhry*, ***Law of Forests in India***, *New Delhi, 2004) ।*

एक्काइसौं शताब्दीमा प्रवेश गरेको आधुनिक विश्वमा वातावरणीय विनाशले मानव समुदायको जीवन पद्धतिमा गम्भीर खतरा पुऱ्याइएको पृष्ठभूमीमा दिगो विकास तथा वातावरणीय सन्तुलनका सम्वन्धमा सन् १९७२ को संयुक्त राष्ट्र संङ्घीय स्टोकहोम सम्मेलनले निश्चित सिद्धान्तहरु स्थापित गरेको देखिन्छ । स्वच्छ वातावरणमा जीउन पाउने नैसर्गिक अधिकारका सम्वन्धमा **ओजन तहको संरक्षण सम्वन्धी भियना महासन्धि, १९८५** को पनि त्यतिकै महत्व छ । सन् १९९२ को वातावरण र विकास सम्वन्धी **रियो सम्मेलनले** विकासको चाहना र वर्तमान एवं भविष्यका सन्ततीहरुको वातावरणीय आवश्यकताका बीच समन्वायिक दृष्टिले प्रयोग गर्ने गरी विकासको अधिकारलाई परिभाषित गर्दै विभिन्न २७ वटा सिद्धान्तहरु निर्धारण गरेको छ । **यसै**गरी सन् १९९२ को संयुक्त राष्ट्र संङ्घीय वातावरण र विकास सम्मेलनको "कार्यसूची एक्काइस" (*Agenda 21*) ले पारस्थितिकीय प्रणालीलाई नखल्बल्याई भौतिक विकासको कार्य गर्ने सिद्धान्त नै **दिगो विकास** हो भन्ने अवधारणालाई आत्मसात गरेको देखिन्छ । मुलतः "एजेण्डा २१" ले दिगो विकासका लागि राज्यले

वन जंङ्गलको संरक्षणको कार्यलाई प्राथमिकताको सूचीमा राख्नुपर्ने सिद्धान्त निर्धारण गरेको छ । वन जंङ्गलको संरक्षण, सुरक्षा, आरक्षण, बचाउ र दिगो व्यवस्थापन त्यतिकै आवश्यक छ भन्ने तथ्यलाई मनन् गरी सन् १९९२ को **पृथ्वी सम्मेलन** *(Earth Summit)* ले वातावरणीय संन्तुलन कायम राख्न वन सम्वन्धी विभिन्न १५ वटा सिद्धान्तहरू जारी गरेको देखिन्छ । वन सम्वन्धी सो सिद्धान्तहरूले वन सम्पदा वर्तमानको मानवीय आवश्यकता र भविष्यका सन्ततिको हितलाई समेत ध्यानमा राखी वनको दिगो विकास, वन व्यवस्थापन र वन संरक्षणका लागि हस्ताक्षरकारी राज्यहरूले वन संरक्षण र वन व्यवस्थापन गर्ने निकायहरूको सुदृढिकरण गरी ती सिद्धान्तहरू लागू गर्न निर्देश गरेको देखिन्छ । वनको दिगो विकासका लागि राष्ट्रिय वन कार्यक्रम लागू गर्ने सम्वन्धमा संयुक्त राष्ट्र संङ्घीय सिद्धान्तले दिगो वन व्यवस्थापनका लागि राष्ट्रको सार्वभौमसत्ता र वनप्रतिको राष्ट्रिय जिम्मेवारी, वनको संरक्षण, वचावट, विकास र विस्तार मैत्री कानूनको निर्माण, वनको संरक्षण र वृद्धिका लागि सरोकारवाला समूहको सहभागीता, वन संरक्षण र विकासमा दीर्घकालिन योजना, कार्यान्वयन र अनुगमन जस्ता व्यवस्था गरेको छ । विश्वका धेरै राष्ट्रहरुले अन्तराष्ट्रिय वन सम्वन्धी सिद्धान्त अनुकुल राष्ट्रिय कानूनको तर्जुमा र कानून अध्यावधिक गरी सोही अनुरुप कानून कार्यान्वयनको व्यवस्थापन गरेको देखिन्छ ।

आधुनिक विश्वले वन जंङ्गलको संरक्षण लगायत वातावरणीय कानूनको विकासमा जुन किसिमको सक्रियता देखाएको छ, आदिम समयमा नै पूर्विय ग्रन्थहरूले वनको महत्वलाई त्यतिखेर नै आत्मसात गरेको देखिन्छ । ऋग्वेदमा *'द्यौः शान्तिः, पृथ्वी शान्तिः, शामाःःशान्तिः, वनस्पतयः शान्तिः,'* जस्ता मन्त्रले क्रमशः आकाश, पृथ्वी, जल, वनस्पती जस्ता कुराको संरक्षण भएमा नै पृथ्वीवासीको कल्याण हुन्छ भनिएको छ । यस्तै अभिव्यक्ति मनुस्मृति लगायत विभिन्न ग्रन्थहरूमा देखिन्छ । नेपालको प्राचीन काल र मध्यकालमा समेत वन संरक्षणलाई त्यत्तिकै महत्व दिएको देखिन्छ । वि.स १६६६ मा गोरखाका राजा भएका रामशाहले जारी गरेको २६ वटा "थिती" ( कानून) मध्ये १३ औं र १४ औं थितीमा वन संरक्षणको व्यवस्था देखिन्छ । १३ औं थितीमा- बाटा घाटामा भएका रुखहरु नकाट्नु जसले रुख काटदछ त्यसलाई पाँच रुपैया दण्ड गर्नु भन्ने र १४ औं थितीमा पँधेरामा वन पाल्नु, रुख भएन भने पानी रहँदैन, सुकी जान्छ, वन धेरै फडानी गरियो भने पहिरो जान्छ , वाढीले खेत जमीन बगाउँदछ, वन भएन भने गृहस्थीको कुनै काम पनि चल्दैन, यसैले वन जोगाउनु, वन काट्नेलाई सजाय गर्नु भन्ने जस्ता व्यवस्था गरेको देखिन्छ । पृथ्वीनारायण शाहको शासन काल र त्यस पछि पनि वन संरक्षणका सम्वन्धमा विभिन्न इस्तिहार जारी गरी वन जंङ्गल फडान गर्न नहुने, रूख काटन नहुने, रूख काटेमा वा जंङ्गल फडान गरेमा त्यस्तालाई सजाय गर्ने गरी वन विनाश हुनबाट रोक्न विशेष कानूनी व्यवस्थाहरु देखिन्छ । वि.स १९१० को मुलुकी ऐनमा वन जंङ्गललाई महत्व दिई वन जंङ्गलको बन्दोबस्ती सम्वन्धमा विशेष व्यवस्था गरिएको थियो । राणा शासन कालमा वन सम्वन्धी इस्तिहार जारी गरी जसले फुलचोकी क्षेत्रको वनको रुख काटदछ त्यसलाई त्यही रुखको ठुटोमा बाँधी शिरच्छेदन गर्नु भन्ने व्यवस्था गरी वनलाई महत्व दिएको देखिन्छ (गोदावरी क्षेत्रको **वातावरणीय सिंहावलोकन प्रतिवेदन** भू तथा जलाधर संरक्षण विभाग, २०४५, पृष्ठ ३४) । नेपालले वन जंङ्गलको बचाउ र वातावरणीय संरक्षण गर्ने अभिप्रायले वन ऐन, २०१८, वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ जारी गरिएकोमा विक्रम संवत् २०४९ सालमा यी दुबै ऐनलाई खारेज गरी वन संरक्षण गर्ने उद्देश्यले वन ऐन, २०४९ जारी गरियो । वन र वातावरण संग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभिन्न कानूनहरू जारी गरेको देखिन्छ ।

वन जंङ्गलको महत्वका सम्वन्धमा अदालत पनि त्यतिकै संवेदनशील भई फैसलाहरू गरेको देखिन्छ । वि.स २०१० सालमा प्रधान न्यायालयले **सिंङ्ग वीर** विरूद्ध **मानवीर बुढा** समेतको मुद्दामा “जंङ्गल मासिंदा पानिको कमी भई रैति दुनियाँहरूलाई नै पिर मर्का पर्ने हुनाले वन जंलग नै कायम राख्नु....”भन्ने फैसला देखिन्छ ( निर्णय मिति २०१०/४/२० ) । वन सम्पदाको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्न सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा निर्देशनात्मक आदेश समेत जारी गरेको देखिन्छ । सर्वोच्च अदालतले **टनकपुर बाँध परियोजनाको मुद्दा** ( २०४९ ) मा “... देशको प्राकृतिक स्रोत राष्ट्रिय सम्पदा हो, त्यो देशका सबै नागरिकहरुको साझा सम्पत्ति हो । देशको आर्थिक विकास, वातावरण संरक्षण आदि विभिन्न दृष्टिकोणबाट देशका नागरिकहरुको त्यस्तो स्रोतमा सार्थक सरोकार रहेको हुन्छ” भन्ने निर्णय (रि.नं. १८५१/२०४८, **अधिवक्ता बालकृष्ण न्यौपाने** विरुद्ध **प्रधानमन्त्री समेत,** निर्णय मिति २०४९/८/३०)**; गोदावरी मार्वलको मुद्दा** (२०५२) मा “मानिसको जिउने अधिकार भित्र स्वच्छ र स्वस्थ वातावरणको हक पनि अन्तर्भूत हुन्छ । जिउने स्वच्छ र स्वस्थ वातावरण विना मानिस स्वस्थ तवरले जिउन सक्दैन । ...यस तथ्यलाई मनन् गरी वातावरण विनाश हुनबाट जोगाउने उपायहरू परिचालन गर्न पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षण तर्फ कारवाही गर्न ”सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको देखिन्छ ( रि पु इ नं. ३५/२०४९ **लिडर्स इंक प्रा.लि** विरूद्ध **वन तथा भू-संरक्षण मन्त्रालय समेत**, निर्णय मिति २०५२/७/१४ ) । **योगी नरहरी नाथको मुद्दामा** ( २०५३)“वातावरण मानव जीवनको अभिन्न अङ्ग हो । वातावरण विग्रिन गयो भने त्यसको प्रत्यक्ष असर मानव जीवन र पशुपंक्षीमा समेत पर्दछ । वातावरण राम्रो हुनका लागि वन जंङ्गलको ठूलो भूमिका रहने हुनाले वन र वनस्पतिको विशेष संरक्षण गर्ने दायित्व सरकारको हो” भन्ने व्याख्या गरेको देखिन्छ (**योगी नरहरी नाथ** विरूद्ध **प्रधानमन्त्रीको कार्यालय समेत,** निर्णय मिति २०५३/१/१७ ) । यसैगरी सर्वोच्च अदालतले अधिवक्ता **प्रकाशमणि शर्माको मुद्दामा**- “संविधान तथा ऐन कानूनको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हो, सार्वजनिक हक हितको प्रवर्द्धन गर्नु राज्यको प्रमुख दायित्व पनि हो । सर्वसाधारण जनताको सदाचार,स्वास्थ, सुविधा तथा आर्थिक हित कायम राख्न विद्यमान ऐन नियमहरुको परिपालना गर्ने गराउने काम तत् क्षेत्रबाट हुनु आवश्यक छ ( **प्रकाशमणि शर्मा** विरुद्ध **नेपाल सरकार,** रि.नं १९२४/२०५३ ) भन्ने र “ वातावरणको संरक्षण तर्फ प्राथमिकताको आधारमा गम्भीर चिन्तन मनन भई वातावरणको संरक्षणका लागि ठोस एवम् प्रभावकारी कदम सरकारी तवरबाट चालिनु पर्दछ ” भन्ने निर्णय भएको देखिन्छ ( रि नं. २९९१/२०५२,**प्रकाश मणी शर्मा** विरूद्ध **मन्त्री परिषद् सचिवालय समेत,** निर्णय मिति २०५४/१/२७ ) ।

विश्व भू-भागको ०.१ प्रतिशत मात्र भू-भाग ओगटेको नेपाल भू-भागको हिसावले विश्व मानचित्रमा सानो भए तापनि प्राकृतिक सम्पदाको दृष्टिले उर्वर मानिन्छ । मानवीय कार्यद्वारा समेत प्राकृतिक सम्पदा र वन विनाशमा गरिएको अतिक्रमणले गम्भीर असर पुर्‍याउदै गएको छ । सन् १९८६ मा प्रकाशन गरेको सरकारी तथ्याङ्क अनुसार नेपालमा सन् १९६४/६५ सम्म ६६,८९,००० हेक्टर ( कुल भूमिको ४५.३ प्रतिशत ) वन क्षेत्र रहेको *(WECS, 2001, **Wood Energy Planning of Nepal**, Water and Energy Commission Secretariat, GoN / Nepal )*, सन् १९७८/७९ सम्म ६३,०७,००० हेक्टर ( कुल भूमिको ४२.७ प्रतिशत ) वन क्षेत्र रहेको *(LRMP, 1986, Land Utilization Report, Land Resource Mapping Project, Kenting Earth Science Ltd, Government of Canada and Department of Survey, GoN, Kathmandu, Nepal )*, सन् १९८५/८६ सम्म ६२,१०,००० हेक्टर ( कुल भूभागको ४२.२ प्रतिशत ) वन क्षेत्र रहेको थियो *( MoFSC, 1988, **Master Plan of the Forestry Sector**, Government of Nepal, Ministry of*

*Forest and Soil Conservation Nepal, pp.26–28 )*। एरियल फोटोको माध्यमबाट सन १९९९ मा प्रकाशन गरेको तथ्याङ्ग अनुसार नेपालमा ५८,२८,००० हेक्टर ( कुल भूमिको ३९.२ प्रतिशत ) मात्र वन क्षेत्र रहेको छ *( DFRS, 1999,* ***Forest Resources of Nepal*** *(1987–1998), Department of Forest Research and Survey, Kathmandu, Nepal, Publication no 74 .)*। वनको यो क्षेत्रफलमध्ये पनि १०.६ प्रतिशत बुट्यान र झाडीको रुपमा रहेको छ भने हैसियत भएको वन क्षेत्र नेपालको कुल भूमिको जम्मा २९ प्रतिशत मात्र रहेको छ ( **नवौं योजना, राष्ट्रिय योजना आयोग,** पृ २६९) । नेपालको वन क्षेत्र सम्वन्धी पछिल्लो सरकारी तथ्याङ्गले नेपालमा वन विनाशको क्रम निरन्तर बढीरहेको छ भन्ने कुरा पुष्टि गर्दछ । तुलनात्मक रुपमा अन्य क्षेत्रको भन्दा तराइको वन विनाश दर बढ्दो रहेको छ । यद्यपि, समुदायिक वन हस्तान्तरण गरिएका क्षेत्रमा भने वनको हैसियतमा केही वृद्धि भएको छ भन्ने देखिन्छ (DoF, 2005, ***Forest Cover Change Analysis of the Terai Districts*** *(1990/91–2000/01), Department of Forests, Kathmandu, Nepal )*। नेपालको वन क्षेत्र सम्वन्धी यी अध्ययन प्रतिवेदनहरु अनुसार वन विनाशको मुख्य कारण वन अधिकारीहरुको अकर्मण्यता र वन सुशासनको अभाव हो भन्ने कुरा समेत देखाइएको छ ।

जलवायु परिवर्तनले नेपाल लगायत विश्वका सबै मुलुकलाई चिन्तित तुल्याएको छ । जलवायु परिवर्तन सम्वन्धी अन्तरसरकारी आयोग ( IPCC) ले सन २००५ मा प्रकाशन गरेको विश्व जलवायु अनुगमन प्रतिवेदनका अनुसार जलवायु परिवर्तनका लागि मुख्य कारकको रुपमा रहेको हरितगृह विश्वव्यापी हरितगृह ग्यासको झण्डै २० प्रतिशत उत्सर्जन वन विनाशको कारणबाट भइरहेको कुरा उल्लेख छ । औद्योगिक हिसावले नेपालले उत्सर्जन गर्ने हरितगृह ग्याँसको मात्रा नगण्य भएपनि नेपाल सरकार, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयले सन २००४ मा संयुक्त राष्ट्रसंङ्घ समक्ष पेश गरेको प्रतिवेदन अनुसार नेपालमा वन विनाशको कारणले वार्षिक २२,८९५ गीगा ग्राम कार्वन उत्सर्जन भईरहेको कुरा औंल्याएको देखिन्छ (*MOPE/UNEP ( 2004)* ***Initial National Communication to the Conference of the Parties of the United Nations Framework Convention on Climate Change****, Munich, Germany, October 8–13, 2006)* । वन विनाश डढेलोबाट समेत अत्यधिक रुपमा भइरहेको छ । यसरी वन विनाशले जलवायु परिवर्तन हुनमा ठूलो प्रभाव पारिरहेको भन्ने देखिन्छ । जलवायु परिवर्तनको न्युनिकरण र जोखिम नियन्त्रणका लागि वन विनाशको रोकथाम र नियन्त्रण गर्नु नै सबैभन्दा महत्वपूर्ण उपाय मानिएको छ । यसका लागि सरकारी निकायले सबैभन्दा महत्वपूर्ण रुपमा आफ्नो दायित्व निर्वाह गर्नुपर्छ । यस कार्यका लागि नागरिक, वन संरक्षण समूह र समुदायको दायित्वको पनि विशेष महत्व रहेको हुन्छ ।

चित्र नं १




चित्र नं २




(चित्र नं १ र चित्र नं. २ को नक्साले विश्व मरुभूमिकरणतर्फ बढ्दै गएको स्थितिलाई दर्शाउँछ । )

वातावरणीय विनाश अहिले विश्वव्यापी समस्याको रुपमा देखापरिरहेको छ । विश्वमा बढदो वातावरणीय विनाशसंग शुष्क र मरुभूमिकरणको समस्या पनि चर्को रुपमा देखापरिरहेको छ । अफ्रिकामा ६६ प्रतिशत, एसियामा ४६ प्रतिशत, ल्याटिन अमेरिकामा ३१प्रतिशत भू-भाग मरुभूमिको

चपेटामा परेको भन्ने देखिन्छ । मरुभूमिका कारण हाल विश्वको कुल जनसंख्याको ४४ प्रतिशत (दुई अर्ब साठी करोड ) मानिस प्रभावित भएका छन भने एक करोड पैतिस लाख मानिस विस्थापित हुने अनुमान गरिएको छ । वातावरणीय सन्तुलन कायम राख्न देशको कुल क्षेत्रफल मध्ये कम्तीमा ४० प्रतिशत घना वन जंङ्गलले ढाकेको हुनुपर्दछ । तर नेपालमा झाडी समेत जोडदा ३९.६ प्रतिशत मात्र वन जंङ्गल बाँकी रहेको र वन जंङ्गलको फडानी एवम् अवैज्ञानिक, अव्यवस्थित र गैरकानूनी किसिमले वन जंङ्गलभित्र ढुङ्गाहरूको उत्खनन् र ओसार पसारले प्रत्येक वर्ष नेपालको दुई करोड चालिस लाख घन मिटर माटो बगेर जाने र प्रतिवर्ष १.७० मिलिलिटर उर्वर भूमिमा माटोको सतह घट्ने गरेको समेत अध्ययनबाट देखिएको छ । चुरे तथा मध्य पहाडी भेगको १९, १३४ बर्ग किलोमिटर जमीन भू-क्षयका कारण अत्यन्त रुखो भई खेतीका लागि अयोग्य भइसकेको छ । यही अनुपातमा वन जंङ्गलको फडानी भइरहने हो भने आगामी १ दशक भित्र पहाडी क्षेत्रको तथा २ दशक भित्र तराइ क्षेत्रको वन जंङ्गलमा हुने नोक्सानले मुलुक खडेरी र भू-क्षय जस्ता प्राकृतिक विपत्तिहरुको सामना गर्नुपर्ने कुरामा वातावरण विद्हरुको चिन्ता प्रकट भएको देखिन्छ (**हाम्रो कल्पवृक्ष, वर्ष १९, २०६५** ) । जैविक विविधताको संरक्षण एवम् विस्तारका लागि वन विकास आधारभूत आवश्यकता हो । तर वनको अभाव वा वनक्षेत्र रुख विहीन भएको अवस्थामा वन विकास सम्भव हुँदैन । रुखले वरिपरिका वातावरणलाई स्वस्थ र स्वच्छ पार्छ र माटोलाई बलियोसँग समाई माटोको जगेर्ना समेत गरी जग्गा जमिनलाई भू-क्षय हुनबाट जोगाउँछ । नेपालका अधिकांश डाँडाहरु रुखविहीन छन् । जंङ्गलहरु पातला छन् । भएका रुखहरुको पनि हैसियत राम्रो छैन भन्ने सम्वन्धित क्षेत्रका विशेषज्ञहरुको भनाई रहेको देखिंदा (**वन स्थापन तथा व्यवस्थापन**, वन विभाग २०६१ ) वन संरक्षण र विस्तारका निम्ति राज्य, नागरिक र वन संरक्षण समुदाय ज्यादै संवेदनशील बन्नुपर्ने अवस्था देखिन्छ । वन सम्पदाको उचित सुरक्षा, संरक्षण, बचाउ र दिगो व्यवस्थापन गरी भविष्यका सन्तत्तिको प्रकृति माथिको न्यायोचित हक संरक्षित गर्न राज्यको दृढ इच्छाशक्ति आवश्यक छ ।

नेपालमा सरकारी अध्ययनले देखाए वमोजिम बाँकी रहेका उष्ण प्रदेशीय ओसिलो वन जंङ्गल सखाप हुन गएमा विभिन्न १० प्रजातिका रूखहरू, ६ प्रजातिका रेशाधार वनस्पतिहरू, ६ प्रजातिका फल खान योग्य रूखहरू, ४ प्रजातिका जडिबुटिहरू र करिव ५० प्रतिशतका बुट्यानहरू नष्ट हुने र २०० प्रजातिका चराहरू, ४० प्रजातिका स्तनधारी जीवजन्तुहरू र २० प्रजातिका घस्रने वा उभयचर जीवहरूको वासस्थान संकटमा पर्ने अवस्था छ *(HMG/ IUCN **Nation Conservation Strategy Nepal– Building on Success**,Kathmandu, 1988)* । यसरी जंङ्गलको विनाशले जैविक विविधतामा प्रतिकूल असर पुऱ्याएको छ । सन् १९७८ सम्मको १५ बर्षको अन्तरालमा करिव ४,००,००० हेक्टर जंङ्गल कटान गरिएको, त्यसैगरी १७७८ -१९९१ सम्ममा करिव ९९,००० हेक्टर तराइको साल ( सखुवाको रूख) को जंङ्गल कटान हुन गएको छ । नेपालमा वन विनाश १.३ प्रतिशतका दरले हुँदै गएकोमा त्यसमा वृद्धि हुनगई १.७ प्रतिशतका दरले विनाश वृद्धि भइरहेको भन्ने सरकारी आंकडावाट पनि देखिएको छ *(FRISP, **Deforestation in the Tarai Districts**, Publication No 16, Ministry of Forest and Soil Conservation, Kathmandu, 1994)* । विश्वमा पाईने पुतलीहरू मध्ये ४.२ प्रतिशत, चराहरूमध्ये ८.५ प्रतिशत, फूलफुल्ने वनस्पतिहरूमध्ये २.२ प्रतिशत, करिव ७०० प्रजातीका औषधीजन्य रूखहरूमध्ये ५,४०० नेपाल मै पाइन्छन् । नेपालमा रहेका केही सिमसार क्षेत्रका कारण साइवेरीयादेखि श्रीलंका सम्मका चराचुरूङ्गीहरू आउने गरेका छन भन्ने मानिएको छ । वन अतिक्रमण र विनाशले चितवनमा रहेको बीस हजारी ताल, कपिलवस्तुको जगदिशपुर ताल, कैलालीको घोडाघोडी ताल, सिराहाको चुरे स्थित कमल दह र बाबा ताल, सप्तकोशीको सिमसार क्षेत्र जस्ता विभिन्न सिमसार क्षेत्रहरू संकटमा पर्दै

गएको भन्ने देखिन्छ । यसरी नेपाल जैविक विविधताले समृद्ध देखिए पनि यता केही वर्षदेखि वन जंङ्गलको विनाशले वनस्पति *(Flora)* र जीवजन्तु *(Fauna)* को वासस्थानमा समेत संकट उत्पन्न भएको र केही उपयोगी र लाभदायक दुर्लभ वनस्पति र जीवजन्तुहरू लोप भइसकेको र केही लोप हुने अवस्थामा रहेको मानिएको छ । यसैगरी विश्वमान चित्रमा नेपाल जैविक विविधताको दृष्टिले सम्पन्न मानिएपनि गैरकानूनी किसिमबाट व्यक्ति वा व्यापारिक संस्थाहरूले जैविक ज्ञान र सम्पदाको जानकारी स्थानीय समूदायबाट लिई शोषणयुक्त जैविक चोरी ( *Bio–Piracy* ) का कारण त्यस्तो सम्पदा लोप हुँदै गएकोले स्थानीय समूदायको जिविकोपार्जन नै संङ्कटमा पर्दै गएको भन्ने देखिन्छ ।

नेपालमा वन संरक्षण गर्ने प्रयोजनका निम्ति वन प्रशासनको थालनी वि.स १९९९ मा काठमाण्डौ अड्डाको स्थापना गरी त्यस अन्तर्गत  तीन सर्कल र बाह् वन जाँच अड्डाहरू स्थापना गरिएको र वि.स २००७ सालको परिवर्तन पछि २००८ सालमा दुई सर्कल, ११ डिभिजन, ४४ रेन्ज कार्यालयहरू र वन विभाग समेतको स्थापना भएको देखिन्छ । वि.स २०१६ सालमा वन प्रशासनको सांगठनिक स्वरूपमा केही परिवर्तन गरी ७ वटा सर्कल र २२ वटा डिभिजनहरू खडा गरिएको र वि.स २०२६ सालमा केही सर्कल र डिभिजनहरूलाई खारेज गरी प्रधान वन कार्यालय र वन कार्यालयहरूको स्थापना भएको देखिन्छ । वि.स २०३३ सालमा राष्ट्रिय वन योजना लागू गरी प्रधान वन कार्यालयको ढाँचामा परिवर्तन गरी नौ वटा सर्कल, चालिस वटा वन डिभिजन र १७४ वटा रेन्ज कार्यालयहरूको स्थापना गरिएकोमा वि.स २०४० सालमा ५ वटा क्षेत्रीय वन निर्देशनालय, जिल्ला जिल्लामा जिल्ला वन कार्यालयको स्थापना गरेको र  वनको संरक्षण र व्यवस्थापनसंग सम्वन्धित नीति निर्माण गर्न, कानूनको कार्यान्वयन गर्न राज्यको सरकारी सांगठनिक स्वरूपमा हाल वन तथा भू-संरक्षण मन्त्रालय, विभाग, निर्देशनालय, ७४ वटा जिल्ला वन कार्यालय, ९२ वटा इलाका वन कार्यालय, ६९८ रेञ्ज पोष्टहरू रहेको देखिन्छ ( **हाम्रो वन,** २०६३/६४, वन विभाग ) । वन सम्वन्धी नीति निर्माण, वन सम्पदाको वैज्ञानिक व्यवस्थापन, वन क्षेत्रको रेखाङ्कन, नियन्त्रण र संरक्षण, वातावरणीय सन्तुलन, वन सम्पदाको उचित व्यवस्थापन, वन्यजन्तु र वनस्पतिको लेखाजोखा गरी दिगो व्यवस्थापन गर्ने जस्ता उद्देश्यले राज्य तहमा वन प्रशासनको विभिन्न सांगठनिक संरचनाहरु निर्माण भएको देखिन्छ । सरकारी वनको संरक्षण र सम्बर्द्धन गर्ने, वनसँग सम्वन्धित ऐन नियम तथा निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने, वन व्यवस्थापन, जैविक विविधता तथा वातावरण संरक्षण जस्ता कर्तव्य र जिम्मेवारी जिल्ला वन कार्यालय र त्यसका इकाइ संगठनहरूलाई दिइएको देखिन्छ ( **हाम्रो वन,** २०६३/०६४, वन विभाग, पृ ११-१२) । यसरी राज्यको तहबाट वनको संरक्षण, बचाउ र सुरक्षाका निम्ति दिगो व्यवस्थापन गर्न सरकारी संगठनहरू स्थापना भएको देखिए तापनि उचित किसिमले वन व्यवस्थापन हुन नसकिरहेका कारण वन माथिको गैर कानूनी अतिक्रमणलाई रोकथाम र नियन्त्रण गर्न, वन फडानी र वन जंङ्गलको नोक्सान, रूख कटान, वन पैदावारको गैरकानूनी ओसार पसार र बिक्री वितरण, वातावरणीय विनाश जस्ता कार्यहरू भइरहेको भन्ने कुरा विभिन्न प्रतिवेदन, पत्रपत्रिकाको समाचार र प्रस्तुत मुद्दासँग सम्वन्धित मिसिल फाइल समेतको अध्ययनबाट देखिन्छ ।

## चित्र नं ३




*(प्रस्तुत मुद्दामा यस चित्रमा देखाए बमोजिम गैर कानूनी किसिमले कैलाली जिल्लामा वन फडान र रुख कटान हुँदा सम्म जिम्मेवारी वहन नगरेको भन्ने मिसिल संलग्न घटनास्थलको विवरण )*

विश्वमा वन जंङ्गलको संरक्षण र वातावरणसंग सम्बन्धित दुई सय भन्दा बढी बहुपक्षीय अन्तराष्ट्रिय सम्झौताहरू र करिव ६ सय जति दुई पक्षीय सम्झौताहरू देखिन्छन् । यस्ता बहुपक्षीय महासन्धिहरूमध्ये नेपाल २३ वटा भन्दा बढी महासन्धिको पक्ष बनिसकेको छ । प्राकृतिक सम्पदा र वनस्पतिको संरक्षणार्थ नेपालले जैविक विविधता महासन्धि, सीमसार महासन्धि, दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार महासन्धि, विश्व सम्पदा महासन्धि जस्ता महत्वपूर्ण महासन्धिको पक्ष बनिसकेको भएपनि कतिपय तत्सम्वन्धी महासन्धिको पक्ष बनी दायित्व निर्वाह गर्नुपर्ने अवस्था छ । संयुक्त राष्ट्र संङ्घीय पहलमा जारी गरिएका वन संरक्षण र वातावरणसंग सम्बन्धित विभिन्न अन्तराष्ट्रिय महासन्धिले स्थापित गरेका सिद्धान्तहरू लगायत कतिपय मुलुकका वनसम्वन्धी कानूनले अंङ्गिकार गरेका सिद्धान्तहरूका सन्दर्भमा वन जंङ्गलको संरक्षण, सुरक्षा, आरक्षण, बचाउ र व्यवस्थापन गर्ने अन्तिम जिम्मेवारी राज्यको हो । राज्य अमूर्त हुन्छ, राज्यको तर्फबाट गर्नुपर्ने राज्यका कामहरु राज्यका पदाधिकारीहरूले नै गर्नुपर्ने कारण राज्यका पदाधिकारीहरुले कुनै समस्या, अड्चन वा कठिनाइको कारण देखाएर कानूनी दायित्वबाट पन्छिन मिल्दैन । वन संरक्षण गर्ने अधिकारी वन व्यवस्थापक भएकाले उसमा जैविक प्रक्रिया, जीवजन्तु जनावर र तिनीहरुको वासस्थान, वन संरक्षण र बचाउको योजना, वनीकरण गर्ने क्षमता जस्ता पक्षहरुमा ज्ञान, शीप र कुशलताका साथै वनको पारिस्थितिकीय प्रणाली, सामाजिक र आर्थिक पक्षसंगको अन्तर्सम्वन्धको महत्वलाई बुझेको हुनुपर्दछ । वन संरक्षण गर्नुपर्ने जिम्मेवारी भएका नीति निर्माता, वन संरक्षण अधिकारी वा वन व्यवस्थापकले वातावरणीय स्थायित्व, प्राकृतिक सम्पदाको बचाउ, माटोको क्षयीकरण हुनबाट रोक, वन फडान वा रुख कटानको रोकथाम र नियन्त्रण, जनताको आवश्यकता परिपूर्ति गर्ने किसिमबाट वन पैदावारको

उत्पादकत्वमा अभिवृद्धि, निजी वन वृक्षरोपणमा प्रोत्साहन, वन जोगाउन व्यापक जनसहभागीताको परिचालन जस्ता कर्तव्य र जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ ।

> *"To sustain ecological, economic and social values, insofar as forests are concerned, primarily, it is a question of forest management. Forest management remains the attempt to guide forests toward a society's goals. A forest manager is the catalyst of this effort. As such, the manager needs an earthy understanding of biological processes; a knowledge of animals and their habitats; an appreciation of streams and their environments; the long–range viewpoint of a planner; the patience of a labour negotiator, the skills of an administrator; and the alertness, flexibility and all–round resourcefulness of a successful business executive. Above all, the forest manager requires a genuine sense and feeling for the forest as an entity. This objective is to be borne in mind while considering the question of ecology as opposed to mere compensatory afforestation. Compensatory afforestation is only a small portion in the long–range efforts in the field of regeneration. It has been said that recognizing the aforesaid* uniqueness *while applying the principles of management is the heart of forest management.Thus, forest management planning involves a blend of ecological, economic and social systems with the economic and social sides of planning, often just as complex as the ecological sides".(**The Supreme Court Cases**,2006,Vol.1,1SCC p.4 )*

आधुनिक वातावरणीय विधिशास्त्रले जीवनको अधिकार अन्तर्गत प्रदुषणमुक्त जीउने अधिकार, प्रदुषणबाट प्रभावित समुदायको जीवन निर्वाहको संरक्षण, मानवबस्ती नजिक कुनै पनि किसिमको विषादी वा हानीकारक उद्योग संचालनमा निषेध, वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन, वातावरणीय विनाश प्रति व्यवस्थापन र प्रशासनको दायित्व, वातावरणीय न्यायको अवलम्वन र वातावरणीय शिक्षा मार्फत जनचेतना र जागरण जस्ता विषयहरुलाई समेटेको देखिन्छ (***Rural Litigation Entilement Kendra** v. **State of UP**, AIR, 1988, SC 2187; **M.C Mehta** v. **Union of India** AIR 1987, SC 965; **M. C Mehta** v. **Union of India**, 1992 AIR, SC 382; **Law Society of India** v. **Fertilizer and Chemicals Travancore**, AIR 1994, 308; **Indian Council for Enviro – Legal Actions** v. **Union of India**, 1996, AIR, SC 1446)* । यस सर्न्दभमा वन जंङ्गलको गैरकानूनी विनाशबाट मानव समुदायमा पर्ने असर र प्रभावका निम्ति सम्वन्धित वन प्रशासन र व्यवस्थापन समेत जिम्मेवार हुने देखिन्छ । माथी विभिन्न प्रकरणमा उल्लेख गरिएका विभिन्न मुलुकको कानूनी व्यवस्थाको अध्ययनबाट समेत वन प्रशासनमा संलग्न कर्मचारीहरुलाई गैरकानूनी कार्यबाट वन विनाश र क्षतिका निम्ति जिम्मेवार वनाएको देखिन्छ । नेपालको सन्दर्भमा वन ऐन, २०४९ बमोजिम सरकारी वन क्षेत्रहरुमा कसैबाट पनि कुनै किसिमले वन अतिक्रमण हुन नसकोस्, यदि कुनै किसिमले कसैबाट अतिक्रमण भएमा त्यसलाई कारवाही गर्न वन अधिकृत तथा वन सहायक (रेन्जर) समेतको व्यवस्था गरेको देखिंदा वन संरक्षण गर्ने जिम्मेवारी भएको व्यक्तिले नै आफ्नो कर्तव्य र दायित्व प्रति सचेत नभई हेलचेक्रयाई, लापरवाही वा वदनियतपूर्ण कारवाही गर्न पुग्यो भने वन संरक्षण गर्ने राज्यको चाहना र कानूनको उद्देश्य विफल हुनपुग्दछ । यसरी वन संरक्षणका निम्ति नै राज्यले विशेष अधिकार सहितको वन संरक्षकको व्यवस्था गरेको भन्ने कुरा सम्वन्धित वन कर्मचारीले मनन गर्नुपर्ने विषय हो । यस सन्दर्भमा वन जंङ्गलको संरक्षणद्वारा वन सम्पदाको सुरक्षा र बचाउ गर्नु सरकारको वन सेवा अन्तर्गतका सम्वन्धित सबै कर्मचारीको उत्तिकै जिम्मेवारीको विषय हो । त्यसमा पनि रेञ्जरको काम त वनको संरक्षण गर्नु नै हो । “रेञ्जर” शब्द स्वयंमा अंग्रेजी शव्द हो, जसको अर्थ आफ्नो क्षेत्रभित्रको सम्पदाको निरिक्षण, अवलोकन, निगरानी, पालोपहरा *(Travel around an area )* गर्नुपर्ने व्यक्ति भन्ने बुझिन्छ । बेलायतमा १४ औं शताब्दीदेखि वन संरक्षक र वन कानून लागू गर्ने व्यक्तिको रुपमा रेञ्जरलाई परिभाषित र पहिचान दिंदै आएको र नेपाल लगायत अन्य मुलुकहरुले पनि **रेञ्जर**लाई सोही अर्थमा लिएको देखिंदा वन संरक्षण र सम्बर्द्धन गर्नु रेञ्जरको प्राथमिक दायित्व हो भन्ने कुरामा विवाद देखिन्न । प्रस्तुत मुद्दामा गैरकानूनी किसिमले

मानवीय कार्यद्वारा जुन किसिमबाट वन विनाश भएको घटना सहितको विवरणहरू फाइल संलग्न माथिको चित्र नं. ३ बाट समेत देखिंदा त्यस्तो विनाश हुनबाट रोक्ने जिम्मेवारी यी रेञ्जर पुनरावेदक समेतको हो भन्ने कुरामा विवाद देखिन्न ।

२. यी पुनरावेदकलाई मिति २०६४/१०/२१ मा गरेको विभागीय सजायको निर्णय कानुनसम्मत छ छैन ? र सो विभागीय सजायको निर्णय वदर गर्नुपर्ने हो होइन ? भन्ने प्रश्न तर्फ विचार गर्दा यी पुनरावेदक जिल्ला वन कार्यालय कैलालीमा रेन्जर पदमा कार्यरत रहँदा आफ्नो कार्यक्षेत्र भित्र पर्ने राष्ट्रिय वन क्षेत्रमा अनियमित रुपमा रुखहरु कटानी भई राष्ट्रिय वन क्षति भएकोमा निजले पदीय दायित्व जिम्मेवारीपूर्वक वहन नगरेको भन्ने आरोपमा निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम जिल्ला वन कार्यालय कैलालीका जिल्ला वन अधिकृतले मिति २०६४/१०/२१ मा २ (दुई) तलब वृद्धि रोक्का गर्ने सजाय गरेको देखियो । यी पुनरावेदक कार्यरत रहेको क्षेत्रमा अनियमित र अवैध रुपमा रुखहरु कटानी भई वन नोक्सानी भएको भन्ने कुरामा विवाद देखिन्न । यी पुनरावेदकको लापरवाहीबाट उक्त अनियमित रुखहरु कटान भएको भन्ने मिति २०६३/९/२७ को सहायक वन अधिकृत रोमराज लामिछानेको प्रतिवेदन समेतबाट देखिन्छ । यी पुनरावेदकले आफ्नो संलग्नता वा लापरवाहीबाट उक्त क्षेत्रमा अवैध किसिमले रुख कटान भएको नभई रेञ्जर रोमराज लामिछानेले पदको दुरुपयोग गरी निजले नै वन कटाउने काम गरेका हुन भन्ने आरोप लगाई मिति २०६४/४/११ मा स्पष्टीकरण दिएको देखिंदा यसरी एकले अर्कालाई आरोप प्रत्यारोप गरी जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ । वन संरक्षण गर्नुपर्ने कर्तव्य र जिम्मेवारी भएका रेञ्जरहरु आ-आफुमा नै यस किसिमको आरोप प्रत्यारोप गरी दायित्वबाट पन्छिन मिल्ने होइन । जसको संलग्नताबाट उक्त नोक्सान भएको हो, उसलाई सम्बन्धित अधिकारप्राप्त अधिकारीले कारवाही गर्नुपर्ने हुन्छ । यी पुनरावेदकको उक्त घटनामा के कस्तो संलग्नता छ भन्ने सम्वन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न जिल्ला वन कार्यालयबाट गठित जाँचबुझ अधिकृत ईश्वरी प्रसाद पौडेलको मिति २०६३/११/२१ को जाँचबुझ प्रतिवेदनमा निज पुनरावेदकले तत्सम्वन्धमा अनुगमन गर्ने, कर्मचारी खटाउने जस्ता कुनै काम कारवाही नगरेकोले वन नोक्सानी हुन गएको हो भनी यी पुनरावेदकलाई विभागीय कारवाही गर्न राय समेत दिएको देखिन्छ । वन कटानका सम्वन्धमा यी पुनरावेदकले समयमा नै रोक्न तत्सम्बन्धमा जानकारी सम्वन्धित कार्यालयलाई गराएको भन्ने जिकिर लिएको भएता पनि मिति २०६३/९/८ देखि मिति २०६३/९/१७ सम्म त्यस क्षेत्रमा अनियमित तवरले व्यापक रुपमा सरकारी वन कटान भएको र निजको प्रतिवेदन मिति २०६३/९/२५ मा मात्र दर्ता भएको देखिन्छ । समयमा नै वन कटान सम्वन्धी विवरण सहितको जाहेरी गरेकोमा निमित्त अधिकृत रोमराज लामिछानेले दर्ता नगरेको र निजकै मिलोमतोमा रुख कटान भएको भन्ने यी पुनरावेदकले स्पष्टीकरणमा उल्लेख गरेको देखिंदा यदि त्यो कुरा भएको हो भने आफुभन्दा माथिल्लो अधिकृत वा निकायमा त्यस सम्वन्धी जानकारी गराउनु पर्ने यी पुनरावेदकको कानूनी कर्तव्य हो । सो दायित्व निजले पूरा गरेको पनि देखिँदैन । यसरी समयमा नै वन कटान रोक्न निजले सजकता देखाएको भन्ने नदेखिएको स्थितिमा निजको जिकिर मुनासिव देखिन आएन ।

वन ऐन, २०४९ ले राष्ट्रिय वन क्षेत्रभित्र वन फाड्ने, आगो लगाउने र वन पैदावार गैर कानूनी किसिमले ओसारपसार, विक्री वितरण गर्ने, रुख विरुवा काट्ने वा कुनै किसिमले वनको नोक्सान गर्ने जस्ता कार्यलाई कसुर मानी कसुर गर्नेलाई कसुरको मात्रा अनुसार सजाय गर्न सो ऐनको दफा ५० ले विभिन्न सजाय निर्धारण गरेको देखिन्छ । वन सम्वन्धी कसुर गर्न लागेको छ

भन्ने शंका लागेमा वा कसुर गरेको अवस्थामा फेला पारेमा वन सम्बन्धी काम गर्ने कर्मचारीले सो अपराध हुन नपाउने प्रवन्ध गर्नुपर्ने र सो कामको लागि चाहिँदो वल प्रयोग गरी आवश्यक कारवाही गर्नसक्ने अधिकार सो ऐनको दफा ५५ ले सम्वन्धित वन कर्मचारीलाई दिएको छ । यसैगरी वन ऐन, २०४९ ले वन सम्वन्धी कसुरको रोकथाम र नियन्त्रणका लागि त्यस्तो कसुरको अनुसन्धान तहकिकात दायरी र कारवाही गर्ने समेतको अधिकार वन कर्मचारीलाई दिएको देखिन्छ । यसरी वनको संरक्षण, सुरक्षा, बचाउ र उचित व्यवस्थापन गर्नु राज्यका तर्फबाट सम्वन्धित वन कर्मचारीको मुख्य कर्तव्य र दायित्वको विषय हो । वन सम्वन्धी कसुर रोक्न सम्वन्धित वन कर्मचारीले चाहिंदो वल प्रयोग गरी आवश्यक कारवाही गर्नसक्ने समेतको अधिकार कानूनले प्रदान गरेको अवस्थामा विभिन्न वहाना र कारण देखाई वन अतिक्रमण, नोक्सान र रुख कटान हुनबाट संरक्षण गर्न नसकिएको भन्ने जस्ता सम्वन्धित वन संरक्षण कर्मचारीको जिकिर मुनासिव मान्न सकिन्न । वन विनाशको क्षति जुन मात्रामा भएको छ सो अनुपातमा गरिएको सजाय कमै मान्नु पर्छ भन्ने तर्क पनि इजलासमा प्रस्तुत भएको सन्दर्भमा कसुरको मात्रा अनुसार सजाय हुनुपर्ने दण्डशास्त्रको सामान्य सिद्धान्त हो । कसुरको मात्रासंग मेल नखाने गरी सजाय गर्नु दण्डशास्त्रको मान्यता अनुरुप नहुने हुन्छ । अदालतले अभियोग पत्रमा दावी लिएको भन्दा बढी सजाय गर्न नहुने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेकोले सो सिद्धान्तको सीमा भित्र रही अदालतले निर्णय गर्नुपर्ने हुन्छ । यी पुनरावेदकको कार्यक्षेत्रभित्र रहेको सरकारी वन क्षेत्रमा व्यापक किसिमले लामो समयदेखि वन कटान भई राष्ट्रिय क्षति भइरहेको भन्ने कुरामा यी पुनरावेदक स्वयंले स्वीकार गरेकै देखिएको यस स्थितिमा वन कटान रोक्न विभिन्न कार्य गर्नुपर्ने कानूनी दायित्व भएका यी पुनरावेदकलाई सो दायित्व पूरा नगरेको आरोपमा जिल्ला वन कार्यालय कैलालीका जिल्ला वन अधिकृतले निजामती सेवा ऐन, २०४९ को दफा ६६ वमोजिम सफाई पेश गर्ने मौका दिई दफा ६८ बमोजिम लोकसेवा आयोगबाट परामर्श लिई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम दुई तलब वृद्धि रोक्का गर्नेगरी गरेको मिति २०६४/१०/२१ को विभागीय सजायको निर्णय कानूनसम्मत नै देखिंदा वदर गरिरहनु परेन, सो निर्णय सदर हुने ठहर्छ ।

वातावरणीय विनाशको रोकथाम र पारस्थितिकीय संन्तुलन कायम राख्न ‘वन बचाउ’, ‘रूख बढाउ’, ‘पर्यावरणीय प्रभावलाई कम गर’ भन्ने जस्ता नारा सहितको अभियान विश्व आन्दोलनको रूपमा अगाडि आएको देखिन्छ । मानव जातिको स्वस्थ जीवन रक्षाका लागि समेत पारिस्थितिकीय प्रणाली संन्तुलन राख्न वन जंङ्गलको संरक्षण, सुरक्षा, आरक्षण र बचाउका लागि वन सुशासनको आवश्यकता पर्दछ । वनजंङ्गल लगायत प्राकृतिक स्रोत जनताको नासोको रूपमा राज्यले संरक्षण गर्नुपर्दछ । आधुनिक राज्यले प्रत्येक व्यक्तिलाई पारस्थितिकीय रूपमा शुद्ध, सुरक्षित र स्वच्छ वातावरणमा बस्न र बाँच्न पाउने वातावरणीय न्यायको हकलाई संरक्षण गर्नुपर्ने मान्यता विकसित भएको देखिन्छ । जलवायु परिवर्तनको प्रभाव एवम् प्रकोपबाट बच्नको लागि राज्यले प्राकृतिक स्रोत, सम्पदा र वन जंङ्गलको विशेष संरक्षण गर्नुपर्ने दायित्व हो । स्वच्छ वातावरणमा जीउने नागरिकको नैसर्गिक अधिकार हो । नेपालमा वातावरणसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धीत १०६ वटा भन्दा बढी विभिन्न किसिमका कानूनी व्यवस्थाहरु भएपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । कानून कार्यान्वयन गर्ने निकायको क्षमता अभिबृद्धि, कानून कार्यान्वयन र अनुगमन गर्ने प्रभावकारी संयन्त्रको निर्माण, वन र वातावरण संरक्षण अधिकारीको काम कर्तव्य र अधिकारका सम्बन्धमा दोहोरोपन नहुने गरी स्पष्ट दायित्वको किटान, समन्वय र एकिकृत दीर्घकालिन योजनाको निर्माण, वन र वातावरणको महत्वका सम्बन्धमा सञ्चार माध्यम लगायत विभिन्न तरिकाबाट

सूचनाको प्रसार प्रचार, हरित न्यायका सिद्धान्तहरूलाई समाहित गरी वातावरणीय अदालत वा हरित इजलासका निम्ति तत्सम्बन्धी ऐन कानूनको समयसापेक्ष सुधार र विकास, वन जङ्गल र स्वच्छ वातावरणको महत्वप्रति नागरिक जागरण र स्थानीय समुदायको सहभागीता, प्राकृतिक श्रोतमा पहुँच र लाभमा समन्यायिक बाँडफाँड जस्ता व्यवस्थाको सुनिश्चितता आवश्यक देखिएको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (ड) ले राज्य पक्ष भएको अन्तराष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यको दायित्व हो भन्ने कुरालाई स्पष्ट व्यवस्था गरेको सन्दर्भमा वातावरण र वन जंङ्गलको संरक्षण, सुरक्षा, आरक्षण र बचाउका सम्वन्धमा राज्य पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताको भावना अनुरुप कानूनी व्यवस्था निर्माण गर्नु राज्यको संवैधानिक दायित्व रहेको छ। यसैगरी संविधानको धारा ३५ को उपधारा (५) ले "राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ। जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्वन्धित क्रियाकलापहरुद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवम् वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ। वन र वनस्पति तथा जैविक विविधताको संरक्षण दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ" भन्ने व्यवस्था गरेको देखिंदा सो व्यवस्था सम्मत कानून निर्माण गर्नु र सोही अनुरुप दिगो व्यवस्था गर्नु सरकारको जिम्मेवारीको विषय हो। राज्यले मुलुकको सर्वोच्च कानून अर्थात संविधानद्वारा समेत प्राकृतिक सम्पदा जसमा वन जंङ्गल वनस्पति, ताल तलैया, सिमसार, नदी, वन्यजन्तु र प्राकृतिक वातावरणको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने नागरिक कर्तव्यको सम्वन्धमा समेत स्पष्ट व्यवस्था गर्नु त्यतिकै आवश्यक छ। आज नेपालमा भएको वन विनाश र वनमा भएको अतिक्रमणले जैविक विविधतामा पुऱ्याएको प्रतिकूल प्रभावका कारण भू-क्षय, पानीको स्रोतमा कमी, खेतीको उर्वरा शक्तिमा ह्रास, चराचुरूङ्गी र पशुपंक्षीको लोपोन्मुख अवस्था जस्ता स्थितिले पारस्थितिकीय प्रणालीमा पुऱ्याएको गम्भीर असरका कारण प्राणीमात्रको जीवन कष्टकर र संकटमा पर्दै गएको भन्ने देखिन्छ। वन विनाशका कारणले जलवायु परिवर्तनमा अस्वभाविक किसिमले तापक्रममा वृद्धि, माटोमा आएको परिवर्तनले माटोको सुख्खापनको कारण माटो उर्वराहीन र प्रयोगहीन बन्दै गएको, जमिन मरूभूमि बन्दै गएको भन्ने जस्ता तथ्यहरूप्रति राज्य संवेदनशील बन्नुपर्ने अवस्था छ। यसै सन्दर्भमा सन् १९७२ को **संयुक्त राष्ट्रसंङ्घीय स्टोकहोम सम्मेलनले** "दिगो विकास" को अवधारणालाई आत्मसात गरेको पृष्ठभूमिमा विकासका कार्यहरू र वातावरणीय संरक्षणका बीच उचित संन्तुलन हुनुपर्ने कुरालाई राज्यले ध्यान दिनुपर्ने देखिन्छ। यसैगरी सन् १९९२ को **रियो सम्मेलन र पृथ्वी सम्मेलनले** निर्दिष्ट गरेको विकास, वातावरण र वन जंङ्गल सम्वन्धी सिद्धान्तहरूलाई आत्मसात गरी राज्यले वन विनाशको वातावरणीय प्रभावबाट जोगाउन विभिन्न उपायहरू परिचालन गर्नुपर्ने हुन्छ। पारस्थितिकीय प्रणालीलाई सन्तुलन राख्न कुल भू-भागको कम्तिमा ४० प्रतिशत भू-भाग वन जंङ्गल क्षेत्र हुनपर्दछ भन्ने देखिन्छ। नेपालमा केही वर्ष अगाडिको तथ्याङ्ग अनुसार वन २९ प्रतिशत र झाडी १०.६ प्रतिशत समेत जोड्दा ३९.६ प्रतिशत देखिएको छ। वन जंङ्गल सम्वन्धी सरकारी आंकडाले पनि वन विनाश खतराको अवस्था तर्फ गइरहेको देखिन्छ। जापानमा ६७ प्रतिशत, भुटानमा ६८प्रतिशत, स्वीडेनमा ४८ प्रतिशत, रूसमा ४० प्रतिशत, बोस्निया हर्जगोभिनामा ५० प्रतिशत भू-भागमा वन रहेको आँकडा देखिन्छ। आज विश्वका धेरै मुलुकहरूमा वन विनाश हुँदै गइरहेको र नयाँ प्रविधि प्रयोगको आधुनिक शैली समेतको कारण जलवायु परिवर्तनले मानव समाजमा गम्भीर असर पुऱ्याइरहेको छ। यस वास्तविकतालाई मनन गर्दै स्टोकहोम सम्मेलनका मान्यताहरू, वन सम्वन्धी पृथ्वी सम्मेलनका सिद्धान्तहरू, रियो सम्मेलनका घोषणाहरु, वातावरणीय न्यायका अवधारणाहरू र वन संरक्षणमा उल्लेख्य सफलता प्राप्त गरेका मुलुकहरूले

आत्मसात गरेका कानूनी सिद्धान्तहरूलाई नेपालको सन्दर्भमा समेत अवलम्वन गरी वातावरण मैत्री कानून बनाउनु आवश्यक छ । यसैगरी वन प्रशासनका क्षेत्रमा सम्बद्ध पदाधिकारी वा कर्मचारीले प्राकृतिक स्रोत, पर्यावरणीय सन्तुलन र जैविक विविधतामा गैरकानुनी मानवीय कार्यबाट हुने क्षति वा विनाशको लागि सम्वन्धित पदाधिकारी समेत जिम्मेवार वनाइने आधुनिक वन विधिशास्त्रले आत्मसात गरेको सिद्धान्तलाई समेत नेपालको वन कानूनमा समाहित गराउन त्यस्तो वन कर्मचारीको वन संरक्षण सम्वन्धी कर्तव्य, जिम्मेवारी र सजाय सम्वन्धित वन ऐन कानूनमा नै स्पष्ट किटानी व्यवस्था गरी वातावरण मैत्री कानून बनाउन नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । यस निर्णयको जानकारीका लागि वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको ध्यानाकर्षणका लागि फैसलाको प्रमाणित प्रतिलिपि समेत पठाउनु र यो फैसलाको प्रतिलिपि जानकारीको लागि वातावतरण मन्त्रालय, पुनरावेदक र सम्बन्धित कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार बुझाइदिनू ।

..................................
(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छौं ।

.................................... ............................
(बालानन्द पौडेल ) (चित्रदेव जोशी)
सदस्य सदस्य

इति सम्वत् २०६६ साल बैशाख ३ गते रोज ५ शुभम् ।

# प्रशासकीय अदालत

## इजलास

**श्री काशीराज दाहाल.............अध्यक्ष**
**श्री चित्रदेव जोशी ...............सदस्य**
**श्री वालानन्द पौडेल..............सदस्य**

## फैसला

सम्वत् २०६३ सालको पु.वे.नं........... ५६

**मुद्दा :- सेवाबाट हटाएको ।**

जिल्ला धादिङ्ग गुम्दी गा.वि.स. वडा नं ८ निवासी कृषि तथा सहकारी मन्त्रालय, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवनका बागवानी विकास अधिकृत एकप्रसाद सिंखडा.......................................................१ पुनरावेदक

**विरूद्ध**

नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय..............................................१ विपक्षी प्रत्यर्थी

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :-

बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा.) तपाई एकप्रसाद सिंखडालाई बागवानी केन्द्र सोलुखुम्बुले मिति २०६१।४।१ देखि लागु हुने गरी सरूवा रमाना गरी पठाएको भए तापनि उक्त रमाना हुनु पूर्व कृषि विभागले तपाईको आफनो पदाधिकार रहेको कार्यालयमा मिति २०६१।१।१० देखि नियमानुसार हाजिर हुन जान पठाएकोमा तदनुरूप तत्कालिन कार्यालय बागवानी केन्द्र सोलुखुम्बुमा हाजिर हुन नगई आउनुभएको र यस केन्द्रमा समेत हाजिर हुन नआउनुभएको हुँदा यसरी अनुपस्थित रहनाको आवश्यक स्पष्टीकरणसहित सम्पर्क राख्न आउन तपाईको घर ठेगाना गुम्दी गा.वि.स. वडा नं ८, धादिङ्गमा मिति २०६१।७।१९ मा पत्राचार गरिएको तर पनि सम्पर्क राख्न नआउनुभएको र तत्सम्बन्धी कुनै किसिमको जवाफ समेत प्राप्त हुन नआएको हुँदा विदा स्वीकृत नगराई लामो समयदेखि अनुपस्थित रहीरहनाको कारण र सबुद प्रमाण भए सो सहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ दिनभित्र निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम सफाई पेश गर्न नेपाल सरकारको मिति २०६१।१०।६ को निर्णयानुसार सूचना प्रकाशित गरिएको छ भन्ने व्यहोराको कृषि तथा सहकारी मन्त्रालय बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका बागवानी विकास अधिकृत एकप्रसाद सिंखडालाई सफाई पेश गर्ने बारेको मिति २०६१।१०।१२ मा गोरखापत्रमा प्रकाशित सूचना ।

नेपाल सरकारको मिति २०५७।११।३ को निर्णयानुसार मनोनयन भई जाइका कार्यक्रम अन्तर्गत अध्ययन गर्न मिति २०५७।११।१९ बाट तीन बर्षका लागि जापान गएको र अध्ययन समाप्त भई मिति २०६०।१२।१९ मा कृषि विभागमा हाजिर भएकोमा विद्यावारिधिको थप अध्ययनको लागि पुनः जापान गएकोले कार्यालयमा उपस्थित हुन नसकेको हो, थप अध्ययन विदा स्वीकृत गरी पाउँ, उक्त अध्ययन कार्य समाप्त भएपछि प्रचलित ऐन नियम बमोजिम आफ्नो सेवामा फर्की सेवा गर्नेछु भन्ने समेत व्यहोराको यी पुनरावेदक एक प्रसाद सिंखडाले मिति २०६१।१०।१२ मा गोरखापत्रमा प्रकाशित सूचनाको आधारमा मिति २०६१।११।२४ मा वीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख समक्ष पेश गरेको स्पष्टीकरण ।

बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा.) तपाई श्री एकप्रसाद सिंखडा मिति २०६१।१।१० देखि आफ्नो पदाधिकार रहेको कार्यालयमा कुनै सूचना नदिई अनुपस्थित रहँदै आउनुभएको सम्बन्धमा कारवाही हुँदा नेपाल सरकारको मिति २०६१।१०।६ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम मिति २०६१।१०।१२ को गोरखापत्रमा सूचना प्रकाशित गरी सफाई माग गरिएकोमा तपाईबाट तोकिएको म्यादभित्र कुनै सफाई प्राप्त हुन नआएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१)(६) को उल्लघन गरी विना सूचना लगातार ९० दिनभन्दा बढी अवधिसम्म आफ्नो कार्यालयमा अनुपस्थित रही आएको कसुरमा तपाईलाई सोही ऐनको दफा ५९ (ख) (१) अनुरूप भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट किन नहटाउने ? सेवाबाट हटाउने गरी विभागीय सजाय दिनु नपर्ने कुनै सबुद प्रमाणहरू भए सो सहितको स्पष्टीकरण यो सूचना प्रकाशित भएको मितिले बाटो म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र यस बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र हरिहरभवन ललितपुरमा पेश गर्नुहुन नेपाल सरकारबाट मिति २०६१।११।२४ मा भएको निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा ६७ को प्रयोजनार्थ यो सूचना गरिएको छ भन्ने समेत व्यहोराको कृषि तथा सहकारी मन्त्रालय बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवनले एकप्रसाद सिंखडालाई स्पष्टीकरण माग गरिएको विषयमा गोरखापत्रमा मिति २०६१।११।२९ मा प्रकाशित सूचना ।

नेपाल सरकारको मिति २०६१।११।२४ को निर्णयानुसार मिति २०६१।११।२९ को गोरखापत्र दैनिकमा प्रकाशित सूचनाद्वारा निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) (६) को उल्लघनको अभियोगमा सबुद प्रमाण सहित सफाई माग गरएकोमा म उक्त विश्वविद्यालयमा अध्ययनरत भएको हुँदा उचित समयमा सूचना प्राप्त गर्न नसकेकोले तोकिएको समयभित्र उपस्थित हुन नसकेको व्यहोरा अनुरोध गर्दै एम. एस्सी. अध्ययनार्थ जाँदाको अध्ययन विदा स्वीकृत भएको जानकारी नपाएकोले थप अध्ययनका लागि जादा आवश्यक विदा माग गर्न संचित विदा नखुलेको कारण निवेदन दिन नसकेको व्यहोरा समेत अनुरोध गर्दछु । अव उप्रान्त म पूर्व जानकारी नगराई त्यस्तो कुनै कार्य नगर्ने व्यहोरा समेत अनुरोध गर्दै नेपाल सरकारको सेवामा रही अझ बढी गुणस्तरीय र प्राविधिकयुक्त सेवा प्रवाह गर्ने मनसायले सम्बन्धित विषयमा पूर्ण विज्ञता प्राप्त गर्न आफनै प्रयासले भए पनि उपलव्ध अवसरको पूर्ण सदुपयोग गरी अध्ययन गर्दै रहेको हुँदा मलाई उक्त निजामती सेवा ऐनको दफा ५९ (ख) (१) बमोजिमको विभागीय सजाय दिन नहुने व्यहोरा जिकिर गर्दै मलाई मिति २०६१।१।१० सम्म उक्त विद्यावारधि अध्ययन सम्पन्न गर्नको लागि आवश्यक हुने २ वर्ष अवधिको निजामती सेवा नियमावली, २०५० को नियम ६२ (३)(ख) बमोजिम थप अध्ययन गर्नु पर्ने सेवा उक्त अध्ययन सकी फर्केपछि पुरा गर्ने मौका पाउन समेत अनुरोध गर्दै उक्त अध्ययन कार्य समाप्त भएपछि प्रचलित निजामती ऐन नियम अनुसार आफनो सेवामा फर्की तोकिए बमोजिम नेपाल सरकारको सेवा गर्ने प्रतिवद्धता जाहेर गर्दछु । यदि सो अनुरूप निजामती सेवामा हाजिर नभएमा प्रचलित ऐन

नियमानुसार हुने जस्तोसुकै कार्यवाही मलाई मञ्जुर छ भनी यो निवेदन पेश गरेको छु भन्ने समेत व्यहोराको एकप्रसाद सिंखडाले मिति २०६१।१२।२ मा बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र हरिहरभवनमा पेश गरेको स्पष्टीकरण ।

कृषि तथा सहकारी मन्त्रालयको मिति २०६१।१२।१९ को पत्रानुसार बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका बागवानी विकास अधिकृत एकप्रसाद सिंखडालाइ निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) (छ) को अभियोगमा सोही ऐनको दफा ५९ (ख)(१) बमोजम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न परामर्श माग भई आएको सक्कलै फायल प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा आयोग समक्ष पेश हुँदा "बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका बागवानी विकास अधिकृत एकप्रसाद सिंखडालाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न परामर्श पठाई दिने" भनी निर्णय भएको हुँदा निर्णयानुसार परामर्श सहित सक्कल फायल यसै साथ फिर्ता पठाइएको छ निजलाई कारवाही भई सकेपछि सो को जानकारी यस आयोगलाई दिनुभन्ने समेत व्यहोराको मिति २०६२।१।२९ को लोकसेवा अयोगको परामर्श सहित फायल फिर्ता पठाएको विषयको कृषि तथा सहकारी मन्त्रालयलाई लेखेको पत्र ।

बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा.) एकप्रसाद सिंखडाले निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) को खण्ड (छ) बमोजिम विदा स्वीकृत नगराई मिति २०६१।१।१० देखि लगातार ९० (नव्वे) दिनभन्दा बढी आफनो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित रहेको र विदा स्वीकृत गराई बस्न सम्भव थिएन भन्ने परिस्थित समेत रहेको नदेखिन आएकोले निज एकप्रसाद सिंखडासंग निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम ७(सात) दिनको म्याद दिई मिति २०६१।१०।१२ को गोरखापत्रमा सफाई माग गरिएकोमा निजले म्याद भित्र कुनै सन्तोषजनक लिखित सफाई पेश गरेको देखिएन । तसर्थ निजामती सेवा ऐनको दफा ६१(१) (छ) बमोजिम विदा स्वकृित नगराई लगातार ९० दिन भन्दा बढी समय आफनो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित रहेको कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) (१) बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्नु नपर्ने कुनै सबुद प्रमाण वा कारण केही भए १५ (पन्ध्र) दिन भित्र स्पष्टीकरण पेश गर्नु भनी मिति २०६१।११।२९ को गोरखापत्रको सूचनाद्वारा ऐनको दफा ६७ बमोजिमको सजाय प्रस्ताव सहित सूचना गरिएकोमा निजले लिखित स्पष्टीकरण पेश गरेका भएता पनि संतोषजनक नभएको हुँदा निज एकप्रसाद सिंखडाले निजामती सेवा ऐनको दफा ६१ को उपदफा १(छ) बमोजिमको कसुर गरेको देखिएकोले निज उपर ऐनको दफा ५९ को (ख) को १ बमोजिम सजाय प्रस्ताव गरी मिति २०६१।१२।१९ मा लोकसेवा आयोगको केन्द्रीय कार्यालय कमलपोखरीमा परामर्शको लागि लेखी पठाउँदा उक्त आयोगको मिति २०६२।१।२९ को पत्रबाट "बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका वागवानी विकास अधिकृत एकप्रसाद सिंखडालाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(ख)१ बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय गर्न पारमर्श पठाई दिने भनी परामर्श प्राप्त भएकोले निज एकप्रसाद सिंखडालाई कार्यालयमा अनुपस्थित रहेका अवधि गयलकट्टी गरी निजामती सेवा ऐन, २०४९ को खण्ड (ख) (१) बमोजम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने सजाय आदेश गरेको छु । यस आदेशमा चित्त नबुझ्ेमा निजामती सेवा ऐन, २०४९(संशोधन सहित) को दफा ६९ बमोजिम म्याद भित्र प्रशासकीय अदालत समक्ष पुनरावेदन गर्न सकिने छ भन्ने समेत व्यहोराका कृषि तथा सहकारी मन्त्रीले मिति २०६३।३।२ मा गरेका विभागीय सजाय आदेशको निर्णय ।

विदा स्वकृित नगराई मिति २०६१।१।१० देखि लगातार ९० दिन भन्दा बढी अवधिसम्म आफनो पदाधिकार भएको कार्यालयमा अनुपस्थित रहँदै आउनु भएको हुँदा त्यसरी अनुपस्थित रहनाको कारण र सबुद प्रमाण सहित सफाई पेश गर्न निजामती सेवा ऐन, २०४९ को दफा ६६(१) बमोजिम मिति २०६१।१०।१२ को गोरखापत्रद्वारा सूचित गरिएकोमा सो सूचना तोकको म्याद भित्र तपाईले कुनै संतोषजनक लिखित सफाई पेश नगरेको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१) (छ) बमोजिमको कसुर गरेको अभियोगमा सोही ऐनको दफा ५९ (ख) (१) बमोजिमको सजाय किन नगर्ने ? भनी मिति २०६१।११।२९ को गोरखापत्रद्वारा स्पष्टीकरण माग गरिएको सूचना तपाईबाट प्राप्त लिखित स्पष्टीकरणमा विदा स्वीकृत गराई बस्न सम्भव थिएन भन्ने परिस्थित समेत देखिन नआएको र स्पष्टीकरण समेत संतोषजनक नभएको ठहर गरी लोकसेवा आयोगको परामर्श प्राप्त भएकाले तपाईलाई नेपाल सरकारको निर्णय बमोजिम मिति २०६२।३।१ सम्म गयलकट्टी गरी निजामती सेवा ऐन, २०४९ को दफा ६६ (१) (छ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९ (ख) (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी उक्त निर्णय मितिदेखि नै नेपाल कृषि सेवा, बागवानी समूहको राजपत्राङ्कित तृतीय श्रेणीको बागवानी विकास अधिकृत पदबाट हटाइएको व्यहोरा सूचित गरिन्छ । उक्त निर्णय उपर चित्त नबुझेमा निजामती सेवा ऐन, २०४९ को दफा ६९ बमोजिम प्रशासकीय अदालत समक्ष तोकिएको म्याद भित्र पुनरावेदन गर्न सक्नु हुनेछ भन्ने समेत व्यहोराको बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रको मिति २०६२।३।१२ को एकप्रसाद सिंखडालाई सेवाबाट हटाइएको विषयको पत्र ।

बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रका बागवानी विकास अधिकृत (रा.प.तृ.प्रा.) पदमा पदाधिकार भएका तपाई एकप्रसाद सिंखडा विदा स्वीकृत नगराई मिति २०६१।१।१० देखि लगातार ९० दिनभन्दा बढी अवधिसम्म आफनो पदाधिकार भएको कार्यालयमा अनुपस्थित रहँदै आउनु भएको हुँदा त्यसरी अनुपस्थित रहनाको कारण र सबुद प्रमाण सहित सफाई पेश गर्न निजामती सेवा ऐन, २०४९ को दफा ६६ (१) बमोजिम मिति २०६१।१०।१२ को गोराखापत्रद्वारा सूचित गरिएकोमा सो सूचनाले तोकेको म्यादभित्र तपाईले कुनै संतोषजनक लिखित सफाई पेश नगरेको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) (छ) बमोजिमको कसुर गरेको अभियोगमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिमको सजाय किन नगर्ने ? भनी मिति २०६१।११।२९ को गोरखापत्रद्वारा स्पष्टीकरण माग गरिएको सूचना प्रकाशित भई तपाईबाट प्राप्त लिखित स्पष्टीकरण समेत संतोषजनक नभएको ठहर गरी लोकसेवा आयोगको परामर्श सहित नेपाल सरकारबाट मिति २०६१।१।१० देखि २०६१।३।१ सम्म गयलकट्टी गरी निजामती सेवा ऐन, २०४९ को दफा ६६(१) (छ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी उक्त निर्णय मितिदेखि नै यस केन्द्रको नेपाल कृषि सेवा, बागवानी समूहको राजपत्राङ्कित तृतीय श्रेणीको बागवानी विकास अधिकृत पदबाट हटाइएको व्यहोरा सूचित गरिन्छ भन्ने समेत व्यहोराको कृषि तथा सहकारी मन्त्रालयले एकप्रसाद सिंखडाको गोरखापत्रमा प्रकाशित सूचना ।

मिति २०६१।११।२९ मा गोरखापत्रमा प्रकाशित सूचना अनुसार मैले लिखित स्पष्टीकरण दिएको छु भन्ने कुरालाई निर्णयकर्ताले मानेकै छ । सो स्पष्टीकरणलाई संतोषजनक नभएको भनिएतापनि के कति कारणबाट संतोषजनक नभएको हो निर्णय मौन छ । निजामती सेवा नियमावलीको नियम ११० बमोजिम सफाई संतोषजनक नभएको कुरा खुलाउनु अनिवार्य हुने प्रष्ट छ । यसैगरी स्पष्टीकरण तथा सबुद प्रमाणको मुल्याङ्कन समेत गरी सजाय प्रस्तावीत गरी लोक सेवा आयोगको परामर्श लिनु पर्नेमा नियम ११ बमोजिम गरी परामर्श लिइएको छैन । मैले दिएको सफाईको स्पष्टीकरणमा उल्लेखित सम्पूर्ण तथ्य र प्रमाण

सम्बन्धमा यथोचित मुल्याङ्कन नै नभै नगरी भएको निर्णय ऐे. नियम ११०,१११,११२ र ११३ प्रतिकुल हुँदा वदर भागी भएको हुँदा उक्त त्रुटीपूर्ण सजायको आदेश निर्णय वदर गरी पदस्थापन भएको कार्यालयमा पूर्ववत् हाजिर गराई वहाली गर्नु गराउनु भनी समेत व्यहोराको पुनरावेदकले मित २०६४।२।३० मा यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

पुनरावेदकले निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम स्पष्टीकरण माग गर्ने अधिकारी र विभागीय सजाय गर्ने अधिकारी फरक फरक भएको भनी जिकिर लिएको सर्न्दभमा यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी मिति २०६२।३।२ मा भएको निर्णय विचारणिय देखिंदा अ.व.२०२ नं बमोजिम विपक्षी कृषि तथा सहकारी मन्त्रालयलाई जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०६४।६।३ मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचिमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट रहनु भएका कानून व्यवसायी अधिवक्ता श्री हरि उप्रेती र श्री जगन्नाथ सिंह महतोले पुनरावेदकलाई उचित सफाईको मौका नदिएको, निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम विभागीय सजाय गर्ने अधिकारीले स्पष्टीकरण नमागेको, भेदभावपूर्ण किसिमले कसैको हकमा अध्ययन विदा थप स्वीकृत गरेको र कसैको हकमा अध्ययन विदा थप स्वीकृत नगरी विभागीय सजाय गरेको कार्य समानताको प्रतिकूल भएकाले मति २०६२।३।२ को विभागीय सजाय आदेशको निर्णय कानूनी रूपमा त्रुटिपूर्ण हुँदा बदरभगी छ भनी गर्नु भएको वहस र विपक्षीबाट उपस्थित सरकारी वकील श्री जीवनिधि पौडेलले यी पुनरावेदक नव्वे दिनभन्दा बढी लगातार रूपमा विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित भएका कारण निजामती सेवा ऐन, नियमको प्रकृया र रित पुर्‍याएर गरिएको विभागीय सजायको निर्णय कानूनसम्मत नै हुँदा उक्त निर्णय सदर हुनपर्दछ भनी गर्नु भएको बहस समेत सुनी सम्बन्धित मिसिल कागजात समेतको अध्ययन गरी हेर्दा देहायका प्रश्नहरुमा यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो ।

१. पुनरावेदकलाई सेवाबाट हटाउने गरी भएको कारवाहीमा प्रतिवादको मौका दिई निर्णय गरिएको छ छैन ?

२. यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी गरिएको मिति २०६२।३।२ को निर्णय कानुनसम्मत छ, छैन ? र पुनरावेदकको माग बमोजिम विभागीय सजायको निर्णय बदर गर्नु पर्ने हो, होइन ?

१. पुनरावेदकलाई सेवाबाट हटाउने गरी भएको कारवाहीमा प्रतिवादको मौका दिई निर्णय गरिएको छ छैन ? भन्ने प्रश्नतर्फ विचार गर्दा यी पुनरावेदक कृषि विभाग अन्तर्गत बिउ विजन गुणस्तर नियन्त्रण केन्द्र वागवानी विकास अधिकृत (रा.प.तृ.प्रा.) पदमा कार्यरत रहँदा मिति २०५७/११/३ को कृषि तथा सहकारी मन्त्रालयका निमित्त सचिवस्तरीय निर्णयबाट जापानमा अध्ययनका लागि सन् २ मार्च २००१ देखि ३१ मर्च २००४ सम्म अध्ययन विदामा रहेको र मिति २०६०/१२/१९ गते कृषि तथा सहकारी मन्त्रालय, कृषि विभागमा सम्पर्क राख्न आई सो मितिदेखि २०६१/१/९ गतेसम्म कृषि विभागमा हाजिर भएको र मिति २०६०/१२/१८ भन्दा पहिलेका विदा स्वीकृत गर्ने सम्बन्धमा कारवाही भईरहेकै अवस्थामा निज मिति २०६१।१।१० देखि पदाधिकार भएको कार्यालयमा हाजिर नभई, विदा स्वीकृत नगराई, कार्यालयलाई कुनै

जानकारी नै नदिई कार्यालयमा अनुपस्थित भएकाले मिति २०६१/७/१९ मा यी पुनरावेदकको घर ठेगाना गुम्दी गा.वि.स वडा नं. ८ धादिङ्गमा निज पुनरावेदकलाई हाजिर हुन आउनु भन्ने सम्बन्धमा सम्बन्धित कार्यालयबाट पत्र पठाएकोमा पनि निज सम्पर्क राख्न नआएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम विदा स्वीकृत नगराई मिति २०६१।१।१० देखि लगातार ९० दिनभन्दा बढी आफ्नो पदाधिकार रहेको कार्यालयमा अनुपस्थित रहको आरोपमा निजामती सेवा ऐन, २०४९ बमोजिम कृषि तथा सहकारी मन्त्रीबाट मिति २०६३/३/२ मा सेवाबाट हटाउने गरी विभागीय सजायको निर्णय गरेको देखियो । पुनरावेदकले सफाई पेश गर्ने मौका नपाएकोले प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भएको भन्ने जिकिर लिएको सम्बन्धमा हेर्दा पुनरावेदकलाई गोरखापत्रमा सूचना प्रकाशित गरी सफाई पेश गर्न मौका दिइएकोमा निजले मिति २०६१।११।२४ र २०६१।१२।४ मा स्पष्टीकरण पेश गरेको मिसिल कागजातबाट समेत देखिएको छ । प्राकृतिक न्यायका सम्बन्धमा यस अदालतबाट **सम्वत्** २०६२ सालको मुद्दा नं.३ **विष्णुप्रसाद तिवारी** विरूद्ध **सिचाई विभाग समेत**, सम्बत् २०६३ सालको मुद्दा नं ६४ **शैलेन्द्र कुमार झा** विरूद्ध **लोकसेवा आयोग समेत** र सम्बत् २०६४ सालको मुद्दा नं ३९ को **योगराज श्रेष्ठ** विरूद्ध **पशुसेवा विभाग**को मुद्दामा समेत स्पष्ट व्याख्या र विवेचना गरी निर्णय गरिसकिएको छ । सफाईको मौका नदिई गरेको निर्णय मान्य नहुने प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त हो । यसको पालना भएकै हुनु पर्दछ । प्राकृतिक न्यायको सिद्धान्तलाई जुनसुकै मुद्दामा पनि एउटै किसिमले यन्त्रवत् प्राविधिक रूपमा मात्र नलिईं प्राकृतिक न्यायको सिद्धान्त वास्तविक न्याय प्रदान गर्न मुद्दाको विषयबस्तु र परिस्थितिमा निर्भर रहने कुरा भएकाले सोही अनुरूप न्यायको रोहमा प्राकृतिक न्यायको सिद्धान्तलाई निर्णयकर्ताले पालना गरेको छ छैन भनी हेरी निष्कर्षमा पुग्नु पर्दछ भन्ने न्यायिक व्याख्या समेत रहेको देखिन्छ (***Lloyd** v. **McMohan**, 1987, AC 625*) । प्रस्तुत मुद्दामा पुनरावेदकलाई सफाई पेश गर्ने मौका दिन घर ठेगानामा समेत पत्र पठाएको र पटक पटक गोरखापत्रमा सूचना प्रकाशित गरी स्पष्टीकरण पेश गर्ने मौका दिएको र निजले स्पष्टीकरण समेत पेश गरेको देखिँदा सफाईको मौका नै नपाएको भन्न सकिने अवस्था मान्न सकिन्न । लामो समयसम्म कार्यालयमा अनुरूपस्थित हुने कर्मचारीलाई विभागीय कारवाही र सजाय हुने भनी कानूनमा नै स्पष्ट उल्लेख गरेको अवस्थामा कानूनले तोकेको अवधिभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएको आरोपलाई पुनरावेदकले स्वीकार गरेको अवस्था देखिंदा निजामती सेवा ऐन, २०४९ को दफा ६६ र ६७ बमोजिम गोरखापत्रमा सूचना प्रकाशित गरी सफाई पेश गर्ने मौका दिएको र निजले स्पष्टीकरण समेत पेश गरेको देखिँदा सफाईको मौकाबाट बंचित भएको भन्ने पुनरावेदकको जिकिर मुनासिब देखिएन ।

२. यी पुनरावेदकलाई सेवाबाट हटाउने गरी गरिएको मिति २०६२।३।२ को निर्णय कानुनसम्मत छ, छैन ? र पुनरावेदकको माग बमोजिम विभागीय सजायको निर्णय बदर गर्नु पर्ने हो, होइन ? भन्ने प्रश्नतर्फ विचार गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) बमोजिम विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सरकारी सेवाबाट हटाउन सकिने व्यवस्था रहेको र यी पुनरावेदकलाई सजाय गर्दा कायम रहेको कानूनी व्यवस्थालाई निरन्तरता दिँदै संशोधन गरिएको निजामती सेवा ऐन, २०४९ को दफा ६१ **क.** को उपदफा (३) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिनेछैन, हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा ६० बमोजिम विभागीय कारवाही हुनेछ र त्यसरी हाजिर गराएको कर्मचारीले पाएको तलब भत्ता त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ" भन्ने व्यवस्था गरी विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई विभागीय कारवाही र सजाय गर्ने स्पष्ट मनसाय विधायिकाको

रहेको देखिन्छ । विधायिकाको विवेक *(Legislative Wisdom)* उपर प्रश्न गरी त्यसको संवैधानिकताको परीक्षण गर्ने अधिकार यस अदालतलाई नभएको अवस्थामा विधायिका निर्मित कानूनको अधीन र सीमा भित्र रही पुनरावेदकले उठाएका प्रश्नहरूको निरूपण गर्नुपर्ने हुन्छ ।

अनुशासित र जिम्मेवार कर्मचारीतन्त्र सुशासनका निम्ति आवश्यक पर्ने लोकतन्त्रिक राज्य व्यवस्थाको आधारभूत मान्यता हो । अनुशासित, इमान्दार र सक्षम कर्मचारी प्रशासनबाट नै सेवाग्राहीले प्रभावकारी रूपमा सेवा पाउन सक्दछन् । राष्ट्रसेवक कर्मचारीले कानूनद्वारा तोकिएको कर्तव्य र दायित्व जिम्मेवारीपूर्वक वहन गरिरहेको अवस्थामा वा कानून विरूद्ध स्वेच्छाचारी किसिमले त्यस्तो राष्ट्रसेवक कर्मचारी उपर कुनै कारवाही गरी सजाय गरिएको स्थितीमा सो कारवाही र सजाय मान्य नभई वदर हुने कर्मचारी सेवा सम्बन्धी विधिशास्त्र *(Service Jurisprudence)* को आधारभूत सिद्धान्त हो । यसैगरी कुनैपनि राष्ट्रसेवक कर्मचारीले सार्वजनिक सेवा वा निजी जीवनमा समेत निश्चित कर्तव्य र दायित्व जिम्मेवारीपूर्वक वहन गरी समाजमा मर्यादित, अनुशासित र नैतिकवान व्यक्तिको रूपमा प्रस्तुत हुनुपर्दछ भन्ने अपेक्षा राज्यले राखेको हुन्छ । कानूनद्वारा तोकिएको कर्तव्य र दायित्व पालना नगर्ने वा कानून प्रतिकुल हुनेगरी कार्य गर्ने राष्ट्रसेवक कर्मचारीलाई सजायको भागिदार बनाइएमा नै कर्मचारीतन्त्रमा अनुशासन कायम भई स्वच्छ प्रशासनको विकास हुन्छ भन्ने मान्यता समेत कर्मचारी सेवा विधिशास्त्रको*(Service Jurisprudence)* रहेको देखिन्छ । राष्ट्रसेवक कर्मचारीले सार्वजनिक सेवा वा कार्यालयको जिम्मेवारीका अतिरिक्त निजी जीवनमा पनि शिष्टता र नैतिकताको निश्चित मापदण्डलाई पालना गर्नुपर्दछ भन्ने विषयमा भारतीय सर्वोच्च अदालतले **गोविन्द मेननको** मुद्दा (१९६७) मा गरेको देहायको व्याख्याले समेत स्पष्ट गर्दछ : -

> *"If Government were to sit back and permit its officials to commit any outrage in their private life provided it falls short of a criminal offence the result may very well be a catastrophic fall in the moral prestige of the administration. If the contention that a government servant is not answerable for the misconduct committed in his private life is correct, the result would be that, however reprehensible or abominable a government servant's conduct in his life may be, the Government would be powerless to dispense with his services unless and until he commits a criminal offence or commits an act which is specifically prohibited by Government Servant's Conduct Rules. This would clothe the government servant with an impunity which would place the Government in a position worse than that of a private employer. Nothing in the Constitution restricts the power of the State to dispense with the services of any government servant which it considered to be unbecoming or unworthy of the official of the State nor has it fettered the discretion of the Sate as to what type of conduct it shall consider sufficiently blameworthy to merit dismissal or removal. The State had been vested with absolute discretion in this respect. It could demand a certain standard of conduct from government servants not only while performing their official duties but in their private life as well. For example, the State has the power to require its officials not to drink liquors at official functions or to lead an immoral life."* (***Govind Menon*** *v.* ***Union of India****, AIR 1967 SC 1274)* ।

राज्यको कानून, नीति र नियम र निर्णय प्रभावकारी रुपमा लागू गरी सेवाग्राहीप्रति गुणस्तरीय सेवा प्रदान गर्ने राज्यको महत्वपूर्ण संयन्त्र कर्मचारी प्रशासन नै हो । राज्यले जनताप्रति प्रभावकारी सेवा उपलब्ध गराउन सकेन भने त्यस्तो राजय कमजोर र असफल राष्ट्र हुनसक्दछ । वलियो राज्य निर्माणका लागि आवश्यक पर्ने विभिन्न तत्वहरुमध्ये इमान्दार, सक्षम, निष्पक्ष र अनुशासित कर्मचारीतनत्र आधारभूत शर्त हो *(Francis Fukuyama,* ***State Building****, London: Profile Books Ltd, 2004; Charles T.Call ( Ed.),* ***Building States to Build Peace,*** *New Delhi : Viva Books, 2009, PP. 51-52.)* । आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थामा राज्य शक्ति प्रयोग गर्ने “कार्यकारिणी”*( Executive )* लाई मूलतः राजनैतिक कार्यकारिणी र स्थायी कार्यकारिणी भनी वर्गीकरण गरी मन्त्रीपरिषद्लाई राजनैतिक

कार्यकारिणी र राज्यको नीति नियम, कानून लागू गर्ने कर्मचारीतन्त्रलाई स्थायी सरकारको रुपमा लिइने गरेको देखिन्छ । लोकतान्त्रिक राज्य व्यवस्थामा सार्वजनिक प्रशासनका सम्बन्धमा कर्मचारीले आफ्नो विशेषज्ञता र व्यवसायीकताको ज्ञान प्राविधिक सल्लाह निष्पक्ष र तथस्ट भई सरकारलाई दिनुपर्ने र सेवाग्राहीप्रति जिम्मेवार र उत्तरदायी किसिमबाट सेवाप्रदान गर्नुपर्ने दायित्व रहेको देखिन्छ । विधायिकाले बनाएको कानून कार्यान्वयन गर्ने र कार्यकारिणीले बनाएको नीति नियम लागू गर्ने जवाफदेही र जिम्मेवार स्थायी सरकार **कर्मचारीतन्त्र** हो । कर्मचारीले अफ्नो व्यावसायिक ज्ञान र विज्ञताको आधारमा सरकारको नीति नियम , निर्णय र कानून कार्यान्वयन गर्ने सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । लोकतान्त्रिक राज्य व्यवस्थामा सरकार, सरकारी शक्ति प्रयोग गर्ने पदाधिकारी, कर्मचारी सबै नै संविधानको सर्वोच्चता र विधिको शासनबाट निर्देशित भई कानुनद्वारा तोकिएको काम कर्तव्य जिम्मेवार किसिमले सम्पादन गर्नुपर्दछ । लोकतन्त्रलाई बढी लोकतान्त्रिक बनाउन राज्यका पदाधिकारीले उत्तरदायी र पारदर्शितालाई प्रवर्द्धन गर्ने संस्कृतिको विकास गर्नूपर्दछ ( *Terry F. Bush (ed),* ***Modernizing Democracy****, Prentice Hall of India, 2007, PP. 9-12)* । राज्यको ऐन कानुन नीति नियम लागू गर्ने कर्मचारीतन्त्रमा सेवाप्रतिको निष्ठामा ह्रास भई त्यस्ता कर्मचारीले आचरणगत नियमहरु पालन नगरी इच्छा लागे कार्यालयमा उपस्थित हुने, इच्छा नलागे विदा समेत नलिई आफू खुशी बस्ने किसिमको आचरणले सार्वजनिक एवम् सरकारी सेवालाई "गौचरन" जस्तो बनाउन पुगियो भने सेवाग्राहीको सरकारी सेवाप्रतिको विश्वास टुट्न सक्दछ । कर्मचारीले आफूलाई कानूनद्वारा तोकिएको कार्य इमान्दार, जिम्मेवार र अनुशासित भई गर्नुपर्ने कानूनी दायित्व हो भन्ने कुरालाई प्रत्येक कर्मचारीले मनन् गर्नुपर्ने हुन्छ ।

असल प्रशासनका लागि जनताको वैधानिक चाहना (*Legitimate Interest*), जो कानूनमा विधायिकाद्वारा व्यक्त भएको हुन्छ, त्यसलाई पूर्ण पालना गर्नु कर्मचारीको कर्तव्य र जिम्मेवारी हो । त्यस्तो कानूनी कर्तव्य र दायित्वबाट विमुख हुने कर्मचारीलाई सजायको भागीदार बनाइएमा नै कर्मचारी प्रशासनमा अनुशासन कायम भई सेवाग्राहीप्रति कर्मचारीको जिम्मेवारीको वोध हुन्छ भन्ने अभिप्रायले कर्मचारीका अनुशासनको आचरणगत नियमहरू विधायिकाद्वारा निर्धारण गरिएको हुन्छ । त्यस्तो कानूनको पूर्णपालना हुनसकेमा नै कर्मचारीतन्त्रमा अनुशासन कायम रहन सक्दछ । यसै मान्यताका आधारमा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) ले बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफनो कार्यालयमा अनुपस्थित रहने कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले विभागीय कारवाही गरी सेवाबाट हटाउन सक्ने व्यवस्था गरेको देखिन्छ । यसरी लामो समयसम्म अनुपस्थित भएवापत सेवाबाट हटाउन सक्ने व्यवस्था गर्नुको पछाडि विधायिकाको मनसाय कर्मचारीहरूले आफ्ना सेवाग्राहीहरूप्रति जिम्मेवारीपूर्वक सेवा गर्नुपर्छ भन्ने नै हो । सर्वोच्च अदालतले **पूर्ण बहादुर महर्जन** विरूद्ध **स्वास्थ्य मन्त्रालय समेत** (रिट नं ३१५०/२०५२, निर्णय मिति २०५३।७।१३।३) भएको मुद्दामा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (ज) का सम्बन्धमा व्याख्या गरिसकेको देखिन्छ । कुनैपनि कर्मचारीले अधिकारप्राप्त अधिकारीबाट बिदा स्वीकृत नगराई **बिदाको लागि निवेदनको भ्कटारो दिँदैमा ऐनले तोकेको दायित्व पूरागरेको भन्न मिल्दैन । बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले सेवाबाट बर्खास्त गर्न सक्ने नै देखिन्छ ।** कानूनले तोकेको अवधिभन्दा बढी अवधि आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सजाय नहुने हो भने विधायिकाले अपेक्षा गरे (*Legislative Expectation*) बमोजिम निजामती कर्मचारीको अनुशासन कायम हुनसक्ने देखिन्न । यस अदालतबाट मुद्दा नं. ३/२०६२ **विष्णु प्रसाद तिवारी** विरुद्ध **सिंचाई विभाग समेत** भएको मुद्दा र पु.वे.नं. ४८/ २०६४ **दिनेश यादव** विरुद्ध **वन विभाग समेतको**

मुद्दामा विदा स्वीकृत नगराई लगातार नव्वेदिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले सेवाबाट हटाउन सक्ने व्याख्या विवेचना गरी निर्णय भईसकेको छ ।

यी पुनरावेदक मिति २०६१/१/१० देखि विदा स्वीकृत नगराई कार्यालयलाई कुनै जानकारी नदिई नव्वेदिनभन्दा बढी कार्यालयमा अनुपस्थित भएको भन्ने कुरामा विवाद देखिन्न् । सो तथ्यलाई पुनरावेदक स्वयंले स्वीकार गरेको अवस्था देखिन्छ । यी पुनरावेदक आफ्नो पदाधिकार भएको कार्यालयमा हाजिर हुन नगएकाले सम्बन्धित कार्यालयबाट हाजिर हुन आउनु भनी घर ठेगानामा समेत पत्र पठाएको र सो पत्रको आधारमा समेत हाजिर हुन नआएपछि निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिमको सूचना गोरखापत्रमा प्रकाशित गरेकोमा मिति २०६१।११।२४ मा स्पष्टीकरण पेश गरेको र अधिकारप्राप्त अधिकारीले सजायको प्रस्ताव गरी ऐ, ऐनको दफा ६७ बमोजिम स्पष्टीकरण पेश गर्न गोरखापत्रमा सुचना प्रकाशित गरेकोमा सो सुचनाको आधारमा निज पुनरावेदकले स्पष्टीकरण समेत मिति २०६१।१२।४ मा पेश गरको र सो स्पष्टीकरण संतोषजनक नभएको भन्ने उल्लेख गरी ऐ. ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सेवाबाट हटाउने सजाय गर्न लोक सेवा आयोगसँग परामर्श माग गरी लोकसेवा आयोगको परामर्श बमोजिम यी पुनरावेदकलाई मिति २०६३।३।२ मा कृषि तथा सहकारी मन्त्रीको निर्णय बमोजिम सेवाबाट हटाउने विभागीय सजाय गरेको देखिन्छ । यी पुनरावेदकले मिति २०६१/११/२४ र २०६१।१२।४ मा पेश गरेको स्पष्टीकरणबाट समेत सो अवधिमा निज विदेशमा रहेकाले आफु कार्यालयमा उपस्थित हुन नसकेको भन्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ । कार्यालयमा हाजिर हुन नसक्ने कर्मचारीले त्यस्तो विदा स्वीकृत गराएरमात्र बस्नु त्यस्तो कर्मचारीको कानूनी दायित्व हो । विधायिकाले निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) को खण्ड (छ) मा विदा स्वीकृत नगराई लगातार ९० दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहने कर्मचारीलाई सेवाबाट बर्खास्त गर्ने कानूनी व्यवस्था गरी कर्मचारीमा सेवाग्राही प्रति उत्तरदायी बनाउने उद्देश्य राखेको देखिन्छ । विदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी अनुपस्थित हुने कर्मचारीलाई हाजिर गराउने पदाधिकारीलाई नै विभागीय कारवाही गरिने र त्यसरी हाजिर गराएको कर्मचारीले खाएको तलव भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था गरी ९० दिनभन्दा बढी अनुपस्थित हुने कर्मचारीले विदा स्वीकृत नगराई अनुपस्थित भएमा त्यस्तो कर्मचारीलाई सेवाबाट हटाउने कानूनको मनसाय रहेको देखिन्छ । यसरी यी पुनरावेदकले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१)को खण्ड (छ) बमोजिम विदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित भएको आरोपमा अधिकारप्राप्त अधिकारीले सजायको प्रस्ताव सहितको स्पष्टीकरण पेश गर्ने मौका समेत प्रदान गरी यी पुनरावेदकले पेश गरेको स्पष्टीकरण समेतलाई अध्ययन गरी मिति २०६२।३।२ मा निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सेवाबाट हटाउने गरी अधिकारप्राप्त अधिकारीले गरेको सजाय कानूनसम्मत् नै देखिँदा वदर गरिरहनु परेन । सो निर्णय सदर हुने ठहर्छ ।

प्रस्तुत मुद्दामा यी पुनरावेदकले अध्ययन विदामा बसेका आफुजस्तै कतिपय कर्मचारीहरुको हकमा यस्तै स्थिति र अवस्थामा अध्ययन विदा थप गरी विदा दिएको र कसैको हकमा थप अध्ययन विदा नदिएको सरकारी अधिकारीको व्यवहार स्वेच्छाचारी भएको भन्ने समेतको जिकिर लिएको देखिँदा विदाका सम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेछ भनी हेर्दा निजामती सेवा नियमावली, २०५० को नियम ७१ ले "विदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो" भन्ने सिद्धान्तलाई स्वीकार गरी कर्मचारीले विदा माग्दैमा स्वतः पाउने भन्ने कुरा सम्बन्धित कर्मचारीको अधिकार नभई सहुलियत मात्र

हो भन्ने देखिन्छ । विदा स्वीकृत गर्ने वा नगर्ने भन्ने कुरा अधिकारप्राप्त अधिकारीको स्वविवेकीय अधिकारको विषय भएको देखिँदा त्यस्तो स्वविवेकीय अधिकारको प्रयोग कानूनी राज्यमा के कुन सिद्धान्तमा रही गर्नुपर्छ भन्ने सम्बन्धमा तत्सम्बन्धी कानून र न्यायका मान्य सिद्धान्तहरुको विवेचना गर्नु प्रस्तुत सन्दर्भमा प्रासंङ्गिक हुने देखिन्छ । स्वविवेकीय अधिकारको अवधारणा विभिन्न विकल्पहरुमध्ये उपयुक्त र न्यायोचित विकल्प रोजी निर्णय गर्ने अधिकार भएकाले त्यस्तो निर्णय गर्ने अधिकारीले विवेकको नियम र न्यायको सिद्धान्तलाई आत्मसात् गरी सो विवेकीय अधिकार प्रयोग गर्नुपर्दछ । **लर्ड कोक**को भनाइमा - स्वविवेकीय अधिकार झुठ र सत्य, ठिक र वेठिक, छायाँ र प्रकाश, समन्याय र कपटपूर्ण बीच विवेकको ज्ञान हो, व्यक्तिगत इच्छा र निजी सम्बन्धको आधारमा निर्णय गर्ने अधिकार होइन *( A science or understanding to discern between falsity and truth, between right and wrong, between shadows and substance, between equity and colourable glosses and pretences, and not to do according to their wills and private affections . **Rooke's case,** 1598; I.P Massey, **Administrative Law,** Lucknow: Eastern Book. Co. 1995, pp. 50-51 )* । विकल्प रोजी निर्णय गर्ने स्वतन्त्रता स्वविवेकीय अधिकार निहित अधिकारीलाई भएपनि त्यस्तो अधिकार स्वेच्छाचारी, भेदभावपूर्ण, कल्पित किसिमले प्रयोग गर्न सकिन्न । स्वविवेकीय अधिकारप्राप्त निर्णयकर्ताले निर्णय गर्दा त्यस्तो निर्णय अविवेकी वा असंगत हुने किसिमबाट नगरी विषयवस्तुको संवेदनशीलतालाई मनन् गरी सार्वजनिक हितलाई ध्यानमा राखेर गर्नुपर्दछ *(H.W.R.Wade and C.F.Forsyth, **Administrative Law**, Clarendon Press Oxford,2000, p.328 )* । स्वविवेकीय अधिकारको प्रयोग गर्ने अधिकारीले सम्बन्धित विषयको प्रकृति र गम्भीरता, त्यसको सार्वजनिक सम्बन्ध जस्ता विषयलाई ख्याल गरेर वस्तुगत रुपमा निर्णय गर्नुपर्दछ *(Hillaire Barnet, **Constitutional and Administrative Law,** Lawman. Pvt, Ltd, 2006, P. 770 )* । स्वविवेकीय अधिकार प्रयोगका सम्बन्धमा देहायका अवधारणा र सिद्धान्तहरु स्थापित भएको देखिन्छ :-

> *"Duty to be fair, candid, and unprejudiced; not arbitrary, capricious, or biased; much less, warped by resentment, or personal dislike ". - **R.**v. **Askew**,1768*
>
> *" To act according to the rules of reason and justice, not according to private opinion…according to law, and not humor not arbitrary, vague, and fanciful, but legal and regular".- **Sharp** v. **Wakefield**,1891.*
>
> *"Discretionary Power is not absolute, the repository of a discretion is under a legal duty to observe certain requirements that condition the manner in which its discretion may be exercised." **Padfield** v. **Minister of Agriculture**, 1968, AC 997 )*
>
> *"It must act in good faith, must have regard to all relevant considerations and must not be swayed by irrelevant considerations, must not seek to promote purposes alien to the letter or to the spirit of the legislation that gives it power to act, and must not act arbitrarily or capriciously."*
> *- De Smith's, **Judicial Review of Administrative Action**, Stevens and Sons Ltd, London: 1980, p.285 .*
>
> *"Discretionary Power gives the power- holder a choice that choice is not unlimited; it is limited in accordance with the doctrine of Ultra virus but with the limits laid down by the doctrine, it is for the power-holder to decide what to do. Failure to act in a particular way will not be an abuse of power- holder to decide what to do. Failure to act in a particular way will not be an abuse of power unless the decision not to act in the way is beyond the limits of the direction given to the power-holder."*
> *- Prof. Peter cane, **An Introduction to Administrative Law,** Oxford Clarendon Press, 1996, P. 133 )*

*"Discretionary Power is neither merely peripheral to the exercise of official authority, nor an undesirable deviation from an ideal of government through rules. It will be argued that discretionary powers are important in any system of authority, that there are good reasons for having discretion, and that discretionary powers are neither necessarily nor typically in some way arbitrary and beyond the law ...*

*In exercising discretionary powers, officials should comply with standards of rationality, purposiveness, and morality; from these, more specific legal principles of accountability can be developed ...*

*The precepts of rationality, purpose, and morality are fundamental to the development. At a minimum they require: (a) that any exercise of powers be based on reasons, and that the reasons be applied consistently, fairly, and impartially;(b) that the reasons be intelligibly related to a framework of equally intelligible purposes, policies, principles, and rules (in general, standards); (c) that in matters of procedure and substance there be compliance with general, critical considerations of morality. Around these foundations more detailed and specific principles can be created. Their significance is that they go towards regulating the relationship between citizens and the state by stipulating the processes and principles that must be satisfied if the exercise of official powers is to be considered justifiable and legitimate. In particular they eliminate decision- making by whim, caprice, chance, or ritual; they provide the basis for identifying and eliminating arbitrariness, for developing general standards in making decisions, and for extending the requirements of fair procedures; and they open the processes of decision-making to external public scrutiny. There is then a focal point from which the decision-maker can have a critical view of his own decisions, and there is a basis for legal and judicial controls…*

*Power is exercised according to legal rational principles when decisions are justified by considerations which transcend the particular case by being related to generalize standards…*

*Stability is dependent upon various factors but primarily on official actions being governed by a system of reasonably clear, settled, and binding standards. Standards may derive from various sources, whether by statutory decree, by judicial law- making, or self- regulation by administrative authorities ...".*

- *D.J. Galligan,* ***Discretionary powers, A Legal Study of Official Discretion****, Clarendon Press, Oxford, 1992, pp 2-163. )*

स्वविवेकीय अधिकारका सम्बन्धमा उपर्युक्त अवधारणा र स्थापित सिद्धान्तहरुको अध्ययनले आधुनिक राज्यको कार्यक्षेत्र विस्तार भएका कारण स्वविवेकीय अधिकारको दायरा बृद्धि भएपनि कानूनी राज्यमा त्यस्तो स्वविवेकीय अधिकारको प्रयोग गर्दा निर्णयकर्ताले वस्तुनिष्ठ, कानूनसङ्गत, न्यायपूर्ण, वदनियत रहित, उचित, पारदर्शी र स्वच्छ किसिमले गरेको छ भन्ने कुरा स्थापित हुन सकेमा नै त्यस्तो निर्णय न्यायको रोहमा मान्य हुनसक्दछ । स्वविवेकीय अधिकारको दुरुपयोग हुन नदिन निर्णयकर्ताले निश्चित नियमको परिपालन गरी कार्यसम्पादन गर्न निश्चित मापदण्डहरु निर्धारण गर्नु (*Setting Standards*) आवश्यक मानिन्छ (*D.J. Galligan (ed):* ***Administrative Law****, Oxford University Press, 1996, P.194 )* । प्रस्तुत मुद्दामा अध्ययन विदा थप दिने सम्बन्धमा भेदभावपूर्ण र स्वेच्छाचारी किसिमले अधिकार प्रयोग गरेको भन्ने जिकीरको सन्दर्भमा अध्ययन गर्दा कानूनी राज्यमा स्वविवेकीय अधिकार पनि वस्तुनिष्ठ र तर्कपूर्णरुपमा आधार कारण खोली अधिकारप्राप्त अधिकारीले प्रयोग गरेको हुनुपर्दछ । समान अवस्था र परिस्थितिमा कसैको हकमा कुनै निर्णय र कसैको हकमा अर्कै किसिमको निर्णय गर्ने गरी हचुवाका आधारमा स्वविवेकीय अधिकार प्रयोग गर्नु स्वेच्छाकारी हुने देखिएकाले कानूनी राज्यमा स्वविवेकीय अधिकार पनि भेदभावपूर्ण किसिमले नभई विवेकपूर्ण किसिमबाट प्रयोग भएको देखिनुपर्दछ । **नेपाल सरकारबाट निजामती कर्मचारीलाई दिइने अध्ययन विदाका सम्बन्धमा समान अवस्थामा कसैलाई अध्ययन विदा दिने गरेको र कसैलाई नदिएको, त्यसमा पनि अध्ययन विदा लिई लामो समयसम्म विदेशमा बसेकाहरुका हकमा समेत कसैलाई पुनः अध्ययन विदा भनी**

**थप स्वीकृत दिएको र कसैका हकमा भने थप बिदा नदिएको भन्ने देखिँदा विदा स्वीकृत गर्ने वा नगर्ने वा के कस्तो स्थिति र अवस्थामा अध्ययन विदा थप गर्ने वा नगर्ने भन्ने सम्बन्धमा वस्तुगत र तर्कपूर्ण आधारहरु हुनुपर्ने भएकाले सो सम्बन्धमा सरकारी निकायहरुमा एकरुपता कायम गर्न समेत निश्चित मापदण्ड निर्धारण गरी लागू गर्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ ।** यस निर्णयको जानकारीका लागि नेपाल सरकारका मुख्य सचिवलाई ध्यानाकर्षण गराउन फैसलाको प्रमाणित प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु र यो फैसलाको प्रतिलिपि जानकारीको लागि सामान्य प्रशासन मन्त्रालय, पुनरावेदक र सम्बन्धित कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार बुझाइदिनू ।

.................................
(काशीराज दाहाल)
अध्यक्ष

उक्त रायमा सहमत छौं ।

| | |
|---|---|
| .................................... | ............................. |
| (बालानन्द पौडेल ) | (चित्रदेव जोशी) |
| सदस्य | सदस्य |

इति सम्वत् २०६६ साल जेष्ठ १४ गते रोज ५ शुभम् ।

## निरीक्षण प्रतिवेदन, २०६५

सर्वोच्च अदालत

निरीक्षण मुकामः- प्रशासकीय अदालत, काठमाडौं ।

निजामती सेवा ऐन, २०४९ मा भएको दोश्रो संशोधनले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको जुनसुकै विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार प्रशासकीय अदालतलाई प्रदान गरेबाट साविकको ऐनमा भएको विशेष सजायको आदेश उपर मात्र पुनरावेदन सुन्ने प्रशासकीय अदालतको क्षेत्राधिकारमा विस्तार हुन आएको छ । अदालत व्यवस्थापन समितिको प्रतिवेदन लगायतका सर्वोच्च अदालतको कार्यबोझ व्यवस्थित गर्ने सम्वन्धमा विगतमा भएका कैयौ. अध्ययन प्रतिवेदनहरूले कर्मचारीको सरूवा, बढुवा सेवा सुविधा लगायतका विषयसंग सम्बन्धित सम्पूर्ण विषयको विवाद सुन्ने क्षेत्राधिकार प्रशासकीय अदालतलाई हुनुपर्ने भनी सुझाव दिएकोले तदनुरूपको कानूनी एवं सस्थागत संरचना तयार गर्नुपर्ने आवश्यकतालाई गतवर्षको निरिक्षणका क्रममा नै औल्याईएको छ । कामकारवाहीमा स्वच्छता ल्याउन कानूनी व्यवस्थाको पालनामा प्रभावकारिता ल्याउन प्रशासकीय अदालतको भूमिका महन्वपूर्ण रहेको तथ्य निर्विवाद छ ।

गतवर्षको निरिक्षण क्रमलाई निरन्तरता दिदैं मिति २०६५।११।६ मा यस प्रशासकीय अदालतको निरीक्षण गरियो । निरीक्षणका क्रममा प्रशासकीय अदालतका अध्यक्ष, सदस्य, अधिकृत तथा अन्य कर्मचारीहरूसंग छलफल गरियो । छलफलका क्रममा अदालतको कार्यबोझ कार्य फछ्र्योटको स्थिति, जनशक्ति लगायतका विषयमा छलफल भयो । निरीक्षणको क्रममा यस अदालतबाट भएका केही आदेश तथा फैसलाहरू अध्ययन गरियो । फैसला र आदेशमा पुनरावेदकले उठाएका महत्वपूर्ण कानूनी प्रश्नहरुको समूचित विश्लेषण गर्नूका साथै प्रशासकीय कानुनका महन्तपूर्ण सिद्धान्तहरूको समेत विवेचना गरेको पाइयो । यसबाट आफ्ना काम कारवाहीमा कानूनको शासनको मान्य सिद्धान्तहरूलाई अवलम्वन गर्न विभिन्न अधिकारीलाई समेत आवश्यक मार्ग निर्देशन भएको देखियो ।

मुद्दाको कामकारवाहीमा कुनै समस्या देखिएन । अदालतको समग्र कामकारवाही राम्रो छ । अदालतको आफनो भवनको स्थायीत्वको लागि नेपाल सरकारसंग आवश्यक पहल गर्नुहोला । अन्त्यमा निरीक्षण कार्यलाई सघाउ पुऱ्याउनु हुने यस अदालतका अध्यक्ष श्री काशीराज दाहाल सदस्य श्री चित्रदेव जोशी लगायत अधिकृतस्तर र अन्य कर्मचारीलाई धन्यवाद दिन चाहान्छु । धन्यवाद ।

मिति २०६५।११।६

अनूपराज शर्मा
न्यायाधीश
सर्वोच्च अदालत

१. **“संविधान निर्माण र न्यायिक सुधार”** विषयक राष्ट्रिय सम्मेलन

मुलुक संविधान निर्माण प्रक्रियामा रहेको र लोकतान्त्रिक संविधानको निर्माणद्वारा दीगो शान्ति कायम गर्ने राष्ट्रिय अठोट व्यक्त भएको सन्दर्भमा संविधान निर्माणमा सहयोग पुऱ्याउने अभिप्रायले प्रशासकीय अदालतले मिति २०६५।८।१३ र १४ गते **“संविधान निर्माण र न्यायिक सुधार”** विषयक राष्ट्रिय सम्मेलनको आयोजना गरी सो सम्मेलनको निष्कर्ष प्रतिवेदन प्रकाशन गरी संविधान सभा समक्ष प्रस्तुत गऱ्यो । सो सम्मलेनको समुद्घाटन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल “प्रचण्ड” ले गर्नुभएको र कार्यक्रमको सभापतित्व सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीबाट भएको थियो । त्यसैगरी समेलनमा कानूनमन्त्री देवप्रसाद गुरूङ्गले मन्तव्य दिनु भएकोमा सो सम्मेलनमा सर्वोच्च अदालतका बरिष्ठतम् न्यायाधीश श्री मीनबहादुर रायमाझी, प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहाल, नेपाल सरकारका सचिव (हालका मुख्य सचिव माधव घिमिरे र संविधाज विद् डा. सूर्य ढुङ्गेलले कार्यपत्र प्रस्तुत गर्नभएको थियो । सो कार्यक्रममा माननीय सभासदहरु, माननीय न्यायाधीशज्यूहरू, नेपाल सरकारका मुख्य सचिव। सचिवहरु, कानूनविद लगायत र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

२.

३. **प्रशासकीय न्याय र विभागीय कारवाही विषयक अन्तरक्रिया कार्यक्रम**

निजामती सेवाका पदमा कार्यरत कर्मचारीहरुलाई विभागीय कारवाही र सजाय गर्दा ऐन, नियम तथा न्याय कानून्का सर्वमान्य सिद्धान्तमा आधारित नहुँदा कतिपय निर्णयहरु प्रक्रियागत त्रुटिबाट समेत बदर भइरहेको तथ्यलाई मनन् गरी त्यस्ता त्रुटिलाई समयमा नै सच्याई कानून् सम्मत किसिमले निर्णय गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रशासकिइ अदालतबाट २०६५ पुष ७ गते नेपाल सरकार विभागीय प्रमुखहरु समेतको सहभागितामा “ प्रशासकिइ न्याय र विभागीय कारवाही” विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम

आयोजना गरिइो । सामान्य प्रशासन मन्त्रालयको सहयोगमा आयोजित सो कार्यक्रममा तत्कालीन सामान्य प्रशासन मन्त्री पम्फा भूसाल, सामान्य प्रशासन सचिव श्री बालाननन्द पौडेलले मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्राको अध्यक्षता तत्कालीन महान्यायाधिवक्ता श्र्री राघवलाल बैद्यले गनूभएको थियो । सोक कार्यक्रममा प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालले **प्रशासकीय न्याय र विभागीय कारवाही** विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको अन्तमा सहभागिहरुद्वारा प्रशासकीय न्यायका आधारभूत मान्यताहरु र प्रशासकीय अदालतका निर्णय र निर्देशनको पालना गर्ने सम्बन्धमा सामूहिक प्रतिवद्धता समेत व्यक्त गरियो । सो कार्यक्रममा सहभागिहरुलाई प्रशासकीय अदालतद्वारा प्रकाशित प्रशासकीय अदालतका फैसलाहरु समावेश गरिएका फैसला बिशेषाङ्क लगायतका अन्य सामग्रीहरु पनि उपलव्ध गराइएको थियो ।

## ४. **“प्रशासकीय न्याय र अर्धन्यायिक निकायका न्याय सम्पादन”** विषयक अन्तरक्रिया कार्यक्रम

प्रशासकीय निकाय र त्यस्ता निकायका पदाधिकारीहरुले गर्ने न्याय सम्पादनमा प्रशासकीय कानून र न्याका मान्य सिद्धान्त बमोजिम गर्न गराउन सहयोग पुगोस् भभन्ने उघेश्यले प्रशासकीय अदालतद्वारा २०६६।२।१।६ मा क्षेत्रीय प्रशासक, सम्बन्धित सरकारी कार्यालय प्रमुखहरु, न्यायसम्पादनसंग सम्बन्धित व्यक्तिहरूको सहभागितामा  पोखरामा **“प्रशासकीय न्याय र अर्धन्यायिक निकायको न्याय सम्पादन”** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । सो कार्यक्रममा प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहाल, पुनरावेदन अदालत पोखराका माननीय मुख्य न्यायाधीश ज्ञानेन्द्रबहादुर कार्की, सामान्य प्रशासन मन्त्रालयका सचिव बालानन्द पौडेलले विषयबस्तु र कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको अन्तमा प्रशासकीय अदालतबाट जारी भएको निर्देशनहरुको पालना गरी न्याय सम्पादन गर्ने प्रतिवद्धता सहभागीहरुबाट व्यक्त गरियो । यसैगरी प्रशासकीय अदालतबाट २०६६।३।२५ मा दोलखामा सरकारी कार्यालय प्रमुखहरूको सहभागितामा **“प्रशासकीय निकायको न्याय सम्पादन”** विषयक एक दिवसीय अन्तरक्रिया आयोजना गरिएको थियो ।